CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

पुस्तकालय वाल्मीकि

रुरु सन्देश

२८



प्रकाशक

स्व. वि. यू.

महेन्द्र संस्कृत विश्वविद्यालय

रुरु संस्कृत विद्यापीठ (क्याम्पस)

रिडी गुल्मी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"गुण स्तरीय शिक्षा र रोजगार, विद्यार्थीहरुको मौलिक अधिकार"

रुरु सन्देश

२०५५ सालं शुभ विजयादशमी साथै सुखद दिपावलीको मंगलमय शुभकामना

संरक्षक

प्राचार्य श्री श्रीराम सापकोटा
रुरु संस्कृत विद्यापीठ रिडी गुल्मी

विशेष सल्लाहकार

उप प्रा. मुरलीमोहन वास्तोला
उप प्रा. दुर्गा प्र. घिमिरे
उप प्रा. ललित कान्त झा
उप प्रा. गणेश पाण्डेय 'वल्कल'

प्रधान सम्पादक

शालिकराम पाण्डेय स्ववियु सभापति

सम्पादक मण्डल

ध्रुव प्र. शर्मा ठाकुर प्र. नेपाल
कृष्ण राज ज्ञवाली शान्ती रेग्मी मुक्ति प्र.
ज्ञवाली मोतिलाल धर्ती मगर

विशेष सहयोगी

तुल्सीराम घिमिरे निरला शर्मा
त्रिभुवन रेग्मी

प्रथम संस्करण २०५५
प्रति -२००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम संस्करण : २०५५
प्रकाशन प्रति : २००

स्वतन्त्र विद्यार्थी यूनियन
रुरु संस्कृत विद्यापीठ (क्याम्पस)
रिडी, गुल्मी
फोन.नं.:०७९-२९४४०

मुद्रणः
हाइटेक अफसेट प्रकाशन (प्रा.) लि.
महेन्द्रपार्क, बुटवल-८, फोन.नं. ४३५४५, ४०९७९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ कामना

स्वतन्त्र विद्यार्थी यूनियन, रूरू संस्कृत विद्यापीठ रिडी गुल्मीले मुखपत्रको रुपमा "रूरू-सन्देश" नामक पत्रिका प्रकाशनको शुभारम्भ गर्न गैरहेको सुन्दा खुशी लाग्यो ।

उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरुवाट आफूभित्र रहेका भाव-प्रतिभालाई पत्रिकाकोमाध्मवाट जनसमक्ष प्रस्तुत गर्न थालेको प्रयास प्रशंसनिय छ ।

साहित्य, कला र संस्कृति आदि क्षेत्रमा समसायिमक लेख-रचनाहरु समाविष्ट गरी प्रकाशित हुन लागेको यस पत्रिकाको उदयले साहित्यीक प्रधानको समुत्थानमा श्रीबृद्धि गर्नुका साथै समाजलाइ नयाआलोक प्रदान गर्न सफल हुनेछ भन्ने मेरो शुभकामना छ ।

अन्त्यमा प्रकाश्यमान पत्रिकाका लागि लेख रचनाहरु उपलब्ध गराइ सहयोग गर्नुहुने लेखकहरुका साथै पत्रिका प्रकाशनमा सहयोग पुर्‍याउनु हुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

माधवराज गौतम
उप कुलपति
महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ कामना

रूरू संस्कृत विद्यापिठको स्वतन्त्र विद्यार्थी यूनियनले मुखपत्रका रुपमा“रूरू सन्देश” नामक साहित्यिक पत्रिका प्रकाशन गर्न लागेको थाहा पाउदा ज्यादै खुशी भएको छु। उच्च शिक्षा हासिल गर्ने उदेश्यले विद्यापीठमा प्रविष्ट भई अध्ययनमा संलग्न छात्रछात्राहरुको स्वशास्त्रीय ज्ञानका साथै अतिरिक्त रचनात्मक, सिर्जनात्मक वौद्धिक विकासका लागि उपयुक्त वातावरण सिर्जना गरिदिने स्व.वि.यू. को कार्य अत्यन्त सह्राहनीय छ। रूरू सन्देशले उदीयमान प्रतिभाहरुको विकास र स्तरीयताको अभिब्यक्तिमा प्रेरक भइ आफ्नो गुणवतालाई समेत स्थापित गर्न सक्नु पर्छ। प्रकाशन प्रारम्भको प्रथम अंक देखि नै सिर्जनशील प्रवाहका रुपमा निरन्तर अघि वढोस भनी पत्रिकाको पूर्ण सफलताका निम्ति हार्दिक शुभकामना प्रकट गर्दछु।

अन्तमा, पत्रिका प्रकाशनका निमित्त सहयोग गर्ने सबै महानुभावहरुप्रति हृदयत:धन्यवाद ज्ञापन गर्दछु।

प्रा.डा.वावुराम शर्मा पोखेल
शिक्षाध्यक्ष
महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ कामना

स्वतन्त्र विद्यार्थी यूनियन रूरू संस्कृत विद्यापीठ रिडी गुल्मीवाट "रूरू सन्देश" पत्रिका प्रकाशित हुन लागेको सुन्दा म अत्यन्त हर्षित छु।

रूरू क्षेत्रका प्राच्य एवं आधुनिक विधाका विविध पक्षका लेख रचना समावेश गरी रूरु विद्यापीठ स्व.वि.यू. द्वारा प्रकाश्यमान"रूरू सन्देश" पत्रिका जनमानसमा नयाँ जागरण ल्याउन सफल हुनेछ भन्ने हार्दिक शुभकामना ब्यक्त गर्दछु। पत्रिकालाई आ-आफ्ना अमूल्य रचनाहरु उपलब्ध गराई सहयोग गर्नुहुने महानुभावहरुप्रति पनि हार्दिक धन्यवाद ब्यक्त गर्दछु।

डा. भोजराज पन्त
कुलसचिव
महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ कामना

साहित्यको प्रकाशनै सर्वोत्तम प्रकाश हो र जाहा प्रतिभा पूर्णचन्द्र झै उज्वल र शीत वनी प्राप्ति हुन्छ । वैदिक कालदेखि आज सम्म संसार उद्यानमा ग्रन्थपुष्पले विद्यारङ्गला आत्मसात गरी ज्ञान सौरभ प्रदान गरिरहेता पनि यसको अन्त छैन । अत: यस प्रकार प्रतीभा पुष्पलाइ "रूरू सन्देश" मा रेखाङ्कन गरी प्रकाशन गर्न लागेकोमा स्वतन्त्र विद्या यूनियन रूरू संस्कृत विद्यापीठ रिडी गुल्मी प्रतीअपार हर्ष व्यक्त गर्दछु । यस विद्यापीठ नवोदित प्रतिभा लाइ पल्लवित र पुष्पित गरौं र गराऔं भन्ने सतसंकल्प लिएर राखे शुभेच्छालाई सबैको सामूहिक प्रयासवाट मात्र मूर्तरुप दिन सकिन्छ । यस क्षेत्रको प्रथम पु भएकोले प्रत्यक्ष र अप्रत्क्ष रुपले जुन सदभावना र ममता प्राप्त भएको छ । त्यस अनुरुप य "रूरू सन्देश" स्व.वि.यू. मुख पत्रले शंखघोष गरी क्षेत्रगत सांस्कृतिक धार्मिक, साहित्यि भाषिक विविधतालाई धन्काउने छ । जसको स्वर आदि विशेष्ता पश्चिमाञ्चल क्षेत्रमा मा समिति नरही सवैतिर गतिलिई निरन्तरता साथ अघि वढ्ने छ भन्ने शुभेच्छा हुदयत: व्य गर्दछु । यस क्षेत्रका प्राज्ञ साहित्यको र लेखक नवोदित प्रतिभा र शिक्षा प्रेमीको सा सम्पतिलाई मात्र अन्तस्तलमा नराखी प्रकाशन गर्न जुन लेखनीलाई सक्रिय गराई स्व कागजमा प्रतिभालाई कोरिदिनु भयो भने यो अत्यन्त ठूलो सहयोग हो र यस प्रकारको पून कार्यमा प्रेरणा दिई हौसला प्रदान गर्नु हुने महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति श्रीमा माधवराज गौतमज्यू प्रति रूरू संस्कृत विद्यापीठ को प्राचार्यको तर्फवाट र समस्त विद्यापी परिवारका तर्फवाट हृदयत: वारम्वार आभार व्यक्त गर्दछु ।

नेपालको पश्चिम भागमा अवस्थित यो क्षेत्र धार्मिक दृष्टिले रूरू क्षेत्रको रुपमा परिचि छ । प्रकाशन को दृष्टिले कुनै सुविधा नभएपनि धामिर्क दृष्टिले प्राकृतिक दृष्टिले पूर्णता छाए छ । जहाँ पतित पावनीकाली गण्डाकीले पर्वत श्रृंखला र गिरिहरलाई भेदन गरी भगव ऋषिकेशको सान्निध्यापाएर अहङ्कार रुप पाप प्रक्षालन गर्न सशक्त बनेकी छन् । निर्मल शा गंगाको प्रवाह झै भएको यस विद्यापीठका प्रतिभा प्रकाशन गर्नमा स्व.वि.यू. लाई आत्म प्राप्त भई यसले निरन्तरताछाई विशाल बृक्ष झै शीलत छहारी र मीठा फल सवैमा सधै प्रद गरोस् जुन फल आस्वादनमा रसिक पाठकहरुले स्वस्थ ध्यान दिनेछन् भन्ने यही आ राख्दछु ।

जयतु संस्कृतम् ।

श्रीराम सापकोटा
प्राचार्य
रूरू संस्कृत विद्यापिठ
रिडी, गुल्मी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ कामना

स्वतन्त्र विद्यार्थी यूनियन रूरू संस्कृत विद्यापीठ रिडी गुल्मी ले "रूरू सन्देश" नामक साहित्यिक पत्रिका पहिलो पटक प्रकाशन गर्न लागेको थाहा पाउदा मलाई अपार आनन्दको अनुभूति भै रहेको छ। महेन्द्र संस्कृत विश्व विद्यालयका विद्यापीठ मध्य भौगोलिक दृष्टिले सवभन्दा विकट ठाउँमा रहेको यस विद्यापीठमा प्रविष्ट भएका प्रतिभाहरु न वैलाउन भनेर हामीले विगत केही वर्षहरु देखि यहाँ साहित्यिक संस्थाको ज्वलन्त आवश्यकता महसुस गरेका हौं। संयोगवश त्यति खेर महेन्द्र संस्कृत विश्वविद्यालयले पश्चिमाञ्चल क्षेत्रको प्रतिनिधिको रुपमा जहाँ शास्त्रानुसन्धान परिषद गठन गरी सो मार्फत मर्यादा पत्रिका प्रकासन गरायो र विद्यापीठ ले समेत वार्षिक मुखपत्रभनी "रूरू प्रभा" प्रकाशित गऱ्यो। यी दुइवटा पत्रिकाको प्रकाशनले सो खांचोलाई ओझेलमा पारिदियो। तर दुर्भाग्यवश त्यस पछिका दुईवर्षमा यहाँवाट कुनै पनि पत्रिका प्रकाशित हुन सकेन। त्यसैले यहाँ निरन्तर क्रियाशील रहन सक्ने यौटा साहित्यिक संस्थाको अत्यन्तै खांचो देखिएको छ।

प्रकाशनको दृष्टिले कुनै पनि सुविधा न रहेको यस्तो

ठाउँमा पत्रिका प्रकाशन गर्ने कार्य अत्यन्त जटिल कार्य हो, तै पनि स्तवन्त विद्यार्थी यूनियन रुरु संस्कृत विद्यापीठ रिडी गुल्मीका कर्मठ, जुझारु, र रचनात्मक दृढ अठोट लिएका नया जोश जांगर र प्रतिभाशाली विद्यार्थी भाइ वहिनीले यति ठूलो कार्य गर्ने साहस देखाउनु भएको छ। यस पत्रिका कार्यको निम्ति उहाँहरु र प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सज्जनप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै पत्रिकाले आगामी वर्षहरुमा पनि निरन्तरता पाउन सकोस् तथा विभिन्न दृष्टिवाट यसको उत्तरोत्तर प्रगति हुदै जाओस् भन्ने हर्दिक शुभेक्षा व्यक्त गर्दछु।

गणेश पाण्डेय 'वल्कल'

सभापति

नेपाल प्राध्यापक संघ एकाई समिति

रुरु संस्कृत विद्यापीठ रिडी, गुल्मी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ कामना

गुल्मी ,पालपा र स्याङ्गजाको संगमस्थल चतुर्बाहु भगवान ऋषिकेश देवदत्त ऋषि र रुरु कन्याको तपोभूमि रुरु क्षेत्र र पतित पावनी श्रीकृष्ण गण्डकीको तँटमा अवस्थित रुरु संस्कृत विद्यापीठ स्वतन्त्र विद्यार्थी यूनियन रिडी गुल्मीद्वारा प्रथम अंकको रुपमा रुरु सन्देश पत्रिका प्रकाशित हुन लागेकोमा ज्यादै खुशी लागेको छ ।

यस अंकले सवैवर्ग र क्षेत्रको प्रतिनिधित्व गर्दै वर्तमान समयानुकुल विविध विद्या र सांस्कृतिक पक्षहरुले खोजगरी यस रुरु सन्देश पत्रिकाले भविष्यमा पूर्व मेची देखि पश्चिम महाकालीसम्म आफ्नो प्रकाश फैलाउन सकोस् यही मेरो शुभकामना छ ।

मोहनी लाल नेपाल
अध्यक्ष
रुरु संस्कृत विद्यापीठ
कर्मचारी संघ इकाई समिति रिडी
गुल्मी तथा केन्द्रीय सदस्य म.स.वि. कर्मचारी संघ केन्द्रीय समिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय



साहित्यिक हाम्रो सम्पत्ति हो । साहित्यले समाजमा रहेका प्रतिभाहरुलाई छर्लङ्ग देखाउने काम गर्दछ, यहि साहित्यिक विद्यालाई अगाडी वढाउने अभिप्रायले २०५५ सालको शुभ विजया दशमी तथा सुखद दीपावलीको अवसर पारेर रूरू संस्कृत विद्यापीठ स्वतन्त्र विद्यार्थी यूनियनले आफ्नो रूरू सन्देश नामक वर्षिक मुखपत्रको प्रथम अङ्क प्रकाशन गर्न पाउँदा पाठक समक्ष हर्षको जानकारी गराउँदछौं ।

यस निश्चल पवित्र कार्यमा त्रुटि नहोउन् भन्ने दृढ संङ्कल्प गर्दा गर्दै पनि हुन सक्छन् त्यसमा समाजका उत्कृष्ट प्राज्ञ वाट हामी सदैव सुझावको अपेक्षा गर्दछौं र आगामी अङ्कमा प्राज्ञका अमूल्य सुझाव अनुरुप सुधार हुने वाचा गर्दछौं ।

रूरू सन्देशलाई पूर्ण साहित्यिक र अध्यनसमाग्रीको रुपमा रोचक वनाउन आफ्ना लेख रचना कविता आदि लेखी पठाउनु हुने लेखक महानुभावहरुलाई हामी धन्यवाद नदिइ रहन सक्दैनौं ।

अन्त्यमा यस पवित्र कार्यमा सहयोग गर्ने हाम्रा गुरुहरु प्राचार्य ज्यू विशेष सल्लाहकारमा रही कैयौं सहयोग गर्ने गुरु ज्यूहरु प्रति पनि हामी कृतज्ञता ज्ञापन गर्दछौं । यस रुरु संन्देश प्रत्रिकाको प्रकाशनार्थ सहयोग प्रदान गर्ने महेन्द्र संस्कृत विश्व विद्यालयप्रति पनि हाम्रो कृतज्ञता रहिरहेको छ ।

जय नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुरु संस्कृत विद्यापीठ स्व.वि.यू. कार्यकारीणी

२०५३-२०

श्री शालिकराम पाण्डेय
सभापति

श्री ध्रुर्व प्र. शर्मा 'सागर'
उप-सभापति

श्री ठाकुर प्र.नेपाल'समभ्कदार'
सचिव

श्री कृष्ण राज ज्ञवाली
सहायक सचिव

श्रीमती शान्ती रेग्मी
कोषाध्यक्ष

मोतिलाल धर्तीमगर
सदस्य

मुक्तिराम ज्ञवाली
सदस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय–सूची

सि.नं.	रचना, शिर्षक	रचनाकार	विद्या
१.	आउ तिमी रुरु सन्देश	कमल राज ढकाल शा. प्रथम वर्ष	कविता
२.	आजको मान्छे	पुष्प प्रकाश ज्ञवाली	लेख
३.	रिडीको एक झलक	मान वहादुर सुर्य वंशी, रुरु संस्कृत विद्यापीठ रिडी गुल्मी	लेख
४.	संस्कृत भाष र यसको महत्व	शालिकराम पाण्डेय, सभापति स्ववियू	लेख
५.	देशलाई असर पर्ने मुद्रा स्फिति	ललित कान्त झा.उप.प्रा.रुरु संस्कृति पिठ रिडी	लेख
६.	नेपाली भाषमा ह्रास्व दीर्घविद्यान	नवसराज पाण्डेय चातक उप.प्र.रुरु सं.वि.रिडी	लेख
७.	शारदालाई चिठ्ठी	तुल्सीराम घिमिरे उ.म.द्वितीय वर्ष	चिठ्ठी
८.	मलाइ नरोज	लक्ष्मी भट्टराई उ.म. प्रथम वर्ष	मुक्तक
९.	केलादी घाटको यात्रा संस्करण	दुर्गा प्रसाद घिमिरे उप.प्रा.रुरु .सं.वि.रिडी	लेख
१०.	शरद ऋतु नारायण	प्रसाद भण्डारी शा. तृतीय	कविता
११.	हाम्रो नारी समाज	कृष्ण राज ज्ञवाली शा. तृतीय	लेख
१२.	जन्मस्थान र छोरी	गंगा ज्ञवाली शा. प्रथम	कविता
१३.	वृक्ष	मिरा ज्ञवाली शा प्रथम	कविता
१४.	शान्तीको फूलवारी	निरला शर्मा शा. द्वितीय	कविता
१५.	मलाइ नसोध	दिलु थापा उ.म. प्रथम	मुक्तक
१६.	विजय हाम्रो नै हुनेछ	गोपी प्रसाद भण्डारी उ.म. प्रथम	कविता
१७.	रुरु क्याम्पस	लक्ष्मी पन्थी शा. प्रथम	गीत
१८.	अव वांकी के रहन्छ	मञ्जु ज्ञवाली उ.म. द्वितीय	कविता
१९.	विद्युत शक्तिको विकास र नेपालमा त्यसको विकास	खगेश्वर गौतम शा. प्रथम	लेख
२०.	शहिदहरुमा पञ्यार्पण	नारायण प्रसाद रेग्मी शा. तृतीय	कविता
२१.	संस्कृत साहित्यीक अलङ्कारको महत्व	गणेश पाण्डेय वल्कल उप प्रा. रुरु सं.वि.रिडी	लेख
२२.	म के गरौं	त्रिभुवन रेग्मी शा. तृतीय	लेख
२३.	जनजातीमा संस्कृत	खिम कुमारी चौतारे शा .द्वितीय	लेख
२४.	साथीको संझना	शान्ती रेग्मी उ.म.द्वितीय	लेख
२५.	आशा	खगेश्वर गौतम शा. प्रथम	मुक्तक
२६.	सन्तानको माया	रेखा घिमिरे रुरु संस्कृत क्याम्पस रिडी,	कथा
२७.	लेखर पठाउन आँट नगरिएका चिठ्ठीहरु	विष्णु प्रसाद भण्डारी, उ.म. द्वितीय	चिठ्ठी
२८.	चोट	छविलाल न्यौपाने शा तृतीय	लेख
२९.	घृणा प्रेम र आत्महत्वा	मोतीलाल घर्ति. मगर	लेख
३०.	स्वावियू गतिविधि	ठाकुर प्रसाद नेपाल सचिव स्ववियू	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'आउ तिमी रुरु सन्देश'

कमल ढकाल "विवेक"
शास्त्री प्रथम

आउ तिमी रुरु सन्देश रिडीको महत्व वोकेर
रुरुलाइ परिचित वनाउन उपहार लिएर ॥
कालीगण्डकीको किनारमा निश्चल स्वच्छ रही
ऋषिकेशव प्रसिद्ध छन विभिन्न मन्दिर सहित ॥
वारी रुरु क्याम्पस लुम्बिनी त पारी गण्डकी स्याङ्गजा
संझदा लाग्छ यो त स्वर्ग हो झैं मजा ॥
तपस्या गरी वसेका मृगु ऋषि जहां
भृगुतुङ्गेश्वर नामले प्रसिद्ध छ अहिले त्यहां ॥
स्याङ्गजा जिल्लाको पिछडिएको चण्डिभञ्ज्याङ्ग गाउ
भृगुतुङ्गेश्वर मन्दिरले चलाउदै छ नाउ ॥
विहानीको सूर्य संग पहेलो दृश्य घमाइलो
हरियाली जतातते देखिन्छ अर्गली रमाइलो ॥
पाल्पा , स्याङ्गजा गुल्मीको पर्ने रुरु दोभान
मनमोहक दृश्यले लोभ्याउँछ हाम्रो यो मन ॥
देश विकाशमा लागेका ती रुरु वासी दाजु-भाइ
आउ तिमी रुरु सन्देश जगाउँदै सवैलाई ॥

धन्यवाद

कारिकोट च.भ.९ हरिया
स्याङ्गजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आजको मान्छे

पुष्प प्रकाश ज्ञवाली
शास्त्री तृतीय वर्ष

मांसाहार गर्नु पाप हो । सम्पूर्ण प्राणीहरुका स्वरुपमा विभिन्नता देखिए तपनि आत्मद्वारा समान नै हुन्छन् । भौतिक पदार्थको साथसाथै आत्मा पनि अभिन्न भई एकाकार देखिने वस्तु सजिव ठहर्छ भने आत्मा अलग हुनासाथ शक्तिहिन एवं क्रियारहित भौतिक पिण्ड निर्जीव हुन पुग्दछ । आफ्नो शरीरलाई सानो चोट पर्दा कति दु:ख सहनुपर्ने हुन्छ त्यति नै समान दु:खदायी अवस्था अरुप्रतिको प्रहार वन्दछ भन्ने आत्मवोध भएकाहरुको लागि मांसाहार त परै जाओस् हत्या एवं हिंसा जस्ता शब्द श्रवण समेत कष्टसाध्य हुनु स्वाविक छ, किनकी विना हत्या मांसाहार सम्भव छैन ।

कतिपय बुज्रुकहरु आफू हिंसा गर्न डराउँछन् अथवा काटमार गर्दै गर्दैनन् तर मांसाहारको निमित्त भने सर्वाधिक अग्रसर देखिन्छन् । मांस भक्षणको पक्षपोषण गर्दै हत्या आफूवाट नभएकोमा त्यसको प्रदोष पनि आफूलाई लाग्दैन भन्ने ठान्दछन् । साँच्चिकै बुद्धिजीवी त तिनीहरुलाई नै मान्नुपर्छ । कति आनन्द, अहा लठ्ठी पनि नभाचिने सर्प पनि मर्ने । यो भन्दा उत्कृष्ट उपाय नै अन्य के होला ?

सवैको एकैमत भए त समानता भइहाल्यो । असमानतको विरुद्ध लड्नै नपर्ने तर समाज त्यस्तो एकै किसिमको कहाँ छ र ? पुन: अर्काथरी मानिसहरु पनि छन् जसले आफ्नो विचारलाई महत्वका साथ अग्रस्थान गर्दछन् । उनीहरु भन्छन् - म हत्या गर्न वाध्य छु किन भने पितापुखदिखिनै चलिआएको वगरे पेशा अथवा म वली चढ्ने कोटको पुजारी आदि । यसरी हत्यामा मेरो संलग्नता रहे तापनि मांसाहार भने गर्दिन । त्यसकारण यो हत्या दोष मलाई लाग्दैन र जसले मांसभक्षण गर्छ उसैलाई नै लाग्छ । यिनीहरुको नाम पनि मूल्यांकन तालिकामा दर्ता गर्नै पर्ने हुन्छ । किन भने यिनीहरुले आफ्नो लागि मात्र हत्या गरेका त होइनन् तथा मांसाहारि मानव एवं वलीप्रथाको कारण मांसाहार नगर्ने मानिस समेत हत्यामा संलग्न हुनु परिरहेको छ ।

जसले जिव हत्या मांसाहार दुवै गर्छन उनीहरुकोत कुरै के गरौं ? उनीहरु त साहसी नै ठहरिन्छन । अझ व्राम्हण पुत्र भएर पनि यी दुवै काममा निपुणता देखाउन सक्षम भएको छ भने त के के न गरे भन्ने सम्झिएको हुन्छ । उसको दृष्टीमा पतनको गहिराई पनि वहादुरीको सगरमाथा झैं चुलिन्छ ।

आफ्नो विचार नै सर्वोत्कृष्ट ठहर हुने अभिव्यक्ति प्रकट गर्दै आफ्नो अस्तित्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संरक्षण गर्न अर्को मानिसको समूह देखा पर्दछ । उसको नजरमा मांसभक्षण एवं हत्या दुवैको अन्योन्याश्रित सम्वन्ध रहेको छ । त्यसैले यी दुवै कर्म गर्नु अथवा कुनै एक कर्म गर्नुमा मात्रात्मक अन्तर हुन सक्ला तर गुणात्मक अन्तर भने पटक्कै हुदैन । आत्म परात्म एउटै हो । आफ्नो मासु आफै खानु, मान्छेले मान्छेकै मासु खान एवं मान्छेले अन्यप्राणीको मासु खानुमा फरक नै के छ र ? अरुको मासु खानेले आफ्नै शरीरको मासु शल्यक्रियाद्वारा झिकेर खाने गरे पनि त भयो । मासु न हो शरीरमा पलाइहाल्छ । हिजोआज विज्ञानको चमत्कार छदैछ । शल्यक्रिया गरेको स्थान परिपूर्ति गर्न पनि विना कठिनाई नै सम्भव भइहाल्छ नि । यस किसिमको तर्कोत्कर्षताको पनि सुमचित मूल्यांकन गर्नैपर्ने हुन्छ ।

मानवजाति एवं गैरमानव जातिमा हुने भिन्नता भनेको बुद्धि विवेक नै होभन्ने गरिन्छ । मानिसले आफूलाई विद्या बुद्धि सम्पत्ति आदिद्वारा सम्पन्न एवं वैभवशाली महसुस गर्दै आत्मप्रशंसामा तल्लीन भई अन्य प्राणीहरु ती गुणहरुवाट विमुख भएको दावी गर्दछ । यो नै आजको मान्छेको नालायकिपन एवं अभिमान प्रदर्शन को घोतक हो । यही कारण मानव जीवन दिनानुदिन दुखमय वन्दै गइरहेको छ । अरुको गुणको कदर गर्न जानेको भए शायद मान्छे दु:खमुक्त हुन्थ्यो होला । सांच्चै भन्ने हो भने विद्या, बुद्धि, धन आदिद्वारा सभ्य एवं वैभवशाली त अन्य प्राणीहरुलाई नै मान्नु पर्छ । मान्छेले त केवल देखासिकी गरेको नक्कल मात्र हो । मानिसले केही पनि जानेको छैन । मौलिकता भन्ने कुन चराको नाम हो मानिसलाई थाहै छैन । मानिसको सभ्यतावाट मानिस नै अनभिज्ञ छ । चरो उडेको देखेर मानिसले हवाइ जहाज त बनायो तर पनि चराको गुण लिन सकेन । हेर्नुहोस चरा चराको विचमा कहिल्यै दुर्घटना हुदैन । उनीहरु ज्यादै सचेत छन् गिद्ध, कौवा र ढुकुर आफ्नै हिसावले उड्ने र वस्ने गर्दछन् । त्यस्तै जुरेला, फिस्टा, तित्रा, सारी, सुगा आदि पनि आ-आफ्नै हिसावले मुक्तकाशमा विचरण गर्ने र धर्ती वृक्षमा अवतरण गर्ने गर्दछन् । कसैले कसैको मार्ग अवरुद्ध गर्दैनन् । त्यस्तै कसैले कसैको हस्तक्षेप पनि गर्दैनन् । सवैको आ-आफ्नो परम्परा र रीतिरिवाज छ । उ आफू न अरुको परम्परासित लोभिन्छ न त अरुलाई आफ्नो परम्परामा लोभ्याउँछ । वांदर फुङ्गालेको देखेर चरालाइ फुङ्ग्गाल्ने आवश्यकताको अनुभूति हुदैन भने चरो उडेको देखेर स्याललाई पनि उडने रहर जाग्दैन । त्यस्तै वाघले मांसहार गर्‍यो भन्दैमा खरायोलाई पनि मांसास्वादको इच्छा लाग्दैन । तेरो र मेरोको सीमावन्धन छदैछैन । एउटाको आवासमाथि अर्कोद्वारा आक्रमण पनि हुदैन भने आफू एकपटक वसेको स्थान हो भन्दैमा सदाकोलागि आधिपत्य पनि जमाइदैन । सहज एवं सरल रुपमा ग्रहण एवं त्याग चलिरहेछ । उनीहरुमा न झगडा छ न त न्यायालयको आवश्यकता । मानिसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चराको नक्कल त सिक्यो तर अक्कल सिकेन । त्यसैले जहाज उडे पनि दुर्घटनावाट वच्च सकेन । वाटो निश्चित गरेर पनि हिसाव मिलाउन सकेनन् त झगडा नैं·साम्य भयो । सतह भेटायो, गहिराइ पत्ता लगाउन सकेन ।

माछा पौडेको देखेर पानीजहाज पनि वनायो तरभयो पुरानै किस्सा । सक्षमतापूर्वक दक्षता आर्जन गर्न मासिनले सकेन । जो गर्न सकिरहेको छ त्यो केवल इर्ष्या तथा द्वेषद्वारा गरिरहेको छ । त्यसैले मानिसमा न विद्वता छ न बुद्धि ।

समयको खुव ख्याल राखेर काम गर्नका लागि मान्छेले घडीको आविस्कार गऱ्यो तर पनि समयानुसार काम गर्न सकेन । कहिले उसको घडीले नै धोखा दिन्छ भने कहिले घडीले समय त वताई नै रहेको हुन्छ तर मान्छे आफै जाग्दैन । सुप्तावस्थामा घडीले समयको संकेत गरेर के गर्नु जव कि मान्छेका आँखा नै खुलेका हुदैनन् । जाग्दा त छ्याङ्ग भई सुर्योदय भएको समेत केही समय वितिसकेको, यसो घडी हेऱ्यो आठ वजिसकेछ । पांच वजे नै उठ्ने भनेको मानिस शुरुमै तीन घण्टा विलम्वको सामना गर्नु पऱ्यो ।

कुखुराको भाले सूर्योदयपूर्व नै जागेर ध्वनि प्रसारणद्वारा सवैलाई सुप्रभातको सन्देश प्रदान समेत गर्दछ । मान्छेमा अनियमितता देखिइरहन्छ तर मान्छे वाहेक अन्य सवै प्राणीहरु नियमित हुन्छन् । कुखुरो मात्र होइन कि अन्य सवै जसो प्राणीहरु (रातमा जागा रहने स्वभाव भएका वाहेक) प्रात: सूर्योदय पूर्व नै जागिसकेका हुन्छन् । उनीहरुलाई घडीको आवश्यकता नै छैन । अध्यारो धुमभित्र वन्द वाकसमा राखेको कुखुरो तथा परेवालाई समयको समुचित ज्ञान छ भने अन्यप्राणीहरु जो खुल्लम् खुल्ला परिभ्रमण गर्दै स्वनिर्मित निवासमा वास वस्छन् तिनीहरुलाई समयको ज्ञान नहुने भन्ने त कुरै छैन । प्रत्येक प्राणीहरुद्वारा मानिसका निम्ती एक न एक उपकार भएकै देखिन्छ । यति विध्न परोपकारी तथा नि:स्वार्थी प्राणीहरुको मान्छेद्वारा नै अनायासै हत्या हुन्छ । छि: कति कृतध्न जाति !

कमिलाको एकता एवं लगनशीलतालाई मान्छेले उछिन्न त के सक्ला, भेट्टाउन पनि सक्दैन । यसो देखासिकी गर्न खोज्यो, सानो कुरामा विवाद अनि त भरङ्ग निरन्तर ता नै गायव । प्रथमत: सत्यासत्य विवेकको अभाव छ । आफूले अपनाएको सम्पूर्ण सत्य अन्य पूर्ण असत्य । यो दम्भघडा यति वलियो छ कि जति ठक्कर दिंदा पनि नफुटने जति घोप्ट्याउँदा पनि थोपा नचुहिने । माहुरीको जस्तो परिश्रम त परोपदेशार्थ मात्र प्रयोग गरिन्छ । यदि त्यसो न हुदो होत शोषक र शोषित वर्गभेदको आवश्यता नै पर्ने थिएन ।

मान्छेमा जस्तो विषम एवं कृत्रिम विलास अन्य कुनै प्राणीहरुमा छदैछैन भनी ठोकुवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न सकिन्छ । प्रेम तथा स्नेहको यथार्थवोध एवं प्रयोगवाट मानिस चिप्लिएर यति नराम्रोसंग पछारिएको छ कि अव त उसको ढाड पनि उपचारशून्य भई भांचिएको छ ।

परेवा, ढुकुर लगायत अन्य प्राणीहरुवाट सिक्नु पर्ने प्रेम सिकेको भए यो दुर्दशा भोग्नु नै पर्ने थिएन । प्रकृति प्रेमवाट पनि दुष्परिणाम नि.कने भए उनीहरु पनि एड्सवाट प्रभावित हुने थिए । अझै मानिस विभिन्न विषय विशेषज्ञको उपाधि प्राप्त गरी गौरवान्वित हुन्छ ।

भर्सेला परोस् । स्वघोषित विशेषज्ञ रुपी गौरवताको । सवै प्राणीहरु आ आफ्नो विषयमा दक्ष एवं विज्ञ छन् । साँच्चिकै विशेषज्ञ त उनीहरु नै हुन । उनीहरु नै हुन विद्वान एवं वुद्धिमान पनि । मान्छे त सम्पूर्ण प्राणीहरुमा तुच्छ प्राणी हो ।

अव रह्यो मान्छे धनी एवं वैभावशाली तथा सभ्य प्राणी हो भन्ने प्रसंग । यो झन गलत कुरा हो किनभने विद्या एवं बुद्धिहीन प्राणी यस्तो हुनै सक्दैन । धन भएर पनि उपयोग गर्न नजान्नु अथवा धन नहुनुमा कुनै तात्विक भिन्नता देखिदैन । प्रकृतिले सवै प्राणीमाथि समानताको व्यवहार गरेको छ । सृष्टिका सम्पूर्ण प्राणीहरु वरावर धनी छन् । धाम, पानी, हावा, खाना, जन्म मृत्यु सबै समानतामा आधारित छन । कौवा वाठो हुदा विष्टा खान्छ पाडो लाटो हुंदा दुध खान्छ भने जस्तै मान्छे आफू वाठो वन्ने दुष्प्रयास गर्‍यो । एकाधिकारी वन्न खोज्दै सवैमाथि मानव साम्राज्यवाद लादेर धनी, सभ्य एवं वैभवशाली वन्न खोज्यो तर भइदियो विपरित । आफू त मासियो नै अरुलाई समेत मास्न प्रारम्भ गर्‍यो । अरुले लगाएको गुनको पौंचो तिर्न त टाढै रह्यो उल्टै उनैको विनाश गरी आफ्नो स्वार्थलिप्साको कुण्डमा पौडी खेल्दैछ ।

मान्छेले आफ्नो स्वार्थसाधनाको खातिर जंगल फडानी गरेर थुप्रै प्राणीहरुको स्वभाविक अधिकारको उल्लंघन गरिदिएको छ । दुषित धुवाजन्य साधन, सामरिक शस्त्रास्त्रको होडवाजी, अव्यवस्थित वा अप्राकृतिक जीवनशैलीद्वारा माटो, पानी हावा आदि सवै दूषित वनाइसक्यो । यी सवै काम मानिस धनी सभ्य एवं ऐश्वर्यशाली वन्ने गरेको हो तर भयो के ? आफ्नो भलो गर्नेको कुभलो गर्न थालेपछि आफ्नो भलो कसरी भइरहन्थ्यो र ? रक्षाकवच उतारेर संग्राममा प्रवेश गर्ने योद्धाको जिगीषा र आजको मान्छेको वैभववाञ्छा समान हो भन्दा अत्युक्ति नहोला ।

अन्य प्राणीहरु कति वैभावशाली कति आनन्दमय यदि मानिस नहुदो हो त यो सृष्टि अत्यधिक सुन्दर हुने थियो । कुनै कुराको अभाव भन्ने नै हुने थिएन । सवै प्राणीहरु आ आफ्नो परम्परामा मग्न हुन्थे । न हावा दूषित हुने भए न पानी, न माटो । पृथ्वीको हरियालीमा श्रीवृद्धि भई नै रहन्थ्यो । दुइखुट्टे प्राणीहरु त अरु पनि छन तर मासिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तो दुर्बुद्धि कसैको छैन । मानिस मानिसकै आकार प्रकारमा सृष्टि भएपनि अन्य प्राणीकै जस्तो विद्या, बुद्धि र कला भएदिएको भए पनि सृष्टिको सुन्दर संरचनामा फरक पर्नेथिएन । हाहाकार एवं खलवलको स्वाद चाखिराख्नु पर्ने पनि थिएन । यथार्थमा सत्यं, शिवं, सुन्दरम् फलीभूत हुनेथियो । सुन्दर शान्त विशाल सार्थक वन्ने थियो । कृत्रिम परिवर्तनको महत्वकांक्षा उन्मूलन हुन्थ्यो । संचयमहिमा धुजा धुजा हुनेथियो । विलास तथा आलस्यको वीउ भुटिन्थ्यो । फ्रोस्रो क्रान्तिको जरैमा आगो लागेर खरानी वन्थ्यो । परिणामत: सुन्दर संसार संरचनाको परिकल्पना साकार वन्थ्यो । पर्वतहरुको राजा हिमालय वनको राजा सिंह, ऋतुहरुको राजा वसन्त भएर जसरी प्राकृतिक साम्राज्य शान्तिपूर्ण सह अस्तित्वका आधारमा वैभवमय वनेको छ,ठीक त्यसरी नै एक खालको विशेष मान्छेलाइ नरराज घोषणा गरिदिए पुग्थ्यो । अरु वैधातको टण्टा आवश्यक नै थिइन ।

यसो भनेर के यो सृष्टिलाइनै त्रुटिपूर्ण प्रमाणित गर्न खोजिएको त होइन ? शंका उठनु स्वभाविक छ । यस्तो त झन विल्कुल होइन । सृष्टिको संरचनामा कुनै कमि छैन । वुद्धिको पूर्ण प्रयोग गरिएको छ । फेरी प्रश्न उठ्छ - यदी यसै हो भने किन यो दुर्दशा ? यो पनि हुनुपर्ने भएकोले भनौं वा मान्छेले नै गराएको अथवा दुवैको संयोजक । इतिहास साक्षी छ कि पहिले यति निकृष्ट चलन थिएन । मानिसहरु खुशी थिए । वातावरण शान्त एवं प्रदूषण विहिन थियो । फेरी हिजो र आजमा किन यति विध्न अन्तर ? विगत र वर्तमानलाई तुलना गर्दा हजारौं वर्ष पहिले को गाईको स्वरुप तथा स्वभाव र अहिलेको गाईको कुनै अन्तर छैन । त्यस्तै अन्य बृक्ष वनस्पति एवं प्राणीमा भिन्नता देखिंदैन । मानिसको पनि स्वरुपमा त परिवर्तन भएको होइन मात्र स्वभावमा हो । आजको विग्रदो परिस्थितिको मूल जिम्मेवार पनि मानिसको यही स्वभाव नै हो ।

विगतको मान्छे सक्षम भएर पनि अभिमानरहित थियो । उसले आफ्नो सदगुणको पूर्णरुपमा सदुपयोग गर्दथ्यो । दुराचारीहरु सिधैं नरक यातनामा सहभागी बन्थे मान्छे । प्रकृतिसंग एकाकार हुन सक्थ्यो । ईश्वरदेखि मान्छे हुदै वादरसम्म मित्रताको मजबुति थियो । पहिलेको मान्छे न वामपन्थी थियो न त दक्षिणपन्थी । वामपन्थी भन्नासाथ कठोरताको रांको देखिंन्छ भने दक्षिणपन्थी वाट उच्छृखलता र स्वच्छन्दता । यी दुवै शान्तिपूर्ण जीवनयापनको लागि वाधक हुने भएकोले विगतका मानिसहरु दिब्यपन्थी थिए । आर्षवद उनीहरुको मार्गदर्शक सिद्धान्त थियो । धर्मलाइ कल्याणको पर्यायवाची सम्भिन्थे । जानी जानी पापकर्म गर्दै गर्दैनथे । यदि अन्जानवाट पाप भइहाल्यो भने पनि तुरुन्त प्रायश्चित गरिहाल्थे । रामको अनुकरण एबं रावणको परिहार गर्ने परम्पराले शान्तिदीप प्रज्वलित थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिलेको मान्छे विगतको ठीक विपरीत स्वभावको छ । वर्तमानमा पापको नामवाट पाप त अनगिन्ती छ तर धर्मको नामवाट समेत पाप कर्म भइरहेको छ । मन्दिर समेत कही तस्करीको केन्द्र बन्छ भने कही दुर्व्यसनको लिलास्थल पूजारीमा नै विकृति पथभ्रष्ट भइसकेपछि चेलाहरुको चरित्रनिर्माण कसरी हुन् ? चलचित्र प्रदर्शन तथा उपन्यास पठनवाट नायकको अनुकरण गरिदैन तर खलनायकवाट प्रभावित भइ त्यसै बमोजिम चरित्र चित्रण गर्न कसैले सिकाउनै पर्दैन । आजको मान्छेले जुन गर्दछ त्यो ग्रहण गर्दैन तर जुन त्याज्य हो त्यसका लागि भनेप्राणाहुति दिन समेत पछि पर्दैन । पांच छ हजार वर्ष पूर्वको इतिहास आजको लागि काल्पनिक प्रतीत हुदैछ भने आजको यथार्थ पांच छ हजार वर्ष पश्चात पनि अवश्यमेव यही गतिको उन्नती नहोला भन्न सकिदैन ।

युग विभाजन तथा त्यसप्रतिको भविष्यवाणीलाई अस्विकार गर्दा गर्दै पनि आजको मान्छे व्यवहारद्वारा कुलुचित भावना तर्फ अभिप्रेरित भई त्यसैलाई नै स्वतः सिद्ध गराउँदै छ ।

रिडीको एक झलक

श्री मानव सुर्यबंशी "चिन्तन"

गुल्मी जिल्ला नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रको लुम्विनी अञ्चल अन्तर्गत पर्ने पहाडी जिल्ला हो । पूर्व पर्वत र स्याङ्गजा अर्घाखांची र प्यूठान उत्तर वाग्लुङ्ग र दषिण पाल्पा तथा अर्घाखांची जिल्लाको सिमा भित्र यो जिल्ला अवसित छ । विश्वमान चित्रमा २७.५५ देखि २८.२७ अक्षाश र ८:१० पूर्व देखि ८३.३५ देशान्तर सम्म यो जिल्ला फैलिएको छ । समुन्द्री सतह देखि १००० मिटरको उचाईमा रहेको रिडी (सवैभन्दा होचो भू-भाग) वाट उठ्दै ८७३७ फिटको मालिकास्थान लेकमा यस जिल्लाको उचाइ टुंगिन्छ ।

यो जिल्ला १,२४९.३७ वर्ग किमि (१२४.९३७.९७ हेक्टर) क्षेत्रफलमा फैलिएको छ नाग वेली हुदै वग्ने नदी र खोला का किनारमा रहेका समतल फांट मनोरम पहाडि र तिनका काखमा रहेका सौन्दर्य पूर्ण वस्तीको समष्टि रुप नै गुल्मी हो । यस जिल्लाको अधिकांश समथर मैदान नदी र खोला का किनारमा छन । ती मध्ये वडियार ,रुद्रवेणी पनाह,निस्ती,छल्ली, रिडी खज्याङ,केदुवा, हुम्दी, मजुवा, वेहा, घ्यूवेसी, चौर, जुहाङ रामपुर, अस्लेवा, वामी, अर्पेनी आदि प्रमुख हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनको उचाई १,५२५ देखि ३००० फिट सम्म छ । र रिडी याङुङ खर्ज्याङ आदि क्षेत्रमा जेष्ठ देखि भदौसम्म दिउँसो केही गर्मी हुने र सत्यवती, धुमते, थाप्ले, रेसुङ्गा, मदाने आदी लेखहरुमा पुस माघ मा वढी जाडो हुने भएता पनि समष्टिमा जिल्लाको तापक्रम उपयुक्त रहेको छ । चैत्र बैशाख तिर यदाकदा हुरी चल्ने गर्दछ । धार्मिक र आर्थिक दृष्टिले उत्तिकै महत्व राख्ने कालीगण्डकी नेपालकै प्रमुख नदी हुन । यहा विभिन्न किसिमका चक्र परेका शालिग्रामहरु यही गण्डकी वाहेक अन्यत्र पाइदैनन् यिनमा स्नान गर्नाले पाप नाश हुनुका साथै रोग ब्याध नास हुने कुरामा विश्वास गरिन्छ । गुल्मीको हर्मीचौर र स्याङजा को मिर्मिवाट कालीगण्डकी 'ए' योजना संचालन गरी १४३ मेगावाट विद्युत उत्पादन गर्ने कार्यहाल शुरु हुनगइरहेको छ । हाल सम्म कालिगण्डकीको पानीसिचाइको निमित्त प्रयोग हुन नसकेको भएतापनि भविष्यमा सिचाइ गर्ने र विद्युत उत्पादन गरी नेपालको अर्थतन्त्र मै थप योगदान पुग्ने विश्वास गरिन्छ । तर यसरी विद्युत उत्पादन सिचिाइ मा कालीगण्डकीको जल प्रयोग गर्दा रिडी (रुरु क्षेत्र) मा जलको प्रभाव हुन गइ तीर्थ स्थलको धार्मिक महिमा नघटला भन्ने तर्फ सचेत हुनुपनि उत्तिकै जरुरी छ ।

रिडी गुल्मी जिल्लाको दक्षिणतिर पाल्पा र स्याङजा जिल्लाको सिमानामा कालीगण्डकी र रिडी खोलाको किनारमा अवस्थित छ । यसलाइ गुल्मी जिल्लाको प्रवेशद्वार पनि भनिन्छ । यस क्षेत्रका मानिसहरुको दाह सस्कार यही कालिका किनारमा गर्दछन । रिडीमा ऋषिकेशवको प्राचीन मन्दिर छ । यहा दैनिक पुजा आजा हुन्छ र माघे सक्रान्ति, ठुलो एकादशी आदी पर्वहरुमा दर्शनार्थीको भीड लाग्दछ । साथै यहा रुरु कन्याको मन्दिर र शिवालयहरु पनि छन । रिडी धार्मिक स्थल मात्र नभएर गुल्मीको व्यापारीक केन्द्र पनि हो , यहा एउटा महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत रुरु संस्कृत विद्यापिठ (क्याम्पस) उच्च माध्यमिक विद्यालय संस्कृत मावि छन इलाका प्रहरी कार्यालय, हुलाक, बैंक, आयुवेदिक औषाधलय र उप स्वास्थ्य चौकी पनि हालै खुलेको छ । २०५२ साल देखि विजुली वत्तीको पनि रुरु गा.वि.स. लगायत २-३ गविस मा व्यवस्था छ । रिडी देखि पूर्व ताल खोला पारिपट्टि मृगुऋषिले तपस्या गरेको स्थान मृगुतेङ्गेश्वर पर्दछ । यहाँ शिवरात्रीमा ठूलो मेला लाग्दछ । देवदत्त ऋषिले यही तपस्या गरेका र ऋषिको तपस्या भंग गर्न आएकी स्वर्गकी अप्सरा प्रम्लोचनावाट जन्मेकी कन्यालाई रुरु (मृग) ले पालन पोषण गरेको हुनाले यस क्षेत्रलाई रुरु क्षेत्र भनिएको हो ।

पोखराथोक गाविस ३ रयेले अ.खां, हाल: रुरु संस्कृत विद्यापीठ क्याम्पस
रिडी, गुल्मीमा कार्यरत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत भाषा र यसको महत्व

शालिक राम पाण्डे
उ.म.द्वितिय व
स्व.वि.यू. सभापति

परापूर्वकाल देखि पवित्र मानिएको संस्कृत भाषालाइ आज हिन्दु राज्य नेपालमा राम्रो दृष्टिले नहेरिरहेको पाइएको छ । जुन माताले आफ्नो अस्तित्व वोध व्यक्त गर्न नसक्ने वालकलाई माया ममता र सुमधुर स्तनपान गराउदै आफ्नो खुट्टामा उभिन सक्ने वनाइन ती वुढी आमालाई विरामी अवस्थामा पैसा खर्च गर्न नसक्ने धम्की देखाई मरे मरेस भन्ने जस्तो स्थितिमा हामी वहुसंख्यक नेपाली पुगेका छौं । संस्कृत भाषा सस्कार सम्पन्न भाषा हो ।

संस्कृत भाषाका शब्दहरुमा प्रकृति र प्रत्ययको विभाग परिलक्षित हुन्छ तथा वर्णको लोप र वर्ण विकारको पनि वोध हुन्छ । त्यस्ता शब्दहरुले निर्मित भाषा नै संस्कृत भाषा हो ।

संस्कृत भाषा सम्पूर्ण आर्य संस्कृति र जीवनको अमूल्य गहना हो । यो भाषाले प्राचीनकाल देखि नै हाम्रो देशको जातीय जीवनमा ठूलो प्रभाव पारेको छ । हाम्रो सम्पूर्ण परम्परा संस्कृति यसैमा आधारित छ ।

जुन व्यक्ति वा समुदायले संस्कृत भाषालाई पुरानो जमानाको भाषा भन्दै अपहास गरी हाम्रो संस्कृतिको वद्ख्वायाई गर्छन् वास्तवमा ती व्यक्ति वा समुदायले त्यसको म… र गहिराइलाइ नजानी आफ्नो मूर्खता देखाएको महसुस हुन्छ । अंग्रेजी, भाषाको अपेक्षा संस्कृतले समस्त हिन्दु वालक युवा युवती देखि बृद्धसम्म सवैका जीवनको हरेक क्षण क्षणमा अन्तरात्मा को ढुकढुकी सम्म कुनै न कुनै रुपमा स्पर्श गरिरहेको हामी पाउछौं । चाहे त्यसलाई व्यक्त गरियोस् वा नगरियोस् हाम्रो धार्मिक पन नै त्यसको ज्वलन्त प्रमाण हो ।

विभिन्न शास्त्रहरु गीता, वेद, रामायण, महाभारत आदि पनि यसै संस्कृत भाषमा लेखिएका छन् र यी पनि मानव कल्याणको निम्ति तयार गरिएका शास्त्र हुन् ।

हामी नेपालीहरुले गर्भाधान देखि मृत्यु पर्यन्तका सम्पूर्ण संस्कारहरु सवै परम्परा अनुसार गर्दै आइरहेका छौं । यी सम्पूर्ण संस्कारहरुको व्यख्या पनि संस्कृतमा नै गरिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ ।

संस्कृत साहित्य विश्वको साहित्य हो जसले संसारकै मानव प्राणी जंगल र वोटविरुवाप्रति मङ्गलमय कामना गरेको छ वसुधैव कुटुम्वकम् जसको उदाहरण हो । दीन दुखीको सेवा गर्नाले धर्म हुन्छ एवं अर्कालाई दुःख दिंदा पाप लाग्छ जस्ता अमृतवाणी हाम्रै धार्मिक तथा ऐतिहासिक पुराणहरुका उपज हुन् । "मातृदेवो भव" आमा वावुलाई देवता वरावर मान, अतिथिदेवोभव =पाहुनाहरुको सेवा गर । राम्रा कर्म गर्न सधै अगाडी वढ नराम्रा काम गर्न कहिल्यै अगाडी नवढ जस्ता आदर्श शभ्यहरु आज पनि व्यवहारिक नै छन । यस संरक्षण साहित्यको उत्कृष्टताले गर्दा नै स्वदेशी विद्वानहरुलाई मात्र आर्कषण नगरीविदेशी विद्वानहरुलाई समेत आफू प्रति आकृष्ट गरेकाले ग्रेटे अलेक्जेण्डर, वारेन जस्ता विद्वान हरुले संस्कृत वाङमयको अध्ययन तथा अनुसन्धान गरी विश्व समक्ष यसको महत्व अझ स्पष्ट पारिदिएका छन् ।

आजको वैज्ञानिक युगमा यस भाषाको महत्वपूर्ण देन रहेको कुरा पूर्बिय र पाश्चात्य जगतका प्राज्ञहरुले स्वीकार गरिसकेका छन् । जडीबुटी र औषधी विज्ञानको फांटमा आयुर्वेदशास्त्र र कम्प्यूटर विज्ञानको लागि पनि संस्कृत भाषा सर्वाधिक उपयुक्त भाषा भनी विद्वानहरुले गरेका अनुसन्धानात्मक तथ्यवाट स्पष्ट भैसकेको छ ।

प्राचीन शिलालेख प्राय संस्कृतमै कुंदिएका छन । पुरातात्विक विषयवस्तुलाई राम्रोसंग विश्लेषण गर्न संस्कृत भाषाले एउटा भाषाको मात्र प्रतिनिधित्व नगरी प्राचिन नेपालको सामाजिक, आर्थिक राजनैतिक, सांस्कृतिक नैतिक, व्यवहारीक र धार्मिक जीवन शैलीको पथ प्रर्दशन समेत वनेको छ । मर्यादापुरुष रामचन्द्रको चरित्रवाट सब्यनिष्ठा मातापितृ भक्ती आज्ञापालकता धर्म परायणता निर्मलप्रेम, एकपत्नीव्रत, भ्रातृप्रेम जस्ता गुणहरुले सम्पूर्ण मानव समाजलाई एउटा पाठ सिकाएको छ । भीष्मपितामह जस्ता साहसी, दृढव्रती पुरुष, अर्जुन जस्ता त्यागी, एकलब्य,आरुणी र अभिमन्यु जस्ता गुरुभक्त शिष्य आदिका जीवनीहरुवाट आफ्नो लक्ष्यमा पुग्ने साहस प्रांप्त गर्ने सु अवसर उपलब्ध छ त्यसैले विशाल साहित्य संगीत र कलाहरुको खानी भएको संस्कृत भाषा अमृत भाषा हो । संस्कृत भाषा, संस्कार र संस्कृति विनाको मानव यथार्थमा मानव वन्न सक्दैन । त्यसैले संस्कृत भाषा राष्ट्रको अमूल्य सम्पति हो ।

कुनै पनि वहुमुल्य वस्तुहरुले कसैलाई खोजी गर्दै हिड्दैन तिनीहरुलाई खोजी हामीले गर्नुपर्दछ त्यसरी नै नेपाली, हिन्दी, मैथेली, वंगाली, आदी भाषाहरुको जननी भएमा भाषाले कसैलाई खोजी गर्दै हिड्दैन । त्यसलाई हामीले खोजी गर्नुपर्दछ यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकास गर्नुपर्दछ । राष्ट्रका कुनैपनि जनजातिहरुले संस्कृत भाषाको झुटो प्रचार व विरोध गर्नुको सट्टा पहिले त्यसको अध्ययन गरी त्यसको गहिराइ सम्म पुग्ने प्रया गर्दा आफ्नो मातृभाषालाइ फाइदा नै हुने छ ।

आजको नया शिक्षा नीतिमा माध्यमिक विद्यालयस्तरमा संस्कृत भाषाले उचि स्थान पाउन सकेको छैन । भविष्यमा स्नातक र स्नाकोत्तर कक्षाहरुको के कस अवस्था रहला ? यस विषयमा सोच्नु पर्ने अवस्था छ । यसको आफ्नै गरीमा र महत छ, यसलाई उचित स्थान दिएर नै हामी आफ्नो राष्ट्रमा आत्मचेतनाको वत्ती बाल सक्ने छौं । राष्ट्र प्रेम र राष्ट्रियताको भाव प्रजातान्त्रिक आदर्श राज्यको परिकल्पना परिपूर्ति भाषणमा होइन व्यवहारमा हुनुपर्दछ एवं प्रकारले धाराप्रवाह रुपमा प्रवाहि संस्कृत रुपी मुहानलाई थुन छेक गर्नुको सट्टा सही तरिकाले सुमार्गरुपी कुलो ख सिञ्चन गर्दा राष्ट्र सेवामा समर्पित कर्णधार सपूतहरुलाई देश उन्नतिमा उर्जा प्रदा गर्नेछ ।

इतिश्री

देशलाइ असर पार्ने मुद्रा-स्फिति

ललित कान्त भ
उप-प्रा.अर्थशा

मुद्रा-स्फितिले विश्वलाई नै सताएको छ । मुद्रा-स्फितिले देशको अर्थतन्त्रलाई तह नहस पार्दछ । अतः मुद्रा-स्फिति भनेको के हो र यसवाट के कस्तो असर पर्न जा यसको वारेमा जान्नु अति आवश्यक छ ।

मुद्रा-स्फितिको मतलव वढ्दो मूल्यको समय हो । मुद्रा-स्फितिको मुख्य कार वेच्न ल्याइएका वस्तुहरुको दांजो मा मुद्राको परिमाण मा अत्यधिक बृद्धि हुनु हो ।

प्रसिद्ध अर्थशास्त्री क्राउथरका शब्दमा" मुद्रा-स्फिति त्यो स्थिति हो जसमा मुद्रा मूख्य घटिरहेको हुन्छ तथा वस्तुहरु को मूल्य वढिरहेको हुन्छ ।"

(Inflatiohis a state in which the Value of money Falling i.e. Prices are rising)

त्यस्तै प्रो. हट्रेको शब्दमा" नोटको अति निष्काशनको स्थितिलाई मुद्रा-स्फि भनिन्छ (The State on which there is ver issue of cruuen

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

is called infaltion)

त्यस्तै अर्थशास्त्री पिगूका शब्दमा "आम्दानी वढाउने क्रियाकलापको अनुपातमा मौट्रिक आम्दानी वढी भयो भने मुद्रा-स्फितिको स्थिति सृजना हुन्छ । (Inflation exists wheb money incomeis expanding move than in proportion to the income earning activities)

दोश्रो महायुद्ध पछि विश्वको सवै जसो भागहरुमा अहिले सम्म पनि वढ्दो मूल्यले सताइएका छन् । नेपालमा मूल्यको वढ्दो प्रबृतिले गर्दा नेपालीहरु को निर्वाह खर्च धेरै वढेको छ । उदाहरणको रुपमा १९३९ भन्दा पहिले एक धार्नी आलु ३ आनामा पाइन्थ्यो । तर अव एक धार्नी आलुको मूल्य रु २५ पर्दछ । १९५६ मा काठमाडौं को मूल्य स्तरलाइ आधार बनाउँदा १९६१ तथा १९६२ मा मूल्य स्तर क्रमश: १०६ र ११५ ले वढ्यो भनिन्छ ।

कम्युनिष्ट सत्ता भन्दा पहिले चीनमा मुद्रा-स्फिति भएको वेला एक जोर जुत्ता दशौ लाख डलरमा वेचिन्थ्यो ।

मुद्रा-स्फितिकोअसर (Effects of Inflation)

१. ब्यापारीहरुलाई वरदान

ब्यापारीहरु तथा उद्योगपतिहरुको लागि मुद्रा-स्फिति एउटा वरदान हो । वस्तुको मूल्य उत्पादन खर्च भन्दा धेरै वढद्छ । उत्पादन खर्च तथा मूल्यमा ठूलो अन्तर हुन्छ यही नै नाफा हो ।

२. रोजगारीमा बृद्धि

ब्यापारीहरु तथा उद्योगपतिहरुलाई उनीहरुको ब्यवसाय विस्तार गर्न नाफाले उत्साहित गरेकोले वढदो मुल्यको समयमा रोजगारी पनि वढदछ ।

३. स्थिर आय हुनेहरुलाई वेफाइदा

स्थिर आय हुनेहरुले धेरै दु:ख पाउँदछन् उनीहरुको तलव तथा ज्याला बढ्न सक्तछ तर मूल्यस्तरमा भएको बृद्धि जति हुँदैन । नेपाली शिक्षकहरुको तलव वढे तापनि सामान्य मूल्यस्तरमा अत्यधिक वृद्धिले गर्दा उसको तलववाट कम वस्तु

तथा सेवाहरु किन्न सकिन्छ । स्थिर आय पाउनेहरु मुख्यत: सरकारी अधिकृतहरुका साथै सरकारी सेक्युरिटी अथवा ऋणपत्रहरु तथा पूर्वाधिकार शेयर किन्नेहरु हुन् ।

४. श्रमिकहरुलाई वेफाइदा

मुद्रा-स्फिति भएको वेलामा श्रमिकहरु पनि नोक्सान सहने हुन्छन् । सामुहिक रुपमा ज्याला वढाइने प्रयत्नले गर्दा उनीहरुको ज्याला वृद्धिको अनुपातमा कम हुन्छ । अत एवं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुद्रा-स्फितिले गर्दा श्रमिकहरुले दुख पाउछन ।

अन्य प्रभावहरु

१. सार्वजनिक ऋणमा वृद्धि

२. करमा वृद्धि

३. वचत हतोत्साहितहुने ।

मुद्रा-स्फितिको वैज्ञानिक विश्लेषण प्रो. किन्स (Keynes) ले गर्नुभएको छ । किन्स को अनुसार" मुद्रा-स्फितिको कारण सम्पूर्ण मौद्रिक माग सम्पूर्ण पूर्ति भन्दा वढी हुनु हो । यदि कुनै कारण वाट समाजको सम्पूर्ण मौद्रिक भाग वढ्छ तर सम्पूर्ण उत्पादन पूर्ववत रह्यो भने स्वभावत: मुद्रा-स्फितिको सृष्टि हुनेछ ।

यसरी मुद्रा-स्फितिले समाजका सवैलाई प्रभाव पार्दछ । मुद्रा-स्फितिको असरवाट हामी के देख्छौ भने मुद्रा-स्फितिन्यायपूर्ण छैन । मुद्रा-स्फितिले धनीको पक्ष लिन्छ र गरीवलाई सताउँदछ । किन्सले पनि मुद्रा-स्फिति अन्यायपूर्ण छ भनेर भनेका छन । मुद्रा-स्फितिले देश र समाजमा नराम्रो असर पारेको हुनाले प्रो.सी.एन. वकिलले भनेका छन । मुद्रा-स्फिति एउटा त्यस्तो डाकु हो, जो अदृश्य रहेर सम्पूर्ण राष्ट्रलाई एकैपल्ट लुट्छ । प्रो.सि.एन.वकिल ।

मुद्रा-स्फितिको नियन्त्रण (Control of Intlation)

मुद्रा-स्फितिले गर्दा देश र समाजमा नराम्रो प्रभाव परेकोले यसको नियन्त्रण गर्नु जरुरी हुन्छ । अत: एवं मुद्रा-स्फिति नियन्त्रण गर्ने उपायहरु तल वमोजिम छन् । मौद्रिक उपायहरु

१. मुद्राको मात्रा घटाउनु

२. कर्जा विस्तरमा नियन्त्रण गर्नु

वित्तिय उपायहरु

१. कर वढाउने

२. वचत गर्न प्रोत्साहन

३. सार्वजनिक खर्च घटाउने

४. सार्वजनिक ऋण वढाउने

५. अधिमूल्यन

६. सन्तुलित वजेट

अरु उपायहरु

१. उत्पादनको परिमाण वढाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. व्यापार तथा मूल्य नियन्त्रण गर्नु ।

मुद्रा-स्फितिको मुख्य कारण उत्पादनको परिमाण कम र नोटको अति निस्कासन भएकोले मुद्राको परिमाणलाई घटाउने तथा उत्पादनमा वृद्धि गर्नुपर्ने जरुरी देखिन्छ ।

नेपाली भाषामा ह्रस्व दीर्घ विधान

नवराज पाण्डेय "चातक"
उपप्राध्यापक
रुरु संस्कृत विद्यापिठ रिडी, गुल्मी

नेपाली भाषामा ह्रस्व र दीर्घकालागि ठोस सुत्र नभएता पनि सामान्य व्यवस्था नभएको होइन । सामान्य खालको व्यवस्था अब्याप्ति र अति ब्याप्तिले ग्रस्त छन तर पनि संस्कृत ब्याकरणको जस्तो निर्दुष्ट सूत्र नभए पनि सामान्य सूत्रको आवश्यकता नभएको चाहिं होइन । काव्यमा छन्द मिलाउन ह्रस्वलाई दीर्घ र दीर्घलाई ह्रस्व बनाउंदा पच्ने खालका शब्दलाई ठाउँ हेरेर ह्रस्व र दीर्घ दुवै रुपमा प्रयोग गरेतापनि गद्यमा भने ह्रस्व र दीघ नमिलेमा भाषा खल्लो र अशुद्ध हुन्छ । नेपाली भाषाका वैयाकरणहरु आपसमा तानातान र अर्काप्रति उपेक्षाको भावनाले गर्दा सर्वमान्य व्याकरण कसैले दिन सकेका छैनन् ।

भाषा परिवर्तनशील हुने हुंदा कट्टर पूर्वपन्थी धारणाले मात्र नियम चल्न सक्तैनन् र परिवर्तन र आधुनिकताको नाममा उपयुक्त नियम मिचेर भाषा घुस्ट्याउनेलाई पनि माफ दिनु हुदैन ।

अब म नेपाली भाषाको ह्रस्व दीर्घ सम्वन्धी समसामयिक नियमहरुलाई संस्कृत शैलीमा भएपनि नेपाली भाषाका ह्रस्वदीर्घ सूत्रको प्रस्तुति तर्फ लाग्दछु । विशेषत: ई वालोपयोगी बन्ने छन् भन्ने आशामा छु ।

१. "पुंनाताव्यय"- पुं-पुलिङ्ग भाले जाति जनाउने, पुंनाता-पुलिङ्ग नातावाचक शब्द र अव्यय शब्दको पुं-पुलिङ्ग-विरालो, अजिंगर, गोरु आदि ।
पुंनाता- ज्वाई, फुपाजु, दाइ, दाइ, पोइ आदि ।
अव्यय- हिज, अहिले, अस्ति, पर्सी आदि ।

२. "धातूपसर्गेक"- धातुको अन्त्यस्वर, उपसर्ग र इक प्रत्ययको इ ह्रस्व हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धातु दि नुहाउ, आउ, हु आदि । उपसर्ग- निषेध, विशेष, उपहार आदि । इक प्रत्ययको: प्राकृतिक, संवैधानिक, भौतिक, आध्यात्मिक आदि ।

३. "इतइन इन्"- इतप्रत्यय, इन र इन् प्रत्यय ह्रस्व हुन्छन्

इत- पण्डित्, घुलित, लिखित, पठित आदि ।

इन गरिन, पढिन आदि । इन- गरिन्, हिडिन्, खाइन, आदि ।

४. "इनुआइ"- मिलित क्रियाको इ, इनु प्रत्ययको इ, क्रिया मूलको नुर भावप्रत्ययको आइ ह्रस्व हुन्छन् ।

इ- खाइरहनु, पढिरहनु आदि । इनु- खाइनु, पढिनु, जोशिनु आदि । नु- क्रियामूल- पढ्नु, खानु, जानु आदि । आइ- भावार्थक प्रत्यय- पढाई, लेखाई, खुवाई, हिंडाई आदि ।

५. "तिटिघिनी"- संस्कृतको क्तिन् र कि प्रत्ययान्त नेपालीमा तिटिधिनिको रुपमा परिणत भएको ह्रस्व हुन्छ ।

ति- शान्ति, गति, मति आदि । टि- सुष्टि, बृष्टि, त्रुटि आदि । घि- बुद्धि, उपाधि आदि । नि- ग्लानि, हानि आदि ।

६. "आरु आलु" आरु र आलु प्रत्यय ह्रस्व हुन्छन् ।

आरु- शिकारु, जुझारु आदि । आलु- दयालु, मायालु आदि ।

७. "आउयाइंनपुंसक" आउ, याइं प्रत्यय र नपुंसकलिंगी शब्द ह्रस्व हुन्छन् । आउ- नजाउ, भनाउ आदि । याइं- मुर्ख्याइ, धुर्त्याइ, पण्डित्याईं आदि । नुपंसकलिंगी- आलु, उखु, केराउ आदि,

८. "हिलेतिखेरतिञ्जेलदोखरि"- हिले, तिखरे, जिञ्जेल र दाखेरि प्रत्ययका इ ह्रस्व हुन्छन् । अहिले- कहिले, पहिले, अहिले आदि । तिखेर- कतिखेर, जतिखेर, त्यतिखेर आदि, जिञ्जेल- यतिञ्जेल, उतिञ्जेल आदि । दाखेरि- पढ्दाखेरि भन्दाखे्री, गन्दाखेरि, हिंड्दाखेरि इतयादि ।

९. " इन्दाइयाइयार"- इनदा, इया र इयार प्रत्ययका इ ह्रस्व हुन्छन् । इनदा- आइन्दा, उछिन्दा, उसिन्दा आदि ।

इया- भरिया, लडिया, हँसिया, पुडिया इत्यादि ।

इयार- हतियार, सन्धियार, अंशियार आदि ।

१०. "उवाइलोसर्वनामादि"- उवा र इलो प्रत्यय तथा सर्वनामको आदिस्वर ह्रस्व हुन्छन् । उवा- लेखुवा, पढुवा , इलो- रसिलो, पोसिलो आदि । सर्वनामादि- तिमी, उनी, तिनी आदि । यो नियम एक अक्षरवालमा लागू हुन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. "न्यूनाधिक्येउभयरसहजुरादि"- न्यूनता र अधिकता अनुसार रसादिश देखी परको इलो र हजुर आदि ह्रस्व र दीर्घ दुवै हुन्छन् । न्यूनता- रसिलो, गुनिलो, नुनिलो आदि अधिकता- रसिलो, गुनिलो, नुनिलो आदि । एवं हजुर-हजुर , मौसुफ-मौसूफ, गुलियो-गुलियो इत्यादि ।

१२. "संयोगादि" संयोगको आदिश्वर ह्रस्व हुन्छ । चिल्लो, चिप्लो, झुम्रो, लच्चो, गून्यू उल्लु इत्यादि ।

यसरी ह्रस्वका नियामक १२ सूत्र यहां देखाइए भने अव दीर्घका नियामक १२ सूत्र अगाडि प्रस्तुत छन् ।

१. "रपरदीर्घ"- रेफ पर भएको स्वर दीर्घ हुन्छ । यथा-दीर्घ, तीर्थ, पूर्व, पूर्ण, शूर, बीर इतपादि ।

२. "इच्छार्थी ऊन्नू"- इच्छा अर्थ भएको ऊन्, अर्थशब्द र विधिवाचक नू दीर्घ हुन्छन् । ऊन्- पढून्, लेखून् आदि ।

अर्थी- विद्यार्थी, धनार्थी आदि । नू- खानू, तिमी जानू आदि ।

३. "थरजाति स्त्री विशेषणान्त"- थर बुझाउने, जाति बुझाउने स्त्रीलिंगी बुझाउने र स्त्री विशेषणको अन्तमा रहेको ई र ऊ दीर्घ हुन्छन् । थर- पन्थी, अधिकारी आदि । जाति-क्षेत्री, कामी, दमाई आदि । स्त्रीलिंगी- सरस्वती, नदी, पार्वती छारी, पत्नी आदि । स्त्रीविशेषणान्त- ठूली, राम्री, गोरी, तरुणी, यस्ती, यत्री आदि ।

४. "सर्वनाम सार्वनामिकान्त"- सर्वनाम र सर्व नामबाट बनेका शब्दको अन्तिम श्वर दीर्घ हुन्छ । सर्वनाम- यी, ती, ऊ, उनी, तिमी, हामी, आफू आदि । सार्वनामिक- यसरी, उसरी, यस्तरी, उस्तरी, यही, त्यहीं, कहिं आदि ।

५. "स्मीक्रिया स्थानवाची"- स्भीत्ववाचक क्रिया, र स्थानवाचक शब्द दीर्घ हुन्छन् । स्त्रीक्रिया- गरी, खाई आदि ! स्थानवाची- लुम्बिनी, रिडी, रांची, तनहूं, लखनऊ, दिल्ली आदि ।

६. "कृत्तद्धित ई अनुकरणान्त"- कृतप्रत्ययको ई, तद्धित प्रत्ययको ई र अनुकरणको अन्तिम ई दीर्घ हुन्छन् ।

कृत्ई- गरी, खाई, गराई, खुवाई, (एर अर्थ हुने) ।

तद्धित ई- गरीवी, नोकरी, धनी, ज्ञानी, खल्खल्ती आदि ।

७. "संख्याईयालपार्थक"- संख्यावाचक शब्दको बीच र अन्तिमश्वर, ईय प्रत्यय र अल्पार्थक शबदको अन्तिम स्वर दीर्घ हुन्छन् ।

संख्या- तीन, वीस, तीस, साठी, सत्तरी, असी आदि । ईय- स्थानीय, राजकीय, पदीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि । राष्ट्रिय, खुवाई, (एर अर्थ हुने) ।

तद्धित ई-.गरीवी, नोकरी, धनी; ज्ञानी, खल्खल्ती आदि ।

७. "संख्याईयाल्पार्थक"- संख्यावाचक शब्दको वीच र अन्तिम स्वर, ईय प्रत्यय र अल्पार्थक शब्दको अन्तिम स्वर दीर्घ हुन्छन् ।

संख्या- तीन, वीस, तीस, साठी, सत्तरी, असी आदि । ईय- स्थानीय, राजकीय, पदीय आदि । राष्ट्रिय छोडी । अल्पार्थक- टुकी, थुर्मी, डाडू, पन्यू, कन्दनी, डोरी आदि ।

८. "ईशईनईन्द्र"- ईश शब्द ईन अन्तमा रहने र अन्य शब्दको इ संग जोडिएको इन्द्रदीर्घ हुन्छन् । ईश, ईश्वर, मठाधीश, पीठाधीश आदि ।

ईन- नविन, कुलीन, अधीन आदि । ईन्द्र- गिरीन्द्र, कविन्द्र, महिन्द्र आदि ।

९. " संयुक्तान्तदर्जा पेशा"- संयुक्तान्त- जोडिएका वर्णको अन्तिम स्वर, दर्जा- उपाधि र पेशा वुझाउने शब्दको अन्तिम स्वरदीर्घ हुन्छन् । संयुक्तान्त- चक्की, वर्फी, चक्कू, गुन्यू आदि ।

दर्जा- सिपाही, प्रहरी, मन्त्री आदि । पेशा- नोकरी, व्यापारी, सिकर्मी, डकर्मी आदि ।

१०. "लीकीरीनी" - ली अन्तिम, षष्ठीको की र री तथा नी अन्तिम दीर्घ हुन्छन् । ली- आली, ताली, झ्याली, गाली, कहाली आदि ।

की- उसकी, कसकी, रामकी आदि । री- तिम्री, मेरी, तेरी, आदि । नी- आफ्नी, पत्नी, रानी, धुनी, वानी आदि ।

११. " डी आडी"- डी र आडि अन्तमा दीर्घ हुन्छन् ।

डी- लहडी, हांडी, राडी, मण्डी आदि । आडि- गुफाडी, जुवाडी आदि,

१२. "रपरान्त"- र देखि पर रहेको वर्णको अन्तिम स्वर दीर्घ हुन्छ । फर्सी, कुर्सी, जर्सी, हर्दी, वर्फी आदि ।

कुनै कुनै शब्द एक भन्दा वढी सूत्रको उदाहरण भएपनि एउटै ह्रस्व दीर्घ मै परेकोले त्यसमा जस अन्तर्गत लिन उचित हुन्छ त्यसै अन्तर्गत ग्राह्य मान्नु पर्छ ।

यसरी नेपाली विषयको अध्ययन अध्यापन गर्ने शिलशिलामा मैले अनुसन्धानद्वारा वनाएका मुख्य २ दर्जन सूत्र नेपाली भाषाको ह्रस्वदीर्घ ज्ञानमा अवश्य सहयोगी वन्ने छन् भन्ने पूर्ण आशा लिएको छु । संस्कृतको दृष्टिले र अपवादको प्रयोगले केही न्यून भएपनि नेपाली भाषाको सामान्य जानकारी गराउन सक्षम उपर्युक्त सूत्र आवश्यक उपयोगी हुनेछन् ।

उपप्राध्यापक
रुरु संस्कृति विद्यापीठ रिडी, गुल्मी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारदालाई चिट्ठी

- टि.आर. घिमिरे

प्रिय शारदा !

असीम प्यार साथै शुभ सम्झना ।

आराम छु भनी कसरी सदैव यो हृदय तिम्रै यादमा तड्पिन्छ, तैपनि विवशतामा "आराम छु" भन्न बाध्य भएको छु । साथै तिमीमा पनि कुशलताको कामना गर्दछु ।

आजै मात्र तिमीले प्रेषित गरेको पत्र पाएं । पत्र पाउंदा बहुत खुशी लाग्यो । खोलि हेर्दा रिंगटा लाग्यो र पढ्दा मुर्छा भएं । कारण तिमीले पत्रमा आफू पारिवारीक बन्धनमा बांधिएको कुरा जनाएकी रहिछ्यौं । शारदा ! हामीहरु जसरी छोटो समयमा परिचित भई गरेका बाचाहरुको उल्लंघन तिमीले कसरी गर्‍यौं । याद छ तिमीलाई ? तिमीले के भनेकी थियौं ? "प्रिय ! तिमी र म दाम्पत्य जीवनमा बांधिई सुख भोग गरौं" खै कहां गयो त्यो बाचा ?

निष्ठुरी ! तिमीले गरेको बाचा खेर फाल्यौं । गंगाजीमा गएर खाएको कसम गंगाजीमै बहाइदियौं । आगोमा गएर खाएको कसम आगोमै जलाई दियौं र मन्दिरमा गएर खाएको कसम प्रसाद जस्तै बांडिदियौं ।

मैले त सोंचेको थिइन कि तिमी यति साच्चै निष्ठुरी छ्यौं । तिमीले मलाई भन्ने गर्थ्यौं । "प्रिय मलाई धोका नदिनु, मलाई धोका ......।" खै ! कहां गयो धोकाको शव्द ? मेरो यो पवित्र प्रेममा तिमीले आगोको ज्वाला दन्काईदियौं । मेरो यो पवित्र प्रेमलाई तिमीले तौल गरी बिक्री गर्‍यौं । यसरी बढिरहेको प्रेमको लहरोलाई तिमीले चुडाइदियौं ।

ठीक छ, शारदा ! यसरी मलाई धोका दियौं यसरी म जस्तो सरल मानिसको प्रेम परीक्षा गर्‍यौं तापनि ठिकै छ । म यो सब भुल्ने प्रयत्न गर्नेछु,। तिमीलाई पहिले खाएका कसमहरुले धिक्कार नदिउन् । तिम्रो र तिम्रो पतिदेवको कल्याण र उत्तरोत्तर प्रगति भएको देख्न पाऊँ । यो समपर्ण कुरा भुल्ने प्रयत्न गरिरहेको मलाई पत्र पठाएर मेरो मुटु छिया छिया पार्ने कष्ट नगर्नु । लौ त पत्रबाट विदा ! विदा !! विदा !!!

जय नेपाल
अ.खा. मैदान ४
लु.अ. नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मलाई नरोज

– लक्ष्मी भट्टराई
उ.म.१

म निष्ठुरी हुँ प्रिय, नरोज मलाई
लाख विन्ति गर्छु प्रिय, नअपनाऊ मलाई ॥
म सुकिसकेको मरुभूमि हूं प्रिय,
पानी वर्षाउने कोशिष नगर ॥
म उजाडिएको बृक्ष हूं प्रिय,
म बाट शितल छहारीको आश नगर ॥
पुन: लाख विन्ति गर्छु प्रिय
कृपया मेरो सम्झना नगर ॥

केलादीघाटको यात्रा संस्मरण

– दुर्गा प्रसाद घिमिरे
उप-प्राध्यापक तथा विभागाध्यक्ष
"नेपाली एवं अंग्रेजी शिक्षण विभाग"
रुरु संस्कृति विद्यापीठ रिडी (गुल्मी)

नेपालभित्र रहेका विभिन्न धार्मिक क्षेत्रमध्ये एक हो रुरु क्षेत्र। यो क्षेत्र पाल्पा गुल्मी र स्याङ्जा जिल्लामा अवस्थित छ। पश्चिमतर्फबाट आएको रिडी खोलो कृष्णगण्डकीमा आई आफूलाई समाहित गर्दछ। त्यही तीन जिल्लाको वीचमा रहेको र रिडी खोलो समाहित भएको आसपासका स्थानहरुलाई रुरु क्षेत्रले वुझाउँ छ।

एक दिनको कुरा हो, म त्यस क्षेत्रबाट केलादीघाटको यात्रामा निस्कें। वर्षाको समय भएकोले कच्ची पहाडी वाटोमा यातायातका साधनको अभाव थियो। अधिकांश पहाडी क्षेत्रमा कच्ची वाटो हुंदा हिउंदमा यातायात साधन येनकेन संचालित भएपनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षायाममा त्यो संभव नभएकोले पैदल यात्रा छोट्याउन बसबाट वालिङको मिर्दी सम्म पुगियो। संयोगवस भेट भयो गन्तव्य स्थान एउटै भएका साथीहरुसंग। मिर्दीबाट केलादी जान हामीहरुले समात्यौं पूर्वतर्फको पैदल बाटो। बजारको आसपासमा ठूलो नै देखिए पनि पर पर जांदा बाटो साँगुरिदै गयो। दुई घण्टा जतिको हिंडाईमा पुग्दा त्यो बाटो र गोरेटोको बीचको अवस्था जस्तो देखा पऱ्यो। ६/७ घण्टाको पैदलयात्रामा पुगिने त्यस ठाउँमा पाँचवटा गा.वि.स. पार गर्नुपर्ने र पैदल यात्रामा अभ्यास नभएकालाई दोवर समय लाग्ने देखियो। वालिङ्ग नगरपालिकाको मिदी भन्ने ठाउँबाट ३ घण्टाको अनवरत यात्रा पछि केवरे गाविस पुगियो। केही क्षणको विश्राम पछि अघि बढदा कथा सुनाउने सुन्ने प्रक्रिया चल्दै गयो त्यसले हिंडाईलाई बिर्साएछ [illegible] गा.वि.स. पुगेपछि थाहा भयो। कथा भन्ने र कथा सुन्ने परिपाटी चलेको हुंदा सबलाई अतीतको सम्झना भयो। हाम्रा लोककथा र लोक संस्कृतिहरु यसै गाउँमा जीवन्त बन्दा रहेछन् भनेर। आजको शहरिया व्यस्त समाजमा यस किसिमको चर्चा परिचर्चा गरिरहन कहाँ फूर्सद हुन्छ र ? यस्ता ग्रामीण इलाकामा पर्ने सुनसान बाटामा एक आपसमा भएका ज्ञान विनिमय गर्ने अवसर पनि प्राप्त हुंदोरहेछ। यसै सिलसिलामा अघि बढेको हाम्रो यात्रा चापाकोट गा.वि.स. प्रवेश गऱ्यो। त्यसपछि रत्नपुर गा.वि.स. हुदै सेखाम गा.वि.स. पार गरपछि साँखर गा.वि.स. पुगियो। यसै साँखर गा.वि.स. अन्तर्गत रहेछ केलादीघाट क्षेत्र। पाँचवटा गा.वि.स. भएपनि करीब २० वटा जति चर्चित नामहरु त्यसबाटोमा पर्दारहेछन् ती हुन् मिर्दी, एकले पिपल, आमडाँडी, लालपानी, चीसापानी, केवरे फेंदी, बराहस्थान, केवरे भञ्ज्याङ्ग, राजुको चौतारी, बारी कुना, ठाँटी भञ्ज्याङ्ग, समी भञ्ज्याङ्ग, दामचौर, म्याग्दी खोला, वनकट्टा, साँगु खोला, मुडचउर, साँखर फाँट, रिमाल डिही, केलालीघाट सागर गा.वि.स. तनहू जिल्लासंग जोडिएको र पूर्वपट्टि केलाडी खोलो नै त्यस ठाउँको स्याङ्जा र तनहूँ जिल्ला छुट्याउने सीमारेखाको रुपमा निरन्तर अघि बढ्दै काली गण्डकीमा मिसिन पुग्दछ। अर्कापट्टि दक्षिणतिर काली गण्डकी नै स्याङ्जा र पाल्पा जिल्ला छुट्याउने सीमारेखा वनेकी छन्। काली गण्डकी पार गण्डकी ढीक भन्ने ठाउँ र करिब २ किलोमिटर टाढा पाल्पाको प्रसिद्ध ठाउँ रामपुर बजारपर्दछ। गण्डकी ढीकमा रहेको कालीको झोलुङ्गे पुलको माध्यमबाट केलादीघाट र पाल्पाको यातायात सम्बन्ध संचालन भइरहेको छ। कतिपय मानिसहरुले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाल्पा रामपुरवाट खच्चडद्वारा सामान ढुवानी गर्ने गर्दछन् । विद्युतिकरणको व्यवस्था नभएको भएपनि ठाउँ ठाउँमा खानेपानीको व्यवस्था भैसकेको पाइन्छ । केलादीघाटको आभूषणको रुपमा रहेको छ- नेपाल निम्वार्क पीठ । त्यहाँ पुगेपछि अत्यन्तै रमणीय लाग्ने देवभूमिमा पुगे जस्तो अनुभव हुनाले यात्राको थकाई आफै समाप्त भएर जान्छ भने त्यहाँका महन्त र भक्तजनहरुको पवित्र भावनाले तादात्म्य सम्वन्ध कायम हुन पुग्दछ ।

"राधा दामोदर मन्दिर" यस ठाउँको प्रसिद्ध मन्दिर हो । यसको स्थापना अनन्त पनि विभुषित नेपाल मही मण्डलाचार्य भगवच्छरेण देवाचार्यज्यूले गर्नु भएको थियो । २००७ सालतिर केलाडीघाट आई बस्न लाग्नु भएका भगवच्छरण देवाचार्य ज्यूले २०१३ साल

मार्ग शुल्क पंचमी (विवाह पंचमी) का दिन मन्दिरको प्रतिष्ठा गर्नु भएको थियो । त्यसपछि निरन्तर रुपमा राधा दामोदरको पूजा अर्चना र भजन कीर्तनमा समय यापन गर्नु भएको र २०३१ सालमा अग्निकुण्डको स्थापना गरी नित्य हवनको व्यवस्था गरिएको छ । त्यसपछि संस्थापक महाराजकै सदिच्छा अनुसार २०३६ सालदेखि "राधा दामोदर मन्दिरमा अखण्ड कीर्तनको व्यवस्था गरी आजसम्म पनि अनवरत रुपमा" राधे श्याम, राधे श्याम, श्याम, श्याम, राधे राधे, को स्वर गुन्जायमान भइरहेको पाइन्छ । यस किसिमका कार्यहरुको थालनी गरी पारमार्थिक कल्याणका निम्ति निरन्तरता दिने विद्वान संस्थापक महाराज पछि उहांका उत्तराधिकारीहरुको सक्रियतामा यी कार्यहरुमा निरन्तरता दिंदै आएको पाइन्छ । त्यतिमात्र होइन २४ घण्टो कीर्तनका निम्ति त्यस क्षेत्रमा रहेका अन्य भक्तजनहरुको पनि सक्रियतामा रहेको पाइन्छ । प्रथम संस्थापक महाराज पछि उहांकै गुरुमाई द्वितीय महन्त श्री १०८ हरिदास देवाचार्य हुनुहुन्थ्यो भने वर्तमान समयमा तृतीय महन्तका रुपमा श्री १०८ गोपाल शरण उपाध्याय रहनु भएको छ ।

शिक्षाको क्षेत्रमा त्यहांका महन्तहरु र स्थानीय जनताहरुको सक्रियतामा २०१८ सालदेखि गुरुकूल परम्पराको रुपमा संस्कृत शिक्षाको पठन पाठन हुदै आएको र २०३८ सालमा सं.मा.वि. भवन निर्माण भएपछि औपचारिक शिक्षाको रुपमा एस.एल.सी. सम्मको अध्ययन अध्यापनको व्यवस्था गरियो । त्यस सं.मा.वि.को नाममा करीव ३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोपनी जग्गा रहेको छ भन्ने विद्यालय सूत्रबाट थाहा हुन्छ । त्यसपछि २०५१ सालमा आएर महेन्द्र संस्कृत विश्व विद्यालयले उत्तरमध्यमा तहको अध्ययन अध्यापन कार्य गर्न सम्बद्ध प्राप्त विद्यापीठको व्यवस्था गरिसकेको हुनाले, गुरुकूल परमपरामा थालनी भएको पठन पाठन परम्पराले उ.म. तहसम्मको विद्यापीठ स्तरीय अध्ययन अध्यापन परम्परामा पदार्पण गरेको पाइन्छ । आशा छ, यस क्षेत्रको शैक्षिक उन्नयमा विश्व विद्यालयको सुदृष्टि पर्नेछ । पठन पाठनमा सुगमना ल्याउनका निम्ति २०३० सालतिर त्यस "निम्वार्क पीठ" का वर्तमान व्यवस्थापक पं. श्री छविरमण उपाध्याय ज्यूले आफ्नो सक्रियतामा आठ कोठे छात्रावासको निर्माण गरी केही विद्यार्थीहरुलाई आवास व्यवस्था समेत गरेको पाइन्छ ।

यस प्रकार प्राकृतिक सम्पदाको रुपमा रहेको केलादीघाट प्राचिन गुरुकुल परम्परालाई स्मरण गराउने, महत्वपूर्ण स्थानको रुपमा रहनुका साथै पूर्वीय सभ्यता र संस्कृतिको जगेर्ना गर्न सक्षम पाइन्छ । साथै संस्कृति शिक्षाको उन्नतिमा लाग्नु यस क्षेत्रको नै प्रसंशनीय कार्य मान्न सकिन्छ । यस क्षेत्रको विस्तृत अध्ययन गरिनु अपेक्षित हुन्छ र प्रकृतिको सुरम्य आंगनमा रहेको यस क्षेत्रमा भक्तिले मौलाउनु पर्छ, संस्कृतिले फैलिनु पर्छ र संस्कृति शिक्षाले उन्नतिको शिखरमा चढ्नु पर्छ । आधुनिक सभ्यताबाट अलग्गै रहेको यस पुण्यभूमि प्रतिको अगाध आस्थाले यो लेख जन्माएको मात्र हो, तर यत्तिमा केलादीघाट समेटिन संभव अवश्य नै हुँदैन । त्यसैले यस क्षेत्रतर्फ विद्वानहहरुको सुदृष्टि रहने नै छ । मलाई आज पनि त्यस यात्राको र त्यस ठाउंको सम्झनाले आकर्षित गरिरहेको छ । त्यहांको कीर्तनको स्वर कानमा गुञ्जिरहेको जस्तो महशुसु भइरहन्छ ।

अस्तु ।

शुभकामना

स्वतन्त्र विद्यार्थी यूनियन रूरू संस्कृति क्याम्पस रिडी गुल्मीद्वारा प्रकाशन हुन लागेको प्रथम अंक पत्रिका रुरु सन्देशले आफ्नो साहित्यिक कृति देशका कुना काप्चामा पुऱ्याउन सकोस् साथै यस पत्रिकाको अङ्ग विस्तार हुँदै जाओस् भन्ने शुभकामना टक्त्याउँछौं ।

नेपाल विद्यार्थी संघ
रूरू संस्कृत क्याम्पस
रिडी, गुल्मी
इकाइ समिति परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री निम्वार्क महामुनिन्द्राय नमः

नारायण प्रसाद भण्डा
शास्त्री तृतीय
शरद

जांदा वर्ष ऋतु शशी आए प्रकाशै छरि अति
शरद हो त्यो ऋतु बुझ मनुज सबले शुभ भनी ।
नभ स्वच्छै स्वच्छ छ निलो रङले शोभित सबै
विधाताबाट नै रमणिय शरद् सिर्जित भयो ॥

शशिका तेजिला किरण लिएका ती कुमुदिनी
प्रफूल्ल छन् मस्त नववधु विहामा सरी अनि ।
अहो ! तिन्को भाग्य बहुसत छ ऋत तयो शरदमा
विधाताका बल्ले ऋतु त्यो हुन गो सुन्दरमय ॥

शरद्का दिनमा नै नदीहरु बग्दछन् भई सफा
गति तिनको फेरिन्छ सरल सु-साधुसरी अति ।
पृथ्वी फेरि धेरै रमणिय छ धानले पनि अति
अहो ! कैले देखि यो ऋतु चलेको सुन्दर अति ॥

पाक्ने गर्छ धान पृथ्वी नै पहेंलिपुर गरी
रम्ने गर्छन् पक्षी दिन आए सुनौला भनी अति ।
हावाका साथैमा रमणिय वयली लेखिदिंदा
हर्षित हुन्छन् कृषक रमणिय छटा त्यो हेरि अति ॥

वडादशैं पर्ने शरद ऋतुको त्यो समयमा
हो त्यो हिन्दु जनको अति ठूलो हिउँदे पर्व शुभ ।
पूजा हुने गर्छ देवी भवानीको नौ दिन समन्
हुने गर्छन् गद्‌गद् घरहरु सिंगारी सव अनि ॥

टीका थाप्ने गर्छन् वसी अघि ठूला मान्य जनका
दिने गर्छन् सवले टीका सहित शुभाशीर्वाद्‌हरु ।
सबैका घरघरमा टीका लिनेदिने नै बहुलता
अहो ! रामकै पालादेखि चलिरहेको पृथ्वीमा ॥

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो नारी- समाज

- कृष्णराज ज्ञवाली
शास्त्री तेश्रो वर्ष

नारी र पुरुष दुवै एउटै आमाका सन्तानहरु हुन् ती दुईमा केही भेद छैन तर हाम्रो समाजमा नारी र पुरुषहरुमा धेरै भेद देखिन्छ यो अत्यन्त दु:ख लाग्दो कुरा हो । नारीलाई विभिन्न किसिमले होच्याउने तथा दवाउने गरिन्छ । हाम्रो समाज अझै पनि प्राचीन युगमा नै रहेको देखिन्छ । समाजमा नारीलाई पूर्ण स्वतन्त्रता दिइदैन । उनीहरु एक शब्द बोल्दछन् भने तिन शब्दमा त्यसको आलोचना गरिन्छ । उनीहरु एकलै ४/६ घण्टाको बाटो हिडेमा उनीहरु माथि विभिन्न शंका-उपशंका गर्ने गरेको पाइन्छ । अझै पनि कुनै कुनै ठाऊँमा नारीहरुले समाजमा बोल्नु हुन्न भन्ने धारणा छदैछन् । उनीहरुले समाजमा बोलेमा उत्ताउली भन्ने गर्दछन् । समाजमा नारीहरुले आफ्ना हक र अधिकारको वारेमा आवाज उठाउंदा पनि विभिन्न प्रकारले निन्दा गरिन्छ । आजको यो प्रजातान्त्रिक एवं चेतनशील युगमा पनि नारीलाई दवाउन खोजिन्छ हाम्रो समाज अघि बढ्न नसक्नुको मुख्य कारण पनि यही हो ।

नारीहरुलाई स्वतन्त्रता तथा आफ्नो हक र अधिकार प्रदान गर्नको लागि सरकारले अथक र अनवरत प्रयास गर्दै आइरहेको छ । २/४ जना नारीहरु मन्त्रालयसम्म पुग्न पनि सफल भएका छन् । यत्तिले मात्र उनीहरुले सम्पूर्ण कुराहरु प्राप्त गर्न सक्दछन् त ?

खास गरेर नारीहरु पिछडिनुको मुख्य कारण उनीहरुमानै निहित छ । समाजको भनौं मानिसको प्रकृति नै यस्तो हुन्छ कि (चाहे पुरुष होस् चाहे महिला) जो दब्दछ त्यसलाई अझ दवाउन खोजिन्छ । नारीहरुमा विशेष गरि पुरुषमा भन्दा लाज, डर र त्रास बढी हुन्छ । उनीहरु समाजमा सोझै भिड्न सक्दैनन् । समाजको विभिन्न विकृतिहरुलाई समस्याको रुपमा समाधान नगरेर, विकृतिहरु सङ्ग जोगिएर बस्न खोज्दछन् । त्यसैले उनीहरुलाई तिनै विकृतिहरुले अगाडि बढ्न वाधा पुऱ्याईराखेका हुन्छन् । नारीहरुमा एउटा यस्तो संकीर्ण भावना रहेको पाइन्छ "हामी छोरीको जात अर्काको घर जानु पर्छ, धेरै बोल्नु हुँदैन, पुरुष भनेका हाम्रा सर्वश्व हुन्, पति भनेका ईश्वर हुन्, उनले जे गरे पनि सहेर बस्नु हाम्रो कर्तव्य हो ।" यसै कारणले नारीहरु समाजमा दवेर बसेको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाजको प्रकृतिलाई विश्लेषण गर्दा नारीहरुको शोषण नारीबाटै हुन्छ पुरुष होइन । समाजमा नारीहरुका टीका टिप्पणी नारीबाटै भएका हुन्छन् । सासु र बुहारी मध्ये सासु वयस्कै भए पनि बुहारीले सेवा शुश्रुसा गर्नैपर्दछ । तर बुहारी बिरामी नै पनि सासुले त्यस्तो किसिमको सेवा गराउनु पाप हो । समाजमा नारीका धेरै विकृति नारीबाटै उत्पत्ति भएका हुन्छन् । यिनै यावत कारणहरुले गर्दा नारीहरुको विकास ह गाउँले समाजमा हुन सकेको छैन ।

हामी समाजलाई मात्र दोष लगाएर नारीहरुको शोषण र विकासको गतिरोध हेर्न सक्दैनौं । यसमा नारीहरुका लागि धेरै कमी कमजोरीहरु छन् तर सबै नारीहरु स्वभाव उस्तै हुन्छ भन्न सकिँदैन औषत रुपमा विश्लेषण गरिएको छ । जहिले पनि काम गर्दा अरुको डर मान्नु भन्दा, यो उचित छ कि अनुचित छ ठहऱ्याउन सक्नु प । उचित छ भने निर्धक्कसङ्ग गर्न सकिन्छ । यदि उचित काम गर्दा पनि त्यस आलोचना आएमा डटेर सामना गर्नुपर्छ न कि दबेर । तर यस्तो प्रबृत्तिको विकास हा समाजमा हुन सकेको छैन । अर्को कुरा कतिपय नारीहरु आफूलाई यो सम्झन्छन् हामी कसैको छत्र छायामा बसेर उसैको आदेश र इशारामा चल्नु हाम्रो कर्तव्य उनीहरुले, कसैको छापामा बस्ने भन्दा कसैलाई आफ्नो छत्रछायामा बसाउने सोँच राख्नु उपयुक्त हुन्छ । यसले मात्र नारी समाजको विकासको गति अघि बढ्न सक्छ

दाइजोको चलन चल्तिले पनि हाम्रो समाजमा एउटा विकृति पैदा गरेको दाइजोले नारीहरुप्रति एउटा अन्याय र अन्यौलको स्थिति जन्माउन पुगेको छ । दाइजो करणले गर्दा गरिवका छोरीबेटीको विवाह सहजै हुन मुस्किल पर्दछ । कतिपय नारी विवाह पश्चात थोरै दाइजोको कारणले परिवारमा अपहेलित जीवन विताउन भएका हुन्छन् भने कसैले ज्यानै पनि गुमाउन पुगेका कैयौं समाचारहरु हाम्रो कान ठक्कर लाग्न पुगेका छन् । दाइजो भन्ने कुरा एउटा समाजका धनाढ्य भना सम्मानितहरुले देखाउने रवाफ हो । आज भोलि दाइजो प्रथा धेरै कम भए पनि कतै दाइजो तोक्ने गरेको पाइन्छ । यसलाई कानूनी तवरबाट नै समाप्त पार्नु उचित । समाप्त पार्नु पर्दछ ।

हिजो आज व्यापक रुपमा हल्लामा आएको नारी-पुरुष समानतामा कतै कतै लाग्न थालेको पाइएको छ । नारी र पुरुष समान हुन समान हक र अधिकार पा पर्दछ । तर समाजमा त्यसले कुनै किसिमको विकृति पैदा गर्नु हुँदैन । नारीले पुरुषले (छोरीले पनि छोराले) सरह पैत्रिक अंश पाउनु पर्छ भन्ने यो नारीहरुको आवाज हो । छोरा र छोरी एउटै आमाका सन्तान हुन् भने छोराले अंश पाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोरीले नपाउने किन ? एउटै आमाका सन्तानमा पनि किन त्यत्रो अन्याय ? वास्तवमा त्यो नारीमाथिको अन्याय नै हो हुन त, तर हाम्रो हिन्दु संस्कार र परम्परा अनुसार केटाको घरमा केटी जाने केटाको घरमा नै दुवैको जीवन यापन हुने चलन छ। जसरी दाइजोले समाजमा विकृति सृजना गरेको छ। त्यसरी पैत्रिक सम्पत्तिले पनि समाजमा विकृति सृजना गर्छ कि ?

समाजमा कानूनी रुपबाट छोरीलाई छोरा सरह समान अधिकार प्राप्त गराइयो भने, छोरी आफ्नो विवाह पश्चात सम्पत्ति पनि लिएर जाने नै भए त्यो अधिकारको कुरा हो त्यो सम्पत्ति हुन त उनीहरुकै स्वामित्वमा होला तर (माथि नै भनिसके पति भनेका ईश्वर हुन्, उनले जे गरेपनि सहनु हाम्रो कर्तव्य हो) पछि त्यो सम्पत्ति स्वामीले नै हात पार्ने छन्। (अर्को कुरा समाजलाई एकै चोटी परिवर्तन गर्न सकिन्न)

जसरी धेरै दाइजोको लोभले समाजका कतिपय व्यक्ति हिड्दछन् त्यसैगरी कानूनी मान्यता प्राप्त यस पैत्रिक अंशका पछि त झन् धेरै व्यक्ति हिड्ने छन्। हो, धेरै सम्पत्ति हुने परिवारकी छोरीको विवाह त सहजै हुन सक्ला तर थोरै सम्पत्ति हुने तथा सानो सम्पत्ति हुने परिवारका छोरी वेटीको विवाहमा समस्या नआउला त ? पक्कै पनि आउँदैन भन्न सकिदैन। नेपालमा छोराको संख्या भन्दा छोरीको संख्यामा दिन परदिन वृद्धि हुदैछ। जसरी छोरीलाई सम्पत्ति वाला असल पति पाएर सुखी जीवनयापन गर्ने रहर हुन्छ त्यसरी नै पुरुषलाई पनि सम्पत्ति वाला असल, चरित्रवाली केटी विवाह गरेर जीवनलाई सुखी पार्ने रहर हुने छैन भन्न सकिदैन। यहि कानूनी तवरले छोरीले अंश पाउने मान्यता दिइन्छ भने, जसरी अहिले पुरुषको घरमा नारी जाने चलन छ, त्यसैगरी नारीको घरमा पुरुष आउने चलनको पनि विकास गर्न सक्नु पर्दछ।

(पैत्रिक सम्पत्तिमा छोरा र छोरीको समान अधिकार हुनुपर्दछ) यो भनाई हुन त अति न्याय संगत छ।

सन्तोष अध्ययनको शत्रु हो।
समय सबै भन्दा ठूलो शिक्षक हो।

शुभकामना

स्वतन्त्र विद्यार्थी यूनियन रूरू संस्कृत विद्यापीठद्वारा "रूरू सन्देश" नामक पत्रिका प्रकाशन गरी अति सह्रानीय काम गर्न सफल भएकोले स्व.वि.यू. रूरू संस्कृत विद्यापीठको उत्तरोत्तर प्रगतिहोस् यहि शुभकामना व्यक्त गर्दछौं।

अनेरास्ववियू प्रा.क.
एवं कमिटी परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्मस्थान र छोरी

-गंगा ज्ञवाली
रुरु सं. विद्यापीठ
शास्त्री प्रथम, रिडी

रुरु क्याम्पस आंगनमा सधै खेलु जस्तो लाग्छ,
कतै कही गएपनि यहि ठाउंको माया लाग्छ ।
सम्झना छ आंखाभरी हुर्केको योबढेको ठाउँ
वेदना छ मनैभरी छोडी जांदा प्यारो गाउँ ॥

साथीभाई इष्टमित्र संगै बसुँ जस्तो लाग्छ,
विरानो नै पारिदिंदा यो मन सारै रुंदो रैछ ।
कस्तो रैछ छोरी जाति जन्म ठाउं नअटाउने
कस्तो रैछ भाग्य यहां सोंचेको क्यै नपाउने ॥

गुरुको यहाँ मान हानी मैले कति गरे हुंला
साथीहरुको साथमा मैले भूल धेरै गरे हुंला ।
अज्ञानी छु विद्यार्थी हुं माफ मलाई दिनुहोला
प्यारो साथी सम्झी मेरो भूल सबै विर्सनोला ॥
देख्दा भेट्दा कैले पनि नतर्किइ बोल्नु होला ।
मायाँ ममता सधै भरी मलाई साँची दिनुहोला ॥

समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृक्ष

- मीरा ज्ञवाली
रुरु सं. विद्यापीठ
शास्त्री द्वितीय वर्ष

धर्तीलाई हराभरा र रसिलो पार्ने तिमी बृक्ष हौं
हाम्रा हेर किसानका त पसिना पुछ्ने तिमी वृक्षा हौं ।
मान्छेलाई र जन्तुलाई फल दी पाल्ने तिमी बृक्ष हौं
सारा सज्जन देवलाई पुजिने पुष्पै दिने बृक्षा हौं ॥
नेपालीको विपुल महिमा उच्च पार्ने तिमी हौं
नेपालीको तन तिर सधै कान्ति भनै तिमी हौं ।
संसारैमा अतीशय ठूलो नाम राख्ने तिमी हौं
अग्ला-अग्ला शिखर पहिरा रोक्न सक्ने तिमी हौं ॥
मीठामीठा फल र हिम भैं कुञ्ज रच्ने तिमी हौं
बाली-नाली तिर पनि जलै झार्न सक्ने तिमी हौं ।
यो विश्वैको सफल रचना गर्न सक्ने तिमी हौं
धर्तीलाई अमर नगरी पार्न सक्ने तिमी हौं ॥

"अपराजिता"

शान्तिको फुलबारी

सुश्री निरला शर्मा
शास्त्री दोश्रो वर्ष
रुरु संस्कृत विद्यापिठ

न उजाड तिमी यो आफ्नै ,
शान्तिको फूलवारीलाई
न पोखाइदेउ धुलोमा तिमि
कोपिलाको अमृत जस्तो आशुंलाई ॥
नउठाऊ अस्त्र ,न फेंक, भाला,
आफ्नै चेलीको सिन्दुरमा
नवन हत्यारा नवगाऊ निर्दोषी रगत
आफै हुर्केको आमाको काखमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मलाई नसोध

दिलु थापा
उ.म.१

क्षितिजको सूर्यलाई सोध
अथाह जलनका पिडाहरु ॥
मेरो मुटूको माझ हेर
असाहय वेदना र चोटहरु ॥
वसन्तको वहारलाई सोध
अङ्ग र खुशीको लहरहरु ॥
कृपया मलाई नसोध
घात-प्रतिघातका व्यथाहरु ॥

विजय हाम्रो नै हुनेछ

गोपी प्रसाद भण्डारी
उत्रर मध्यमा (प्रथम वर्ष)

जाग हातमा कापी कलम वोकनेहरु ।
शैक्षिक अध्यारोमा रुने हरु ।
हाम्रो विजयको अन्तिम सीमा आइसक्यो ।
सूर्यले मधुर कान्ति छाइसक्यो ।
मलाई लाग्छ यहाँ शिक्षाको उज्यालो हुनुपर्छ ।
जनतालाई शिक्षाले आनन्दित पार्नुपर्छ
जस्तो परिस्थितिमा पनि विद्यार्थी एकजुट हुनुपर्छ ।
शिक्षाले सवैलाइ छुनुपर्छ ।
हातमा हतियार होइन कापी कलम वोकेर जानु पर्छ ।
विद्यार्थीको भावना वोकेर जानु पर्छ ।
लामो मार्ग छ शिक्षाको टेढो र मेडो छ यो ।
सफल गर्दछौं विद्यार्थीहरुले यहा रोक्छ को ?
मध्यान्हपखको प्रदीप सविता उ हेर आभा काण ।
विजय छोप्न विद्यार्थीहरु वन्नु छ जागरण ।
सफलता हात थापिरहेछ ,विजया अघि लागिरहेछ ।
विजय हाम्रो नै हुनेछ , विजय हाम्रो नै हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीत

लक्ष्मी पन्थी
शास्त्री प्रथम वर्ष
रूरू क्याम्पस

अघि वढ्नलाइ, साथी रुरु क्याम्पस रमाइलो
छ नि त पढ्नलाइ विकास गर्नलाई

१. विकास गरौं, क्याम्पसको नाममा साथी
रुरु क्याम्पसमा मेरो नि छ शुभकामना
अघि वढ्नलाई.....

२. रमाइलो,यो क्याम्पस हाताम्रा साथी
हरियाली छ नि त क्याम्पसको पाखामा
अघि वढ्नलाई.....

३. काली गंगा, वगेकी सलल साथी
रुरु क्याम्पस दियो झै वलोस है झलल
अघि वढ्नलाई.....

४. उत्तर -उत्तर प्रगति गरोस है, साथी
रुरु क्याम्पस विश्वमा अमर रहोस है
अघि वढ्नलाई.....

५. फुलोस फलोस यो रुरु क्याम्पस साथी
ठाउ ठाउमा चिनियोस सवैमा आपस
अघि वढ्नलाई साथी रुरु क्याम्पस रमाइलो
छ नि त पढ्नलाई विकास गर्नलाई

समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDE

अब बाँकी के रहन्छ

मन्जु ज्ञवाली
उ.म.२

१. कुनै दिन देवदत्त ऋषिले तपस्या गर्दा भए
तीनको घोर तपस्याले देवेन्द्र डराउदा भए ।
२. घोर तपले डग्मगायो इन्द्रासन
पठाए इनद्रले परी मुनि तप नासन ।
३. गरिन अप्सराले हाउभाउ ऋषि तप वासन
भङ्गपारिन ऋषि तप छरिन काम वासना ।
४. चिन्तित भए मुनी जो फसे मोहमा भनी
भागे ती ऋषी गण्डकी पारी तप गर्नभनी ।
५. भागे ऋषि प्रम्लोचा ती एक्ली भइन
जन्माइ एक कन्या स्वर्ग जांदी भइन ।
६.छोडी गइन कन्यालाई गण्डकी तटमा
फेला पारी मृगिणीले लिए आफ्नो साथमा ।
७. स्तनपान गराइ पालन पोषण गरी मृगी त्यो रुरुले
रुरुद्वारा पालित तीनलाई रुरु कन्या भन्न थाले अरुले ।
८. रुरु कन्याकै नामले यो ठाउँ प्रसिद्ध हुन गयो
रिडी काली संगम छेउ पावन क्षेत्र रुरु भयो ।
९. मुनि वेदव्यास होइन म, जे सुन्दै छु सो देख्दै छु
वेदनाशी पनि म होइन , जे देख्दै छु त्यै लेख्दै छु
१०. रुरु क्षेत्रको महिमा गर्नेमात्र होइन दोष पनि दिनु पर्छ
प्रशिद्ध छ भन्ने मात्र होइन प्रशिद्धता पनि वढाउनुपर्छ ।
११. प्रशिद्ध तीर्थस्थल रुरु क्षेत्र यो भग्नावशेष भै सक्यो
रुरुवाट मात्र होइन धर्मसंस्कृति देशवाटै गै सक्यो ।
१२. धर्मको नाममा यहा केवल मठ मन्दिर रहे
धर्मकै नाममा सत्तल पाटी वाढी पैहोमा गए ।
१३. धर्मकर्म र संस्कृतिकको नाममा यहाँ ठर्रामात्र रहिरह्यो
अरु छोडौं पुजारीको त डिष्टिलरी खोल्न तिर मन गइसक्यो ।
१४. जलको ठाउँमा यहाँ रक्सी र वीयरले आश्रय पायो ।
शालिग्रामको सट्टा यहाँ अण्डाले स्थान जमायो ।
१५.पहिले गहिराइमा वहने खोला अहिले उचाइमा वहन्छ
अव पनि जिर्णोद्धार र संरक्षण नगरे वांकी के रहन्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्युत शक्तिको उत्पत्ति र नेपालमा त्यसको विकास

खगेश्वर गौतम(भावुक)
शास्त्री प्रथम वर्ष
रुरु संस्कृत विद्यापीठ (क्याम्पस)
रिडी,गुल्मी, लुम्बिनी

वर्तमान आधुनिक युगमा विद्युत शक्ति हाम्रो जीवनको एक अभिन्न अंग भै सकेको छ । मानव जीवनको दैनिक प्रयोगमा अति आवश्यक वस्तुको रुपमा प्रतिस्थापित भै सकेको विद्युत शक्ति के हो र कसरी उत्पन्न भयो भन्ने जान्नु पनि नितान्त प्रयोजनीय छ ।

विद्युत शक्ति खासगरेर दुइ किमिमको हुन्छ । एक स्थिर र अर्को धारा विद्युत ।हामी जे सुकैले पनि अनुभव गरेकै कुरा हो जव नाइलनको कपडा शरिरवाट फुकाउँदा (फुकालिन्छ) तव एंक प्रकारको पट्पट् आवाज निस्कछ । अध्यारो स्थानमा एक प्रकारको भिल्का समेत देखिन्छ । यसको उक्त वस्तुले देखाएको गुण नै वास्तवमा स्थिर विद्युतको उदाहरण हो । स्थिर विद्युतको वारेमा अझ वढी स्पष्ट पार्न र त्यसको उदाहरणको वारेमा अवलोकन गर्न कुनै प्लाष्टिकको काइयो वा कलम कपालमा रगटेर कागजका स-साना टुक्राहरुको नजिक लगेर हेर्न सकिन्छ । यसरी स-साना कागजका टुक्रा नजिक काइयो वा कलम लैजादा ती कागजका टुक्राहरु काइयो वा कलम तिर आकर्षित हुन्छन् । यो स्थिर विद्युतको गुण हो र यो गुणले मानव जातिको सम्भयतामा खासै असर पुऱ्याउनै सकेन । खोज अनुसन्धानको क्रममा सेलको विकास भयो । वैज्ञानिकहरु सेलको विकास गर्न सफल भए पनि सेलवाट नै मानव जातिका सम्पूर्ण कामकाजहरु पूरागर्न सम्भव थिएन । सेलको विकास भन्नुमा केवल डाइरेकट करेनटको विकास मात्रै हो । विभिन्न बैज्ञानिकहरुले आफ्नो खोज अनुसन्धानलाई अगाडी वढाइरहेका थिए । सवैको मनमा विद्युत शक्तिलाई निरन्तर रुपमा कसरी पाउन सकिन्छ र कुन चिजवाट यो सम्भव छ भन्ने थियो । यही भावनालाई अगाडी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वढाउदै जांदा आफ्नो अनुसन्धानको क्रममा जर्मन वैज्ञानिक माइकेल फयाराडेले सन् १८३१ मा चुम्वक शक्तिवाट विद्युत शक्ति निकाल्न सकिने कुरा प्रकाशमा ल्याए । उनले आफ्नो अनुसन्धनको क्रममा भएको घटनालाई स्पष्ट रुपमा व्याख्या गर्दै भनेका थिए । यदी कुनै तारलाई चुम्वकिय वल रेखालाई काटने गरी चलमा ल्याइन्छ भने उक्त तारमा करेन्ट उत्प्रेरित हुन्छ । उनका अनुसार उनले आफ्नो प्रयोगमा एउटा सानो विद्युत परिपथकोतारवाट फलामको किल्लालाई फनफनी वेरेर सो परिपथमा विद्युत प्रवाहित गरेका थिए । सो कृयावाट उक्त फलामको किल्ला अस्थायी चुम्वकको रुपमा परिणत भएको पाए । उनले अनुसन्धानलाई दोहोराएर हेरे, जतिवेलासम्म उक्त फलाममा विद्युत प्रवाह गरिन्छ तव सम्म सो फलाम चुम्वकीय गुण मै रहिरहयो । यो आफ्नो कृयावाट माइकेल फ्याराडेको मनमा एक विचार उत्प्रेरित भयो ।

जव कुनै विद्युतद्वारा चुम्वकीय गुणको उत्पादन हुन्छ भने चुम्बकीय शक्तिद्वारा पनि कुनै किसिमको विपरितक्रिया हुन सक्छ । यसरी अध्ययन गर्दै जादा माइकेल फयाराडेले एउटा शक्तिशाली (यू आकारको) चुम्वकको माध्यमवाट ग्यालभानो मीटर(जसले सूक्ष्म करेन्टको मान गर्दछ) संग जोडिएको तारलाई तलमाथि चलाए त्यस कृयावाट ग्यालभानो मिटरको सुइ दायावाया चलेको देखियो तव यो पुष्टी भयो कि कुनैविद्युत शक्तिवाट चुम्वक शक्ति वनाउन सकिन्छ भने चुम्वक शक्तिवाट पनि विद्युत शक्ति उत्पादन गर्न सकिन्छ । माइकेल फयाराडेले यो पत्ता लगाएकी विद्युत उत्पादनमा वृद्धि गर्न निम्न तीन कुरामा बृद्धि गर्नु पर्दछ । १, चुम्वन शक्तिलाई वढाएर २. चुम्वकलाई घुमाउने शक्तिको वेगलाई वढाएर ३. तारको क्वायलको फेरोलाई वढाएर मोटर. साइकलको विजुली वल्ने प्रक्रिया वा जल विद्युत केन्द्रद्वारा विद्युत उत्पादन गर्ने पक्रिया होस् पक्रिया एउटै हो । मोटर साइकलमा पनि टायरले चुम्वकलाई फन फनी धुमाउदछन । जलविद्युत केन्द्र मापनि पानी घट्टले चुम्वकलाई फनफनी धुमाउँदछ । माइकेल फ्याराडेको यस अनुसन्धानत्मक पक्रिया वमोजिम नै संसारभर विद्युत उत्पादन गर्ने गरिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

। उक्त माइकेल फयाराडेको अनुसन्धानात्मक कार्यले मानव जातिको सभ्यतामा दुरगामी असर पाऱ्यो । त्यसैको प्रतिफल स्वरुप आज हामीहरुले विभिन्न कलकारखानाहरु चलाउन पाएका छौं । सारा विश्व नै जाज्वल्यमान भएको छ । घडी जस्तो सानो चिज र बस जस्ता ठूला चिजहरुदेखि लिएर खाना बनाउने आगो ताप्ने जस्ता कार्यहरु पनि विद्युतको प्रयोगवाट भै राखेको छन् । त्यसैले भनिन्छ पनि यदी माइकल फयाराडेले आफ्नो अनुसन्धानलाई त्यतिकै रोकेको भए अथवा चुम्वकिय शक्तिवाट विद्युत शक्ति उत्पन्न हुन सक्ने कुरा पत्ता नलागाएको भए हाल विश्वमा भएको आधुनिकीकरण र विकास निर्माणको कुल प्रतिशतको ५% पनि हुन सम्भव थिएन । नेपालमा विद्युतीय शक्तिको विकास वि.सं.१९६८ मा फर्पिङ्ग जल विद्युत आयोजनावाट ५०० कि.वा. विद्युत उत्पादन गरी शुभारम्भ गरिएको थियो । सर्बप्रथम विजुली अड्डाको नामबाट शुभारम्भ गरेको विद्युत वितरणमा गर्ने संस्था पछि नेपाल विद्युत कार्पोरेशन र २०४२ सालमा नेपाल विद्युत प्राधिकरणको नाममा स्थापित भएको हो । फर्पिङ्ग जलविद्युत आयोजना पछि नेपालमा क्रमशः सुन्दरीजल काठमाडौंमा ६४० कि.वा. वि.सं.१९९२ मा, पनौति काभ्रेमा २४०० कि.वा.वि.सं. २०२२ सालमा, रुसको सहयोगवाट र त्रिशुली नुवाकोट २१००० कि.वा.वि.सं. २०२३ सालमा भारत सरकारको सहयोगमा उत्पादन कार्य शुरु भएको हो । त्यसै गरी २०२४ सालमा चीन सरकारको सहयोगमा पोखराको फेवामा कुल १०८८ कि.वा.वि.सं.२०२८ सालमा ब्रिटीस सरकारको सहयोगमा १०२४ कि.वा. रुपन्देही जिल्लाको तिनाउमा (जुन आयोजना भूमिगत जल विद्युत आयोजना मध्येको प्रथम आयोजना हो) २०२९ सालमा चीन सरकारको सहयोगमा १००५० किवा(सुनकोशी) सिन्धुपाल्चोकमा उत्पादन कार्य शुरु भएको हो । यसरी नेपालमा विभिन्न देशका अनुदान र सहयोगमा अन्य थुप्रै विद्युत आयोजनाहरु पूरा भएका छन् । हालसम्म लगभग ७०-७५ स्थानवाट विद्युत उत्पादन कार्य पुरा गरिसकिएको छ भने केही स्थानमा विद्युत उत्पादन कार्य पूरा हुदैछ । भरखरै मात्रै निर्माणधीन अवस्थामा रहेको कालीगण्डकी ए जल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्युत आयोजना राष्ट्र संघीय विकाश कार्यक्रमको वित्तीय सहयोगमा विस्तृत सर्वेक्षण भए अनुसार १४० मेघावाट विद्युत उत्पादन गर्ने लक्ष्यका साथ अगाडि वढिरहेको छ। यो आयोजना कोइला र डीजल प्रयोग गरी उत्पादन गरिने विद्युत भन्दा सस्तो र भरपर्दो रुपमा पूरा हुनेछ। गण्डकी अंचलको स्याङ्जा जिल्लामा कार्यन्वयन हुन गैरहेको यो आयोजनाको कुल लागत सडक प्रसारण लाइन भूमिअधिकरण वातावरण संरक्षण समेत गरि २९ करोड ५३ लाख अमेरिकी डलरमा पूरा हुने अनुमान छ। सन २००० सम्ममा उत्पादन कार्यपूरा गर्ने लक्ष्य राखिएको यस आयोजनावाट नेपालका समस्त पहाडी जिल्लाहरुलाई सरल र सुलभ रुपमा विद्युत सेवा उपलब्ध गराइ नेपालका अन्य क्षेत्रहरुमा समेत विद्युत आपूर्ति गरिने छ।

विद्युत उत्पादन भइ सकेका निर्माणधिन अवस्थामा रहेका विद्युत आयोजना लगाएत नेपाल मा अन्य प्रस्तावित आयोजनाहरु पनि प्रस्तत छन। जसमा अरुण तेश्रो प्रथम स्थानमा छ। अनुमनित ५९ करोड ९३ लाख ७९ हजार अमेरीकी डलरमा ६९ मेगावाटका ६ वटा टर्वाइनहरुद्वारा प्रति वर्ष २९६०.३ मेधावाट विद्युत उत्पादन गर्ने लक्ष्य भएतापनि विभिन्न कारणहरुले गर्दा यो आयोजना कार्यान्वयन हुन सकेको छैन। त्यसै गरी प्रस्तावित आयोजनामा मर्स्याङदी, कुलेखानी तेश्रो कनकाइ वहुउदेश्यीय, देवीघाट, खिम्ती, इत्यादी पर्दछन। नेपाल जल श्रोतको हिसाववाट विश्वमा दोश्रो देश हो तापनि आफ्नो क्षमता हिसाववाट ४-५% पनि विद्युत उत्पादन गर्न सकेको छैन। यहाँ जलश्रोत माध्यमवाट मात्र नभएर अन्य माध्यमद्वारा पनि विद्युत उत्पादन गरिन्छ। जसमा सौर्य विद्युत केन्द्र र वायु केन्द्र पर्दछन्। सौर्य विद्युत केन्द्र अन्तर्गत सिमिकोट, हुम्लामा ५० किवा गमगढी मुगुमा ५० किवा गोदावरी सिन्धुपालचोकमा १० कि.वा तथा तातोपानी सिन्धुपाल्चोकमा १० किवा ,विद्युत उत्पादन गरिएको छ। त्यसै गरी वायूशक्तिवाट मुस्ताङग जिल्लाको कागवेनीमा २० किवा क्षमताको वायू विद्युत केन्द्रको थालनी गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शहीदहरुमा पञ्चापर्ण

नारायण प्रसाद रेग्मी (गाउले)
शास्त्री तृतीय वर्ष
रुरु संस्कृत क्याम्पस रिडी,गुल्मी
(मालिका ८ पञ्चासे जि.वाग्लुङ्ग अ,धवलागिरी)

यो छोरो वढला अवश्य पढला कर्तब्य जान्ला अनि ।
मेरोलागि अवश्य केही गरला पर्दा समस्या भनि ॥
धर्तीको रुचिलाइ संझि तिमिले त्यागीदियौ जीवन ।
त्यस्ता वीर अमर शहीदहरुमा गर्छु अवीरापर्ण ॥१॥

१

देशको मान र शान राख्न जसले त्यागीदिए जीवन ।
देशकै खातिर भाइ वन्धु र संगी छाडे सजीलै संग ॥
हामीलाइ पढाइ जो अधिगए कर्तब्यको चिन्तन ।
त्यस्ता वीर अमर शहीदहरुमा गर्छु म पुष्पार्पण॥२॥

२

आमाको मुखदेख्न मात्र हंसिलो ज्यानै गरी अर्पण ।
सारा रक्त वगाइ आज मुटूको धर्ती गर्‍यौं सेचन ॥
नामै मात्र लिदा पनि त मुखले श्रद्धाहुने मन्महा ।
त्यस्ता वीर अमर शहीदरुमा गर्छु म माल्यार्पण ॥३॥

३

खांउ खांउ र लाउ लाउ, भनिने वाल्यै अवस्था महा ।
होमिदै वलिवेदीमा गइगयो छैनौं तिमी धर्तिमा ॥
नामै एक अमर रह्यो जगतमा भुल्दैन हाम्रो मन ।
त्यसले नै त म गर्छु आज तिमिमा सुगन्धको अर्पण ॥४॥

४

आमा वन्धनमा परे सपुतले के गर्न सन्दैन र ? ।
आमालाइ लुछाचुडी हुन गए को धैर्यमा वस्छ र ? ॥
यो आदर्श लिइ भए शहीद जो संहारको यज्ञमा ।
त्यस्तालाइ म गर्छु आज दिनहु तप्ताश्रुको अर्षण ॥५॥

५

झारे होलान नयन जलझैं मोतिदाना सहस्र ।
रुन्छिन हेर पृथिवी पनि त्यो मृत्यु तिम्रो सुनेर ॥
नेपालीका ढुकढुकी तिंमी गै सक्यौ दुर आज ।
श्रद्धा मेरो दुइ नयनले धन्य छौ है शहीद ॥६॥

६

इति समाप्त (जय संस्कृतम्)

"पाप भोग्न त कोही पनि चाहदैनन्, तर पाप गर्न परे पछि पर्दैनन्"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत साहित्यमा अलङ्कारको महत्व

गणेश पाण्डेय(वल्कल
उप-प्राध्याप

साहित्य विकसित मानव सभ्यताको मापदण्ड हो । त्यसैले साहित्यलाई समाजको दर्पण पनि भनिन्छ । अझ साहित्य सिद्धाकारहरुका मतमा त साहित्यले समाजला सञ्जीवनी प्रदान गर्छ, जुन सञ्जीवनीले असुन्दर तथा भद्दावस्तु पनि चिटिक्क मनमोहक रुपमा परिणत हुन्छ । जस्तै सधै देखिएका अत एवं साधारण लाग्ने शिशिरको चिसोले कठ्याग्रिएका रुखका हांगा विंगा पनि वसन्तको आगमनले नयां र मनमोहक देखिन्छन् । भनौं सधै पुरानो मैलो घर घरवुनाको धोतिले व्रहिएर वसेकी युवती नवविवाहित प्रियतमले ल्याइदिएको सुन्दर लण्डनको सारीमा सजिएर मुस्कान भरेकी होउन् । जस्तै वौद्धिक र चिन्तनको दृष्टिले जर्जर, हीनतावोधको पीडाले मुण्ड निहुऱ्याएको चिन्ताग्रस्त व्यक्तिको कुनै नयां कल्पना र चिन्तनको विद्युतीय तरङ्गको झटकाले नयां आशा, विश्वास र स्व. अस्तीत्वको वोधले उत्पन्न भएको यौटा सुख मिठो मुस्कान हो यो ।

उखान तुक्का र अलंकारको प्रयोगले साहित्यमा नवीनता र चमक ल्याउंछ, । त्यसैले साहित्यमा अलंकारको महत्व सम्वन्धी चर्चा यहां अपेक्षित छ ।

अलंकार भन्ने वित्तिकै हाम्रो ध्यान गर गहना, फूल माला, चुरा पोते, टीका गाजल चन्दन आदि श्रृगारिक आभुषणमा जान्छ । यस्तै अर्थमा साहित्यमा पनि अलंकार शब्दको प्रयोग भएको हो यद्यपि कतिपय आचार्यले यसलाई यो रुपमा न लिएर विशेष किसिमको साहित्य(काव्य) तत्वको आत्माको रुपमा पनि लिने गरेका छन् । सौन्दर्य तत्वका पारखी आचार्य भामह अलौकिक चमत्कारपूर्ण वचनलाई अलकार मान्छन् । आचार्य वामन पनि यस्तै धारणा व्यक्त गर्छन् । उनी जीवनको उच्चतम लक्ष्य सत्यं शिवं सुन्दरम्‌लाई साहित्यको लक्ष्य मान्छन् । त्यसैले साहित्यको मूलभूत सौन्दर्यतव जसले साहित्य पारखीलाई अन्य समस्त वस्तुवाट भन्दा उच्चतम र रियाक्सन विहीन (परिणाममा पनि क्षति पुऱ्याउने) आनन्द प्रदान गर्न सक्छ त्यसैलाइ अलंकार मान्छन । ध्वनिवादी आचार्य यसलाई ध्वनितत्व मान्छन् भने रसवादीले रसतत्व भन्छन । तर वामनले यो व्याप भव्यतम उदान्त कोटिको अलंकार स्वरुप देखे तापनि व्यावहारिक प्रयोजनको निमित्त अन्य आचार्यकै परम्परामा हिडदै व्युत्पत्तिमा भिन्नता ल्याइ औपचारिक(गौण) प्रयोग गरेर शब्दार्थको माध्यमवाट कहिले काही काव्यतत्वको उपकार गर्ने उपमा आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दार्थका धर्मधर्मलाई पनि अलंकार मानेका छन । आचार्य दण्डीले काव्यका सम्पूर्ण असल पक्षलाई अलंकार भन्न मन पराउंछन् । तर ध्वनिवादी आचार्यले साहित्य सुन्दरीको स्वभाविक सौन्दर्यमा अझ चमक दमक र मिठास भर्ने तत्वलाई अलंकार मान्छन । जस्तै उन्मदाको पोटिलो स्तनकलश हार भित्र सजिएका या उज्वल नवोहित सूर्यको लालिमा युक्त निधारमा चिटिक्क सुशोशित रातो टीका अथवा कानमा झुण्डिएका सुन्दर लुर्का आदि होउन् । जुनसुकै रुपमा साकारेका भएता पनि कुनै पनि संस्कृत साहित्यका सिद्धान्तकारले अलंकारको महन्तताको उच्च मूल्यांकन गरेका छन् । जयदेवले अलंकार विना काव्य निष्प्राण हुन्छ । काब्यको विशेषता नै अलंकार हो जस्तै आगोको विशेषता पोल्नु हो भनेका छन् ।

साहित्य र अलंकारको सम्वन्ध संस्कृत साहित्यमा मात्र होइन विश्वका जुनसुकै भाषाको साहित्यमा पनि रहेको हुन्छ । तर कही कम महत्व दिइएको छ भने कतै वेशी महत्व दिइएको होला । तर अलंकारलाई जुन सम्मान संस्कृत साहित्यमा दिइएको छ त्यो महनीयंत सम्मान हो ।

जति सुकै सुन्दरी सोह्र वर्षीय तरुनीको सुन्दर अनुहार पनि क्रीम पाउडर लिपिष्टिक सुन्दर रातो टीका आदि प्रसाधानले युक्त जति आकर्षक प्रसाधनको अभावमा हुन सक्तैन । त्यस्तै जति सुकै सुन्दर अन्य काव्य तत्वलाई काव्यमा समावेश गरे ता पनि अलंकार छैन भने त्यति चमक दमक ल्याउन सक्तैन भन्ने आचार्य शाहको भनाइ संस्कृत काव्य शास्त्रमा सिद्धान्तको रुपमा स्थापित भयो ।

विश्व साहित्यका विशष्टि प्रतिभाहरु मध्ये अग्रस्थानमा रहने सौभाग्य प्राप्त गरेका नाम धन्य हाम्रा महाकवि कालिदास की जति स्वाद लिएपनि न अघाइने सुन्दरी अलबेली कविता कामीनीलाई यति प्रौढता, नविनता र आकर्षण वनाउने तत्व मध्ये अलंकार को कुशल संयोजन पनि यौटा प्रमुख तत्व हो । उनले आफ्नी उददाम प्रगल्था कविता कामीनीलाई अलंकार त्यसरी सिंगारेका छन् कि मानौं अलौकिक स्वप्न सुन्दरी मन्दमुस्कान र छड्के नजर नलाउँदै मणिमय पाइजेवको झम झम मधुरआवाजले आफ्ना प्रियतमलाई लठ्याउँदै आइरहेकी छन् र उनको प्रियतम सारा विषय वस्तुलाइ छोडेर उनैलाई जीवनको सर्वस्व ठानेर आलिंगन गर्ने आतुरताले रहेको होस् त्यसैले त १२/१३ वर्षको उमेर देखि ८०/८५ वर्ष को उमेर सम्म कालिदासकी कविता कामिनीसंग रमेका पारखी गदगदाएर भन्छन मेरो सिंगो उमेर कालिदासकी कविता कामिनीसंग किशोर हुदैमा वितेछ । तर अझै अघाइएको छैन र ती कामिनीमा अझ चकम दमक सौन्दर्यको अतुभूति वढदै जान्छ । कालिदासको यो महनीयतम गुणले उनलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वकाअग्रवी कवि तुल्यायो उनकी तरुणी शकुन्तला जस्तै कसैले न सुघेको महकदायी फुलगुच्छा जस्ती, नङले न छोएको पालुवा जस्ती, न स्यूरिएको कांचो रत्न जस्ती कसैले न चाखेको मिठासपूर्ण मह जस्ती समस्त पुण्यराशिको पुञ्जीकृत फल जस्ती सुन्दरी छन् त्यस्तै कविवरको कविता पनि नित्य नवीन लाग्ने नया आकर्षण नया ताजापन र सुनौला सम्भावना लिएकी छिन् । उनलाई यो सौन्दर्यक्षमता अलंकारले प्रदान गरेको हो । अलंकारमा पनि उपमा विशेष आकर्षण हुन्छ । त्यसैले आचार्यहरु यसलाई कविकी ममतामयी माता भन्छन । जुन्न उपमाले कविवर कालिदासका कृतिहरु चटक्क सजिएका छन् ।

चाहे कविकुलगुरु कालिदासकी उददाम नवयौवनले मत्मताएकी कविता कामिनी होउन् या भारवी की उपदेशीका नैतिक आचरण खोज्ने नारी होउन या भवभूतिकी करुणा प्रवाहमा तरंगीएकी सुख, दुःख, आँशु र हासो सवैमा साथदिने सती नारी जस्ती कविता होउन अथवा यस्तै माघ श्रीहर्ष वाण लगायतका विभिन्न प्रकृतिकी कविता नारी होउन अथवा पण्डित राज जगन्नाथकी आफ्नो आसाधारण सौन्दर्यमा धमण्डले चुर इर्ष्याकषयिक कविता कामिनी होउन् सबैले आ आफ्ना सुन्दर अङ्गहरुमा च अलंकार सजाएर यसको भरपुर उपयोग गरेका छन् ।

प्रौढ कवितामा मात्र होइन उपन्यास, नाटक, कथा, मुक्तकका स-साना सम्वादहरुम पनि अलंकारको सजावटले नयाँ सौन्दर्य सिर्जना गर्छ र साहित्य वढी आकर्षक हुने ए प्रमाणहरु हुन्छ ।

१. दृष्टपूर्वा अपि ह्यर्थाः काब्य रस परिग्रहात । सर्वे नवा ३वा शान्तिमधु मास वद्रुमाः आचार्यआनन्दवर्धनः ध्वनयालोक, उघोत ४, कारिका ४पृ.५६७, चौरवम्ब विद्याश्रवन वाराणसी २२१००१, ग्रन्थमालको ९७औं पुष्प पञ्चम संस्करण ।

२. निमित्ततो वचो यत्तु लोकातिक्रान्त गोवरम् । मन्यन्ते ९ तिशयोक्ति तामलका तयायथा शामहःकाब्यालंकार पृ.६ परिच्छेद २, कारिका ८१, विहार राष्ट्रभाषा परिष पटना ८००००४।

३. सौन्दर्यमलंकारः,४काब्यशोभायाः कर्तारो धर्माःगुणाःात दतिश देव्रतस्त्वलंकाराःकाब्यलंकार सुत्रवृत्तिःकाश३।२।१ र ३।१।२।५ काब्यशो कारम्धर्मानलंकाररान प्रवक्षते.का.६.२।१ र यच्च सन्ध्याङ्गवृत्तयाङ्गलक्षणधारगमान्त ब्यावर्णित मिदं चेष्टमलेकार तथैव॥ उही १।१४।

६.उपकुर्वत्ति तं सन्त यःङ्गद्वारेण जातुचित् । हारादिवदलंकारास्ते डनुप्रासो पमाद "आचार्यमम्मटः काव्यप्रकाशन, उल्लास ८ कारिका ६७२.८७ ७. अङ्गीकरोति यःका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दार्थावनलंकृती । असौ नभन्यते कस्मादनुष्णमनलंकृती ?" चन्द्रलोक: मयुख १, कारिका ८, पृ१० चौरवम्वा सुरभारती प्रकाशन २९ पुष्प,

८. न कान्तमपि निर्भूष विशाति वनिताननम् । भामह: काव्यलंकार , परि १, कारिका १३ पृ ७ विवरण पूर्वप्रदन्त ।९. माधेमेधे गत वय: संस्कृत लोकोक्ति । .

म के गरौं ?

त्रिभुवन रेग्मी "क्षितिज"
स्याङ्गजा जिल्ला ठूलाडिही गाविस
वार्ड नं. ९ नौलिगाडे
हाल: रुरु संस्कृत विद्यापिठ
शास्त्री तृतीय वर्ष
रिडी, गुल्मी, नेपाल

श्रावण माहिना थियो, बाहिर झ्याङ्झ्याम झरी परिराखेको छ । कुइरो पनि पातलो अवस्थामा घरमाथिको डांडातिर लागिरहेको छ झरिको कारणले बाहिरका मकैका पातहरु बजिरहका छन् । आधिखोले ढांचाको वाटाको घर छ, त्यसमा पनि पश्चिम पट्टिको तल्लोकोठा , कोठाभित्र शोफा, दराज, टी टेवुल र एक कुनामा बेत वासको किताव राख्ने न्याक छ त्यसमा एक खानमा विष्कुट दुइ दानासेव र दुइ पाकेट चाउचाउ छ भने अरुदुइ खानामा कितावहरुले भरिएको छ उत्तर पट्टिको पाटामा आफ्ना ३०-३२ ओटा प्रमाणपत्रहरु भित्तामा टांगिएको त्यसमाथि फ्रेम सहितको राजा रानीको फोटो टागिएको छ । कोठा हेर्दा रमाइलो खालको भए पनि वातावरण भने सुनसान र शुन्य छ ।

वेलुकी ठिक ९:१५ जस्तो वजेको थियो म खाना खाएर आफ्नो विस्तारामा सुतिसुति माइतघर उपन्यास पढिराखेको थिए त्यतिकैमा आधाआधी पुऱ्याएको मात्र के थिए त्यतिकैमा वत्ती ननिभाइकन किताव टाउकोले च्यापेर निदाएछु । दिनभरीको झरीको चीसो हावाले गर्दा मस्त निद लागेछ त्यतिकैमा सपना देख्न पुगेछु ।

म आफ्नो घर भन्दा पूर्वतिरको भीरपानीको वनमा शिकार खेल्न गएको थिए दाया काधमा वन्दुक वाया काधमा र दाय काधमा फिता लगाइ पछिल्तिर पिठ्युमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झोला वायातिर कम्मरमाा खुकुरी झुण्ड्याएको छु । पोशाक शिकारीकै अनुसारको रे । जादा जाद शिकारकै खोजमा वनको वीचमा पुगे । त्यहाँ एउटा राम्रो सझौला खालको सेता वाघ देखे अव मैले त्यसको शिकारको लागि दाया कांधवाट वन्दुक निकाले वन्दुक एउटा ढुङ्गाको माथिल्लो भागमा कर पारी वूढी औलाले माथिल्लो वटम ताने अनि पुन: निसाना लगाए निशाना ठिक छ । मैले केवल त्यसको शरीर वाहेक अरु केही देखेको छैन । त्यसपछि दाय हातको चोर औलाले तल्लो वटम खिचिदिए वन्दुर फाएर भयो । वाध भएको ठाउँमा वाघ नभएर अन्दाजी १९-२० वर्षकी युवती देखा परिन् । मलाई डर लाग्यो म अन्दधुन्दमा परे ! यत्तिकैमा मैले सोध्न पुगेछु तिमीलाई लाग्यो कि ! (उनले भनिन्)

मलाइ लागेको छैन, म कुशल छु, वरु हजुरलाई ?

मैले भने- मलाई पनि ठिक छ मत शिकारी मान्छे यसमा निपूर्ण छु ।

उनले भनिन- हजूरको साथमा कोइ आएका छन् कि छैनन् ?

मैले भने- नाइ आएका छैनन् ।

उनले भनिन्- उसो भए म हजूरलाई केही कुरा राख्छु है ?

म पनि भरखरको नव युवक ठिटो मान्छे वन्दुक र हतियारले सुसज्जित, मैले पनि हुन्छ राख भने ।

उनले भनिन- मेरो विवाह भएको छैन ।

मैले भने- म के गरौं ?

उनले भनिन- म आजसम्म विवाहकै निम्ति भौतारिएकी छु ।

मैले भने- म के गरौं ?

उनले भनिन- मैले हजुर जस्तो दीर्घवाहु र सहासी युवक खोजेकी छु ।

मैले भने- म के गरौं ?

उनले भनिन्-अव म हजुर वाहेक यस संसारमा कसैलाई पनि देख्न छोडे तसर्थ.....।

मैले भने- म के गरौं ?

उनले भनिन्- अव मलाई हजुरले लाने काम......।

यत्तिकैमा मैले पनि सोंच्न थाले र उनलाई भन्न थाले ।

विवाह गरेर मान्छे भन्छन् खुट्टा टेकें अव
तर म यो कुरा भन्छु चार खुट्टे वन्यो अव ॥१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधा अङ्ग स्त्री जाती आधा अङ्ग पुरुषयो
ति दुवै मिसिएपछि पशुतुल्य वनिसक्यो ॥२
चार हात हरु मध्ये लामा कान दुइटा वने
दुइ हात वाकी थिए ति सिंग वनिन पुगे॥३
कपालको लामो चुल्ठो पुच्छरै वनि झुण्डियो
सुरु भयो पशु जीवन नर जीवन टुङ्गियो ॥४

यति भनेपछि सोंचे खास गद्यमा भन्दा पद्यमा हुन गएछ, यसमा केही कारण होला भन्ने हेतुले हुन्छ भने र एउटा वाघ वधाए म घरवाट शिकार खेल्न आएको शिकार नलगि म जान्न तिमी यही वस म शिकार गरेर आउँछु भनी वस्न लगाए र म शिकार खेल्न तर्फ लागे । कालान्तरमा मैले वनेल शिकार गरेर काधमा राखी त्यही ठाउँमा आए । उनी त्यहि थिईन्, मैले लौ हिड भने उनी आइन र हिडियो । उनले भनिन् मैले झोला लगिदिन्छु ल्याउनोस ।

मैले पनि पूर्ण विश्वास गरेर झोला निकालेर दिए । अनि वाटामा उनले मेरो प्रशंसाको अनेकौ कुराहरु गर्दै थिइन् । त्यतिकैमा दुवै जना घर पुग्यौ । घरको मूल कोठामा तिनी अघि र म पछि भएर शिकार झोला राख्यौ । वन्दुक राख्ने ठाउँ कोठामा भएको हुनाले म मेरो कोठामा लगे पछि पछि उनी पनि संगै पसिछन । म वन्दुक राखे र खाटमा पल्टेर वसे उनी पनि सोफामा वसिन अनि कोठाको एक छेउवाट दृष्टि दिएर त्यही ठाउँमा पुगेर भन्न थालिन ।

अंव म हजुरकै साथ वस्छु हजुरलाई जुनसुकै काममा पनि सेवा सहयोग गर्नेछु साहस पनि दिनेछु । अनि मसंग थोरै पैसा छ यो पनि हजूरले नै राख्नोस् भनेर दिइन मैले पल्टिपल्टिनै दायाहात थापे र पैसा मुठि पारे ।

यत्तिकैमा म झल्यांस्स ब्युझे खाटवाट उठेर मुठी हेरे मुठी बाँधिएको रहेछ फुकाए रित्तो थियो सोफामा हेरेर सोफा खाली थियो कोठा निस्तब्ध थियो कोठावाट बाहिर सिंडिमा हेरे कोही थिएन । घडी विहानको ५.२० वजिसकेको रहेछ । अनि यसको वारमो एक घण्टासम्म सोफामा वसेर टाउको झुकाइ सुक्ष्म अध्ययन गर्न थाले ।

केही निष्कर्ष निकाल्न सकिन । र आजसम्म दिक्भ्रममा परिनै राखेको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनजातिमा संस्कृत

खिम कुमारी चौतारे
शास्त्री द्वितिय वर्ष
रुरु संस्कृत विद्यापिठ

विभिन्न किसिमका भाषाहरु मध्ये संस्कृत पनि एउटा प्राचीन भाषाको रुपमा चिनिन्छ ।अनेकौ भाषाहरुको अभ्युदय भए पश्चात कतिपय भाषाहरु समयक्रम अनुसार परिवर्तन भई नयाँ रुप लिन पुगे । यसरी नै संस्कृत भाषा पनि प्रसिद्ध भाषाका रुपमा प्रतिष्ठित हुन पुग्यो ।

विश्वका विभिन्न भाषाहरुमा संस्कृत अद्वितीय भाषा हो । जसको दाजोमा अन्य भाषाहरु पुग्न सकेका छैनन् । वास्तवमा भन्ने हो भने यो संस्कृत भाषा एशियाका अधिकांश भाषाको जननी हो । यस भाषामा हिन्दु जातिका वेदग्रन्थ देखि लिएर आधुनिक समय सम्मका साहित्य र वैज्ञानिक कुराहरु अटाएका छन ।

जन्मकालदेखि लिएर मृत्युपरान्त सम्म गरिने मानवीय संस्कार वोकेको छ यस संस्कृतले । प्राचीन देखि लिएर आधुनिक समयसम्म पनि यो संस्कृत भाषा ज्यादै प्रचलित छ । यस्तो हुँदाहुँदै हाम्रो समाजमा वाहेक अन्य जातिहरुले संस्कृत पढ्नु हुँदैन यो कुनै जातीय भाषा हो भन्ने गलत धारणा वसेको छ । यही धारणालाई अन्त्य गर्नको निमित्त महेन्द्र संस्कृत विश्वविद्यालयले जनजाति पर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति बढी दिने व्यवस्था गर्न थालेको छ । यसमा मलाई के लाग्छ भने वढी छात्रवृत्ति दिदैमा जनजातिका विद्यार्थीहरु वढी मात्रामा संस्कृत पढन आउँछन् भन्ने चाहि होइन कि यिनीहरुमा संस्कृत शिक्षा सम्वन्धी प्रचारको कमी हुनु हो । त्यसैले ज्ञान निमित्त जुनसुकै भाषा आर्जन गर्न सकिन्छ ।

साहित्यिक पक्षवाट हेर्ने हो भनेपनि संस्कृत क्षेत्रमा अनेक काब्य असंख्य ग्रन्थरत्न छन् । कालिदासका अभिज्ञान शाकुन्तलम र पाणिनीका ब्याकरणले भाषालाई मानव मनोरन्जन मात्र नभएर गहन ज्ञान प्राप्त गर्न सक्ने वनाएको छ ।

अत: संस्कृत भनेको हाम्रो आफ्नै संस्कृती र सभ्यताले भरिरएको हाम्रो पूर्वजको स्वार्जित सम्पति हो । विदेशी नक्कलको भरमा पर्नुको सट्टा संस्कृति जोगाऔं जनजातिमा संस्कृतिको महत्व वढाऔं । इति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

साथीको संझना

शान्ति रेग्मी
उ.म.द्वितीय वर्ष
रुरु संस्कृत विद्यापिठ
रिडी, गुल्मी

कता कता साथीको संझनामा,
एक पत्र लेखन मन लागेछ,
पत्र लेखन भनी कलम कागज जुटाउछु,
लेख्न खोज्छु त मसी सकिएको छ ।
मसी भर्छु विचार विलाएको छ
विचार निकाल्छु,
कागज त सानो छोराले मिल्काइदिएछ ।
सबै थोक पुनः जुटाउछु
संझना जति सबै छित्रिइ सकेछ ।

आशा

खगेश्वर गौतम

कति वसौ तिम्रो आशा र भरोसामा
थुप्रै वसन्तहरु वित्ने छन कि !
कति मागौ तिम्रो माया
माग्दा माग्दै पागल पो वनिने हो कि !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथा

सन्तानको माया

रेखा घिमिरे (रेग्मी
पाल्पा अर्गली देउराली-
हाल: रुरु संस्कृत विद्यापिठ, रि
गुल्मीमा कार्यर

आज भन्दा धेरै अगाडिको कुरा हो । एउटा वालक सडकमा भौतारिदै हिडिरहेक थियो । त्यस बालकलाई देखेर एउटी विवाहित महिलाले सोधीन जसको विवाह १५ व अगावै भएको थियो । वावु तिम्रो घर कहा हो ? तिम्रा वुवा आमा कहा हुनुहुन्छ ?

शरीरमा च्यातिएको वस्त्र, कपाल खुम्री परेको, कैला आखां, खाली खुट्टा यस्तो वा आमाको काख नछाड्ने उमेरमा किन हिडेका ? ती महिलाको प्रश्न सुनेर वालक महिलालाइ टुलुटुलु हेरिरहेको थियो महिला भन्दै थिइन् हेर वावु मेरो श्रीमन्ले अ स्वास्नी ल्याउनु भएको छ । तिनलाई ३ वटी छोरी जन्मिएका छन् । मलाई तिमीला देख्दा दया लागिरहेछ । यस्ता कुराहरु सुनेर वेसाहारा वालको आँखावाट आँशु ब थाले । उसले रुन्चे स्वरमा भन्यो ? म को हुँ ? घर कहाँ हो ? वुवा आमा कहाँ हुनुहुन्छ यसवारे मलाई केही थाहा छैन । मेले कसैलाई पनि चिनेको छैन । मलाई कसैले प राम्रो ममता दिएनन् । शिक्षा पनि दिलाउन सकेनन् । तर्सथ यसरी सडकमा हिंडेको । जसले जे जति खान दिन्छ हितमा होस् वा पातमा त्यसैमा चित्त वुझाउछु । के तिमी अहिले खाना खाएका छैनौ ? महिलाले सोधिन जागीर भए खान पाउछु वालकले जवाप दियो । महिलाले फेरी सोधिन् तिमी हेर्दा ७-८ वार्षका जस्ता देखिन्छौं, तिमी यति सानाले के काम गर्न सक्छौ र ? वालकले भने सक्छु सानो सानो काम गर्न वालकका यस्ता कुर सुन्दा महिलाले अचम्म मानिन् । उनको मन कोमल भयो उनले भनिन वावु तिमी यसर नहिंड म तिमीलाई लिएर जान्छु तिमीलाई स्कूलमा पठाउँछु तिमीलाई ठूलो मानिस वनाउँछु । तिमीलाई मेरो छोरो वनाउछु हिंड तिमीलाई केही दु:ख हुदैन ।

महिलाका कुरा सुनेर वालक खुशी हुँदै आमा भन्दै हात समात्न पुग्यो महिला खुशी भइन उनलाई सन्तान भएर आफ्नो श्रीमानले दोश्रो विवाह गरेको कुरा सम्झन आयो ?

गाउँलेहरुका अनगिन्ती आरोपहरु संभिन् । आँखावाट आशु झारिन् । त्यो वालकले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आँशु पुछिदिदै भन्यो, आमा नररुनुहोस् तपाई रुनुहुन्छ भने म तपाईसंग जादिन । यस्तो भन्दा आमाले वालकको गाला मुसारिन त्यसो नभन छोरा मलाई अहिले के भएको छ भन्ने कुरा म आफैलाई थाहा छैन । त्यसपछि ती महिला वालकलाई लिएर आफ्नो माइतमा लगेर राखिन् । समय वित्दै गयो वालक अव वालक मात्र नभएर तरुण जस्तै भयो ।

उसले जन्मदिने आमा वरावर ठानेको थियो महिलाले आफैले जन्माएको ठानेकी थिइन् । दुःख सुख गरेर भएपनि गाउँका नचाहिदा कुराहरुसंग वाझेर छोरालाई एस.एल.सी. सम्म पढाइन् । दिन वित्दै गयो । एकदिन त्यो वालक जसको नाम आमाले धर्म भनेर राखेकी थिइन् । वावु धर्म हामी अव तिम्रो वुवा अर्थात् मेरो श्रीमानको घरमा जाऔं । भोलिपल्ट आमा र छोरा दुवै भएर घरतर्फ लागे । छोरा वुझ्ने भइसकेको थियो । आमाले आफ्नो जीवनमा घटेका भोगेका घटनाहरु एक एक गर्दै सवै सुनाइन् । जांदा जादै आमाले एउटा पधेरो देखाउँदै भनिन् हामीले पानी खाने पधेरो यही हो । त्यहाँ एउटी अधवैसे आइमाईले पानी भर्न लागेकी थिइन् । ए दिदी सन्चै हुनुहुन्छ, आज यतिका वर्षपछि आउनु भयो । यी वावु को हुन् यो मेरो छोरा धर्म हो । तपाईको छोरा । अचम्म मान्दै भनिन् । त्यहाँबाट आमाछोरा घरतिर लागे । घरमा गएर श्रीमनलाई चरण दण्डवत गरीन यतिका वर्षपछि जांदा श्रीमान पटक्कै रिसाएका थिएनन् । उनले आशिक दिए । छोराले पनि दण्डवत गऱ्यो । बहिनीहरुलाई स्नेह गऱ्यो । पतिले सोधे धर्म को हुन् ? धर्म मेरो धर्म रोग हो भनिन् । तिमी यती लामो समय माइतमा वस्न नहुने थियो । पतिले भने ती महिलाले भनिन दोश्रो विवाह पछि परिवारमा अर्कै वातावरण सृजना हुन्छ भनेर माइत गएकी थिए । छोरा घर्मको वारेमा शुरु देखि अन्त्य सम्म वताइन् । पत्नीका कुरा सुनेपछि धर्मलाई पिताले पनि माया गर्न थाले ।

धर्म राम्रो थियो । उनीहरुको परिवारमा छोरा थिएनन् । छोरा पाउँदा सवै हर्षित भए ।

छोरा धर्मले घरमा पाइला राखेपछि परिवारको वातावरण अर्कै भयो । धर्ममा परोपकारी इमान्दारी स्वाभिमानी र शिष्ट अनुशासन थियो । धर्मले त्यो घरको वातावरण नै चम्कायो । वावु आमा र बहिनीहरु सवैको जिम्मेवारी लियो । घरमा धर्मले सम्पूर्ण जिम्मेवारी पूरा गऱ्यो । त्यसैले गर्दा नै जो इमान्दार छ जसले अर्काको कुभलो चिताउँदैन त्यस्तालाई भगवानले पनि साथ दिन्छन् । यस कथाको सार यही हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखेर पठाउन आँट नगरिएका पत्रहरु

- विष्णु प्रसाद भण्डारी
उ.म. द्वितीय वर्ष

धेरै समयको अन्तरालपछि पुनः प्रतीमाको चिट्ठी आएको छ । उनले लेखेकी छन्- "तिमी नबिर्स, मैले तिमीलाई राम्ररी चिनेकी छु, बुझेकी छु ।" अनि म उनलाई के भनौं परिचित भएर पनि अपरिचित जस्ता एक आपसमा टाढिएका हाम्रा यी अनुहारहरु अस्पष्ट स्वरहरुले म मनमनै भन्छु- " ..... तिमी आफ्नो काम गर्दै जाउ, अघि बढ्दै जाउ ।" म कसरी भनुं उनलाई, म के गर्दैछु भन्ने कुरा नै मैले त बिर्सिसकेको छु । यसैले गर्दा अहिलेसम्म पनि उनलाई चिट्ठी पठाउन सकेको छैन । लेख्न त धेरै लेखिसकें लगभग एक दर्जन जति । तर किन किन पठाउनु भन्दा अगाडि नै ती च्यातिन्छन् र फ्याँकिन्छन् ।

ठीक त्यसबेला एउटा गजवको जोशमा म थिएं । आफ्नो उमङ्ग देखेर आफै छक्क पर्थें । त्यो बेला म भन्ने गर्थे- " निराशावादीहरु घमण्डीहरु मलाई पटक्कै मन पर्दैनन् । हेर न, म कहिल्यै निराह हुन्न । केही त गरेरै छोड्छु जस्तो लाग्छ । ......" त्यो 'कहिल्यैको अर्थ कति सीमित लगाएको रहेछु त्यसबेला !

तर अनयास केही दिनपछि नै मलाई डर लाग्न थाल्यो- "कंही म अनुचित बाटोतिर त गएको छैन ! कही मलाई Madness ले त छोएको छैन ! ....." वास्तवमा कुरा पनि त्यस्तै हँस्याउलो देखिन्छ । शायद म कुनै उपन्यासको पात्रको रुपमा आफूलाई पाउने कोशिशमा थिएं ।

मैले मेरो मित्रलाई लेखेको थिएं- "आफूलाई चिन्ने कोशिश गर्दैछु । सम्भव छ, आफ्नो वास्तविक रुप देखेपछि संसारलाई राम्ररी चिन्न सकूं ।" हेर त, जाबो उन्नाइस वर्षे केटोले यो भन्न सुहाउँछ ? कसले भन्दैन यो त बहुलायो भनेर । म स्वयं आज भन्दैछु- "म असमयमानै त्यस ठाउँतिर बढ्दै थिएं जहाँ मेरो अन्त्य थियो ।"

आफूले बाटो विराएको कुरा मैले एकदिन अचानक थाहा पाएं । म विल्कुलै गम्भीर र चिन्तित देखिनु पर्थ्यो जबकि म ज्यादै उत्ताउलो थिएं । त्यसै बेलादेखि मलाई लाग्न थाल्यो- म बहाना गर्दैछु- जीवनको वास्तविकता देखि टाढा भाग्नको लागि मैले गरेको वहाना !

प्रतिमा, तिमी मलाई 'निराशावादी भइछस्' भनौली । सांच्चै भन्ने हो भने मैले नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्णय गर्न सकेको छैन म निराशावादी भएको छु कि छैन । जे भएपनि अहिलेको स्थितिमा त, कमसेकम तिम्रो अगाडि, म निराश भएको भन्ने छैन, किनकि तिमी मलाई गिज्याउन सक्छौं । कुरा कतिसम्म भने म अचेल जेमा, पनि के बल 'बहाना' मात्र देख्छु । तिमी मलाई सहयोग गर्न सक्छौं तर यो कुरा बुझ् ! म कृतज्ञ हुनेछैन । म तिम्रो सहयोगलाई केवल बहाना सम्झिदिनेछु, मेरो नजिक हुन तिमीले बनाएको बहाना । मैले तिमीलाई मात्र भनेको हैन, म आफै पनि त उस्तै छु, म आफैलाई पनि त भन्छु नि ! यो पनि एउटा बहाना नै हो एउटा 'कथाको पात्र' हुँ मैले गरेको बहाना ।

थाहा छैन, प्रिय तिमीले मेरो कुरा सुन्यौं भने के भन्ने हौं तर तिमीलाई सुटुक्क भन्न मन लाग्छ- म तिम्रो चिट्ठीलाई कुनै बहाना नै सम्झन्छु । अनि मैले त्यसको जवाफ दिनु या नदिनु पनि शायद कुनै वहाना नै हुनेछ ।

यहीं अल्मलिएर मैले तिमीलाई चिट्ठी पठाएको छैन । यी लेलेर पठाउन आँट नगरिएका पत्रहरु तिमीले बुझेकी हौली र ? भन्न त भनेकी छौं - "मैले तिमीलाई राम्ररी चिनेकी छु, बुझेकी छु, हामी दुईको बीच धेरै सामाञ्जस्य छ ।

चोट

छविलाल न्यौपाने
कारिकोट चण्डिभञ्ज्याङ्ग, धारादी
अध्ययन- रूरू सं. विद्यापीठ शास्त्री तृतीय वर्ष
रिडी, गुल्मी

बसन्त ऋतुको मन्द जाडो र मन्द गर्मीको समयमा मनमा उन्माद ल्याउनु स्वभाविकै हो । मानिस आमाको कोखबाट यस पृथ्वीलोकमा आउँछ । तत्पश्चात तुरुन्त नै शिशु अवस्था पार गरी वाल्यवस्था परिचालनको शिलशिलामा पुग्छ । निश्चिन्त भई बोलिचालीका भाषाहरु सिक्दै जान्छ । ५ वर्षपुगेपछि बाबु आमाका काखद्वारा आफ्ना साथीहरुसंग विद्यालय जान सिक्छ । त्यसपछि उसलाई धेरै ज्ञानका कुराहरुले केही स्मरण शक्ति प्रदान गराई जीवनलीलामा केही प्रेरणा मिल्न थाल्दछ । वाल्यकालदेखि अनि किशोर अवस्थाले उसलाई छुन्छ । उसको विद्यालय आउने जाने क्रम चलिनै रहेको हुन्छ । आफूभन्दा माथिल्लो कक्षामा पढ्ने विज्ञ साथी तथा दिदी एवं दाजुहरुको साथ व्यवहार एवं क्लिष्ट एवं शिष्ट लाक्षाणिक भाषामा प्रयोग गरिएका शब्दहरु पनि बुझ्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थाल्दछ । १४-१५ वर्षको उमेरमा पुग्दा करिव उ ९-१० कक्षामा पढ्न थालिसकेको हुन्छ । यसलाई विद्यालयमा गुरुहरुले नेपालीका प्रेमात्मक कथा स्वस्थ्य विषयका शारीरिक चित्रण तथा आफ्ना गाउले छिमेकी सुयोग्य दौतरी केटीहरुसंग दैनिक विद्यालय जान्छ । अनि माध्यमिक स्कूल नजिक नहुनाको कारणले पनि आउंदा जांदा उनीहरुसंगै नै आउने जाने गर्नुपर्ने भयो । १० कक्षाको अध्ययनमा आउने जाने गर्दा सामान्य जिस्कने आफ्ना केटी साथीहरुमा गुलावको फूलमा जस्तै वासनाहरु पाउन थाल्छ किनकि अब उसमा वासनात्मक हावाले उसको मनलाई हल्लाउन शुरु गर्छ । फूलमा अव कोपिला लागेको छ, फूल धेरै समय छैन । उ समृद्ध परिवारमा जन्मेको हुनाले विहान बेलुका टि.भी. हेर्ने गर्दछ त्यसै क्रममा एकदिन चित्राहार हेरिरहेको थियो । त्यसमा प्रेमात्मक वासना र भावनाले फैलाएका मौलाएका नाटकयि रङ्गीविरङ्गी चित्र हेर्दा त उसलाई अझ उमंगले ढाक्दछ । यति गर्दा गर्दै उसले कक्षा १० को एस.एल.सी. परीक्षामा राम्रो डिभिजनको नम्वर ल्याउने आशा र आकांक्षा राखेको हुन्छ । वोर्डको परीक्षा दिएर दुई चार महिन घरमा वसेको समयमा निश्चिन्त भएर छिमेकी उही आफ्ना सहपाटी केटाकेटी दुवै साथीहरुसंग मिलेर वनमा गाई बाखाहरु लिएर जान शुरु हुन्छ । त्यो समयमा बनक कोइलीको सुमधुर स्वरले युवक र युवतीहरुमा पनि मधुरताको संकेत गर्दछ । अनि जो उसको सहृदयी केटी साथी रमा भट्टराई थिइन् उनको घर टाढा भएपनि गाई बाख चराउने जंगल भने एउटै थियो । त्यस समयमा १८ वर्षको युवा हुन्छ भने १६ वर्षकी युवती रहेका हुन्छन् ।

अव एस.एल.सी. को रिजल्ट पनि प्रकाशित भयो गोर्खापत्र हेर्दा प्रथा श्रेणीमा उत्तीर्ण भएको हुन्छ । उसलाई अव हर्षको सीमाले क्षितिजका गोरेटाहरुलाई छुन पुग्दछ । उ मा नभएर उसको घर परिवार शिक्षित भएको कारणले उसका दाजुहरु पनि राम्रो मार्क ल्याएर पास भएका हुन्छन् । अर्कोतर्फ रमाको पनि द्वितीय श्रेणीमा पास भएको था हुन्छ । उनीहरुको वीचको केही समयसम्म भेट नहुनाको कारणले अब उनीहरु आपसमा भेट भए पनि बोल्न सक्दैनन् । अनि रिजल्ट प्रकाशित भएपछि ३ महिना पछिको सम हो, उसको वाबुले छोरोलाई साइन्स पढाउनको लागि नेपालको सुन्दर नगरी पोखराक वगरस्थित पृथ्वीनारायण वहुमुखी क्याम्पसमा उच्च शिक्षा हासिलको लागि पठाउ भयो, पढ्नको लागि केही कमी थिएन, अधिकारी टोलमा कोठा लिएर पृथ्वीनाराय वहुमुखी क्याम्पसमा पढ्न जान्छ ।

एकदिन पृथ्वीनारायण क्याम्पसको साइन्स फ्याक्यालिटिका साथीहरुले नवि छात्रछात्राहरुको लागि Well Come Propramme राखेका थिएं त्यसदिन उस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ाफ्नो परिचय दिने क्रममा अगाडि गएर परिचय दिन्छ- मेरो नाम किरण न्यौपाने, ारिकोट चन्डीभञ्ज्याङ्ग धारादी मेरो घर पर्छ वर्तमानमा आइ.एस्सी. प्रथम वर्षमा ध्ययन गर्दैछु । उतातिर लेडिजबाट पनि फाटफूट आफ्नो परिचय दिँदै जाने क्रममा उटी लेडिजले परिचय दिन मञ्चमा जान्छिन् र मेरो नाम रमा भट्टराई आइ.एस्सी. थम वर्षमा अध्ययनरत मेरो घर स्याङ्गजा जिल्ला विर्गा पर्दछ भन्छिन् । क्याम्पसमा वैको सेक्सन ए नै पर्न गयो । पढाई दिउसोको थियो । उनी अति सरल र स्वच्छ भाव ल्पभाषी गहुगोरी उचाई लगभग ५ फुटकी थिइन् । अनि केही समयमा दुवैको पुन: रिचय गर्नुपर्ने जस्तो लागेर परिचय गर्छन् । वास्तवमा उनी उनै रमा थिइन् । जो नैदेखि स्कूलमा भेट हुन्थ्यौं र म प्रथम हुन्थे भने उनी कलाशमा द्वितीय हुने गर्थिन् । नि उनीसंग अर्कोदिन दुई शब्द धेरै वोल्न थालें उनी अझ हृदयदेखि नै मलाई स्नेह गरे स्तो मुस्कान दिइन् । म अर्को दिन घरमा अत्यावश्यक काम परेर घर जानु पर्‍यो २- दिन क्याम्पस जान नपाउंदा पढाइका नोटहरु लेख्न छुट्यो । पछि मैले उनकै कपि गेर नोट सार्न थालें उनले नोट कपीमा मैले एउटा संस्कृत श्लोक लेखिदिएको थिएं क्त श्लोक यस प्रकार थियो -"ददाति प्रतिगृण्हाति गुह्यांम् आंख्याति पृच्छारी । भुङ्क्ते जयते चैव षड्विद्यं प्रीति लक्षणम् ।। त्यसै क्रममा म अर्को दिन तिनी बसेको बेन्चमा गएर बस्न थालें । हाम्रो पढाइको घण्टीहरु सिध्याइ सकेपछि पनि चौरमा घण्टौंसम्म फहरु चल्न थाले मलाई पनि अब घरबाट ल्याउने पैसामा अबबाट ५०% वृद्धि गर्न ावश्यक पर्न थाल्यो । म गाउँको एउटा साधारण केटो शहरमा गएर अति लामो लामो ल पाल्न थालें ल्यादर जकेट लगाउन थालें । उनी पनि पोखराको शहरिया फेशनमा जिसकिन् र उनले पनि १५-१५ दिनमा आफ्नो फेशन बदल्न पछि पर्दिनथिन् ।

एकदिन मैले उनलाई क्यान्टिनमा चिया खाउँ भनें हामी घण्टौंसम्म बसेर चिया ांदा अति प्रेमात्मक भावनाका कुराहरु हुन थाले । मैले अब पढ्न भन्दा रमाको स्मरण ी गर्न थाले उनको कोठाभने सरङकोट चोकमा थियो । केहीं टाढा भएतापनि म नको कोठामां जान लागें उनका सुकोमल हातले बनाएको चिया नास्ता हामी दुवै बसी उटै थालमा राखी खान्थ्यौं । अब मलाई जतिबेला पनि उनकै सम्झना आउन थाल्यो ही मिठो चिज खांदा पनि उनको स्मरण आउन थाल्यो । अनि पछि पछि हाम्रो सम्बन्ध म्रो र विश्वसनीय हुन लाग्यो एकदिन मैले उनलाई पिक्चर हेर्न जाउ भने हामी दुवै एर पिक्चर हेर्न गयौं विन्दवासिनी चलचित्र मन्दिरमा । लागेको थियो हिन्दी पिक्चर ने प्यार किया" । यसमा बाल्कोनीको टिकट लिई हेर्न थाल्यौं । पिक्चर भावुक थियो समा प्रेम नि:श्वार्थ हुन्छ भन्ने भाव झल्केको थियो । अब मैले उनी भन्दा राम्रो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहृदयी कसैलाई देखिन यस्तै गर्दागर्दै हाम्रो लामो समय वित्यो । यत्तिकैमा उनले मलाई आफ्नो स्वच्छ चोखो निष्कलंक शरीरलाई मेरो जिम्मामा अर्पण गर्ने प्रतिज्ञा गरिन् तर मैले तिमी र मेरो दर्जा मिल्दैन पारिवारिक वातावरण मिल्दैन भन्ने कुराहरु गरेर इन्कार गर्न खोज्दथें तर उनले आफ्ना आमा वावाको कुरालाई नसुनेर उनले मलाई भनिन् म तपाई वाहेक अन्यत्र लाग्दिन तपाईले मलाई अस्वीकार गर्नुहुन्छ भने म महेन्द्रपुलको वीचबाट हामफाली प्राण त्याग गर्छु भन्न लागिन् । त्यति भनेपछि मलाई अझ विश्वास लाग्यो र सोंच्न थालें । तत्पश्चात मैले उनीमाथि पूर्ण विश्वास गरी वैवाहिक सम्बन्ध राख्ने निश्चय गरें । वाहिरी विधिवत वैवाहिक सम्बन्ध नदेखिएतापनि भित्री रुपमा हाम्रो व्यवहार वैवाहिक सम्बन्ध भए जस्तो भन्दा फरक थिएन ।

अब म घर पनि विर्सिन थाले हामी दुवैको प्रेमको साथै पढाई पनि राम्रो मार्कमा नै पुग्न सफल भएको छ परन्तु पहिलाको अनुपातमा केही ह्रास भने भएकै छ । मलाई मेरा आमा वावुले छोरो डाक्टर हुन्छ भन्ने अभिलाषा राख्नु भएको थियो । गाउँका मेरा साथीहरु एवं अभिभावकहरुले किरण डाक्टर बन्छ भन्ने अभिलाषा पनि अब अद्योगतितिर अस्ताउँदै जान थाल्यो गाउँमा यथाबृतान्त थाह भयो । यता म प्रेमात्मक भावना र वासनामा मेरा जीवनका पथहरुलाई अगाडि बढाएं । आई.एस.एस्सी. दोश्रो वर्षको हामी दुवैले परीक्षा दिएपछि म त्यही महेन्द्र पुलमा सानो जागीर खान थालें । रमालाई म आफ्नो अण्डरमा राख्न चाहन्थे तर पछि पछि उनले पनि घमण्डको पर्दाफास गर्न थालिन् । उनी दुई-चार दिनलाई भनेर घर गईन् तर धेरै समयसम्म उनी आइनन् र उनले एक महिना पछि पत्र पठाइन् पत्र अनुसार उनले गल्याङ्गतिर आफ्नो विवाह भएको कुरा धुइरो रुपमा प्रस्तुत गरेर पठाइन र पत्र यस प्रकारको थियो ।-

"सेवामा"

मिति २०५४। १।२२ गते
समय- रात्री नौ बजे
स्थान- आफ्नो घरको कोठा विर्गा
वातावरण- सिमसिमे पानी परेको ।

श्री परम् स्नेही साथी किरण न्यौपाने ज्यू, म यहां कुशल रही त्यहां पनि कुशल नै हुनुहोला भन्ने उनै दयालु भगवती श्री विन्दवासिनीसंग प्रार्थना गरेकी छु ।

साथी आज म घर आएको पनि १८/१९ दिन भइसक्यो तर त्यतावाट एक पत्र पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नपाउंदा ज्यादै दुःख लाग्यो । अनि किरण ज्यू मैले हजुरलाई सपनामा सुकिलो लुगा लगाएर म संग नबोलि हिंडेको देखेकि हुनाले र सम्भनाका क्षणहरुले सताइरहेको हुंदा यो पत्र लेखेकी छु गल्ती भएमा अवश्य क्षमा पाउने आशामा छु । किरण ! तर साथी विधिको विडम्वना भनौं या भाग्यको लेखा तर हामी दुईको जो प्रेमको पहाड थियो त्यसमा कुइरोले ढपक्क ढाकेछ किनकि मैले आजसम्म जो प्रेम दिन सकेकी थिए अबबाट त्यति दिन असमर्थ बन्न पुगें यसमा माफ दिनुहोला । र मेरो तर्फबाट हजुरको वैवाहिक जीवन फूलोस् फलोस् तपाई दुईको मित्रता कहिल्यै नटुटोस् यहि छ मेरो शुभकामना । किरण ! यो जन्ममा जे जस्तो भयो अर्को जीवनमा हामी दुई एउटै गुडका ढुकुरका जोडी बनी स्वर्गमय भूमिमा हिंड्न पाउँ यति भन्दै यो रिडी क्षेत्रको कालीगण्डकी झैं घुमिरहेको कलमलाई यही विराम गर्दछु । हवस्त नमस्कार !

हजुरको स्नेही साथी

रमा भट्टराई

वीर्घा स्याङ्जा

म यो पत्र पढ्नासाथ छांगोबाट खसेझैं भयो पृथ्वी सारा संसार भूमण्डल घुम्न लाग्यो म आफ्नो खाटमा बसें । एकछिनपछि व्यूझेछु त्यसबेला आधाघण्टा वितिसकेको रहेछ । म अति नै विचलित बन्न पुगे पोखरा स्याङ्जाका ती हामी दुई मिलेर घुमेका स्थान स्याङ्जाको बाङखोला र आधिखोलाको संगमको झोलुङ्गेपुल, पोखराको वेगनासा ताल, रुपाताल, फेवाताल, तालवराह, सृजनाचोक, सिमलचौर, भीम ढुङ्गा, नाग ढुङ्गा, चिप्ले ढुङ्गा, सुस्ताङ्ग चोक आदि ठाउँलाई देख्नासाथ अझ पनि यो मुटुमा चोट पर्छ । अब म मेरो घरतिर फर्कन नहुने भयो मेरो जीवन चोटै चोटको निचोड जस्तो भयो । म अब विसंगति बादतिर र सून्यतावादी उक्तिलाई अङ्गिकार गर्न थाले । युवतीहरु स्वार्थी हुंदा रहेछन् भन्ने पूर्ण ज्ञान पाएं । त्यसपछि मलाई युवतीहरु देख्नासाथ झोक उठ्छ म बाहिरी मुखले राम्रोसंग बोलेपनि भित्रीमन भने खोल्दिन । म अब गाउँ पनि नगई आफ्नो यो अमूल्य जीवनलाई आफ्नो स्वदेशमा विताउन नपाई विदेशिएर भौतारिएर अनेक चोटहरु सहदै जीवन यात्रालाई यापन गरिरहेको छु । आजसम्म ।

इति ।

लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घृणा प्रेम र आत्महत्या

लेखक:मोतिलाल घर्तिमगर
रूरू संस्कृत विद्यापीठ
रिडी, गुल्मी

आज पनि त्यो दिन सम्झिंदा मेरो आंखावाट आंशु वर्सन्छ, मान्छेहरु पहिले आफै गल्ती गर्दछन्, पछि आफैलाई धिक्कार्न थाल्दछन्, पश्चातापले मुटु नै जलाउन थाल्छन् । सांच्चै कोही मान्छे त कति कठोर हुन्छन्, ढुङ्गा जस्तै । मन पनि कति कालो हुन्छ । हो त्यसैको कथा हो यो । त्यही तितो अतीतको क्षण हो यो । मेरो गाउँमा एउटा गरीव केटो थियो । झुप्रो घरमा उसको हुन्थ्यो त एक वहिनी र आमा मात्र । उसको बाबु जँड्याहा भएको हुनाले सम्पत्ति सबै वेचेर दुई वर्ष अधि नै यो पृथ्वी छोडिसकेको थियो । कक्षा ५ सम्म त जनतन म संगै पढेको थियो उसले । नाम उसको शिव थियो । उसको आमाले विहान देखि साँझसम्म गाउँलेहरुको काम सघाई आर्जन गरेको खर्चले शिवको दाजु र वहिनीले भोक टार्नु पर्थ्यो । वाबुको मृत्यु पश्चात त शिवले पनि आमाले जस्तै काम गर्न थालेको थियो ।

हाम्रो गाउँ मगर जातिहरुले भरिएको गाउँ छ । यहाँ मगर जातिहरुले विवाह गर्दा प्राय: पहिल्यै दुलही भगाएर ल्याउने चलन छ । पछि केटा पक्षबाट सोधनी गर्न गएपछि केटी पक्षकाले यति धार्नी मासु, यति पाथी रक्सी आदि तोक गरेपछि मात्र बल्ल ढोकभेट हुन्छ । मगनीमा तोक गरेका सामानहरु ढोगभेट गर्ने दिनको अघिल्लो दिन साँझ नै केटी पक्षको घरमा पुगनु पर्दछ ।

एक दिनको कुरो हो माघको महिना परेको थियो । गाउँको एउटा युवाक विवाह भएकोले त्यहाँ एघार जना केटीहरु चौध, पन्ध्र जना युवाहरु र एक दुई जना बुढापाकाहरु जन्त गएका थिए । त्यसमा म पनि थिएं अनि उही शिव पनि । जन्तीहरु केटी पक्षको घरमा पुग्न करिव ३ घण्टा लाग्थ्यो । ३ घण्टा पश्चात हामी केटी पक्षको घरमा पुग्यौ । सामान वुझाए पछि खान पिन गर्‍यौं । माघ महिनाको मौसम साह्रै जाडो थियो त्यसैले जन्त जाने वसै ठिटीहरुले प्राय: २, २ वटा सल अथवा पछ्यौरी लिएर गएका थिए भने ठिटाहरु पनि सवैले न्यानो कपडा कोट जकेट आदि लगेका थिए । तर विचरा शिव भने केवल हाप पाइन्ट र एउता कटनको मैलो वीच वीचमा फाटेको शट मात्र उसको शरीरमा थियो ।, रात लामो भएकोले हामीसंग गएको दुई जना वुढाहरुलाई मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ुत्नेको व्यवस्था त्यहाँ भयो । तर हामी ठिटा टिठीहरु धेरै जना भएकोले सुत्ने व्यवस्था म्भव थिएन । जन्तीहरुलाई बस्ने एउटा छाप्रो मात्रै बनाइएको थियो । त्यही छाप्रोमा ामी २२, २३ जना युवा युवतीहरु हाँसो गर्दै बसिरहेका थियौं । जसरी हो रात काट्नु रेको थियो । हाँसोको प्रसंग चल्दा चल्दै एक जना टिठी जसको नाम उषा थियो । उनले ाम्रो साथी जीवनलाई "जाडो भए पछ्यौरा लिनुस्" भनेर दिइन् । तर जीवनले लेदरको केट लगाएको हुनाले उसले झलक्क शिवलाई सम्झन्छ र त्यो पछ्यौरा शिवलाई ोढाइदिन्छ । उषाको मुखबाट आवाज निस्कन्छ "छि ..SS जुम्रा सर्छ माग्नुस् ... ाग्नुस् । फेरी जीवनलाई गाली गर्दै भनिन् "तपाईलाई जाडो भए ओढ्नुस् होइन भने ाग्नुस् । त्यो पछ्यौरा पाउंदा शिवलाई ढुङ्गा खोज्दा देउता मिले जस्तो भएको महशुस ुन्छ । तर ...... तर... शिवको मनमा कता कता चिसो पस्छ अनि शिवले पछ्यौरालाई ्टकाउदै उषालाई दिन्छ । मेरो पनि त्यो उषाको शब्दले मन नपोलेको त होइन तर विवश थिएं किनभने म संग पनि एउटा भेष्ट र जकेट मात्र थियो । रात वितिरहेको ियो । सबै केटाहरु केटीहरुलाई जिस्क्याउने ठट्टा गर्ने, हँसाउने आदि रमाइलो गर्दै रात टाइरहेका थिए । कहिले कांही हाँसो सिद्धिएर सुनसान हुंदा शिवको एउटा कुनातिरबाट ाडोले दाडी हल्लंदा दाँत ठोक्किएको ट्याक.... ट्याक र सी.... सी... गरेको आवाज ाउँथ्यो । विचरा शिव रातभर काँप्दै थरर .... र हल्लिदै एक छेउमा रात विताउँछ । सलाई कसैले पनि मन पराउँदैनथे । किनभने ऊ मैलो झुत्रो कपडा, भुङ्लुङ्ग खुम्रिएको पाल आदि इत्यादि भएकोले । उज्यालो भएपछि शिव एक्लै घर आएछ त्यो कसैलाई ाहा भएन कि ऊ कति वेला हामीलाई छोड्यो । त्यो दिन दुलाहा दुलही पुगेपछि ागभेटको कार्यक्रम भयो अनि सांझ हामी सबै संगै दुलाहाको घर फर्क्यौं र आफ्नो-ाफ्नो घरमा लाग्यौं ।

अरु साथीहरुलाई भन्दा शिवले मलाई अली मन पराउँथ्यो किनभने म उसलाई सको गरिवी र दु:खको वारेमा सान्त्वना दिदै सम्झाउँथे । उसले यताउता हिड्दा मेरो ात गर्ने गर्दथ्यो ।

दिन महिना वित्दै गयो । हाम्रो चाडहरुमा पर्ने एक विशेष चाड फागु पूर्णिमा नजिकै ाएको थियो । यो चाडमा हाम्रो गाउँमा ३ दिने मेला लाग्छ । यो मेलामा सबै गाउँलेहरु लीजुली पैसा संकलन गरेर जाँड रक्सीव नाई ३ दिनसम्म नै झ्याउरे नाच नाच्ने तथा नेक रमाइलो कार्यक्रमहरु गर्ने गर्दछन् । मेलाको तेश्रो दिन भएकोले सबै जाँड रक्सीले ट्ठ परेका थिए । म भने विशेष कारणवस छिटै नै घर आइसकेको थिएं । नाच लिरहेको थियो । शिव पनि त्यही नै थियो । जीवनले उषालाई नदेख्ने गरी ठट्यौला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनाले सानोसानो ढङ्गाले हानीरहेको थियो । एक पटक त उषाको शरीरको पछाडी पट्टि भागमा जोडले लागेछ अनि उषाले फर्केर हेर्दा शिव पछाडि भएकोले उसलाई शंका गरेर आफ्नो चप्पल उठाई शिवको गालामा चड्कन दिइन् संयोग वस शिवको दाहिने आंखाको केही तल भागमा नराम्रो गरी चोट लाग्यो । शिवले "मैले हैन .... मैले हैन भन्दै आफ्नो घाउलाई दायाँ हातको हत्केलाले छोप्न पुग्छ तर रगत हल्हल्ती वग्दै कुहिनोवाट तुरुर...र चुहिँदै थियो । तर पनि उषाले शिवलाई अझ गाली गरिरहेकी थिइन् । सवैले उल्टो शिवलाई गाली गरिरहेका थिए । विचरा शिवको पक्षमा बोल्ने कोही पनि थिएन । शिवको मुखवाट आवाज निक्लदै थियो "मैले हैन हजुर" मलाई यो आरोप नलगाउनुहोस् । शिवको आंखावाट आंशु खसिरहेका थिए । रगत उही पाराले नै वगिरहेका थिए । जीवनलाई शिवको त्यो घटना देखेर माया नपलाएको त हैन तर आफूले हानेको हो भन्ने शव्द निकाल्ने हो भने अर्को ववाल हुने हुनाले चुप लागिरहेको हुन्छ । शिवको घाउलाई हस्पीटलमा टांका लगाएर सन्चो पनि लगभग भैसकेको थियो । एकदिन जीवनले आफूले उषालाई ठट्यौली पनाले हानेको तर शिवले त्यसको यातना भोगेको सवै कुरा वताउँछ । उषाले आश्चर्य मान्दै जीवनलाई गाली गर्छिन् तर शिवको चोटको वारेमा कुनै पश्चाताप गर्दिनन् । उषाको हातवाट विना गल्ती यातना भोगीसकेपछि शिवले गरिवको पक्षमा वोल्ने कोही हुँदैन भन्ने मनसाय बोकेर मनोरञ्जन देखि केही टाढा र सिरीयस पनि भएको थियो । कसैसंग धेरै पनि बोल्दैन थियो ।

दिनहरु वितिरहेको थियो । स्याङ्जाको कृष्ण गण्डकी गा.वि.स.को बलाम भन्ने ठाउँमा हङकङ आर्मीको भर्ती गल्ला आएको जानकारी पत्र हाम्रो गा.वि.स.मा पनि आएको थियो । हाम्रो गाउँवाट शिव, म लगायत १८ जना युवाहरु भर्तीको लागि त्यहाँ पुग्यौं । हामी मध्ये शिव, म र अर्को एकजना साथी सेलेक्ट भयौं र एक महिना पछि पोखरा जाने गेटपास पनि त्यही पायौं ।एक महिना पछि हामी पोखरा गयौं । पोखरामा ए.आर.ओ. सिलेक्ट भएपछि म र अर्को एक जना साथी रनिङ्गमा फालियौं तर शिव भने पास भयो र भर्ति पनि । मैले शिवलाई ३०००।- रुपैयाँ आउने बेलामा छोडेर आएं ।

भगवानले ढिलै भएपनि दुःख देख्छन् भन्दा जस्तै शिवको भर्ती भएं भन्ने पत्र गाउँमा आइपुग्छ । गाउँमा सवै छक्क र आश्चर्य चकित हुन्छन् यो कुरा उषाको कानमा पनि पुग्छ । मगरहरुको आयश्रोतको मूल आधार र मान्यता लाहुरेहरुमा छ त्यसैले होला उषाले शिव माथि गरेको नराम्रो व्यवहारलाई पश्चाताप गर्दै अनेक कल्पनाहरु गर्न थालिन् । उता शिव भने भर्ती भएपछि अव हङकङ जाने तरखारमा हुन्छ । शिव लगायत भर्ती हुने साथीहरु १०५ जना हुन्छन् । भोलि जाने भन्ने दिन साँझ सवै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथीहरुले आफ्नो बुबा, आमाहरु बोलाएर रमाइलो मोज मनाइरहेका हुन्छन्, तर शिवको भने बुबा पनि नभएको केवल आमा मात्र त्यो पनि गरिव, त्यसैले उसले आमालाई बोलाएको हुँदैन तर भोजमा संलग्न भएपनि उसलाई एकलै टोलाइरहनु परेको थियो । त्यो देखेर पोखरा नै घर भएको भू.पू. सैनिक विकास गुरूङ्गले सोध्न पुग्छन् । तिमीले आमा बुबा बोलाएनौं शिव ? शिव चुप रहिरहेको हुन्छ । किन नबोलेको ? फूर्सद नभएर होला भनि फेरि अर्को शब्द बोल्छ । तर शिव केही बोल्न नसकी आँशु खसाल्दै भन्छ ... मेरो बुबा हुनुहुन्न, म गरीव छु, घरमा आमा बहिनी इत्यादि सबै कुरा बताउँछ । सुवेदार विकासले हामी पनि आमा बुबा सरह नै हौं शिव पिर मान्नु पर्दैन आदि भन्दै सम्झाउँछ । भोलि पल्ट सबैलाई आफ्नो अभिभावकहरुले राता टीका फूल लगाइदिन्छन् अनि शिवलाई पनि सुवेदार विकास गुरूङ्गका दम्पत्तीले रातो टीका लगाइदिएर विदाई गर्छन् सबै जहाजबाट हङकङतर्फ लाग्छन् सबैका गह भरी आंशु देखिन्थ्यो ।

शिवको पोखरा सुवेदार विकास गुरूङ्ग घरमा आमालाई र मसंग बराबर चिट्ठी चलिरहन्थयो । करिव शिव भर्ती भएको २ वर्ष भइसकेको थियो । यता उषा भने अनेक कल्पनामा डुविसकेकी हुन्छिन् । शिवको बहिनीसंग ठेगाना मागेर उषा शिवलाई चिट्ठी लेखेर पठाउँथिइन् शिव भने प्रेषक उषा भन्ने चिट्ठी पाउने वित्तिकै नखोलीकनै च्यातेर फालिदिन्थ्यो । उषाले १०-१५ वटा चिट्ठी पठाइसकेकी थिइन्, तर उत्तर भने एक पनि पाउन सकेकी थिइनन् । तर पनि शिवलाई गरेको घृणाको पश्चाताप र माया भने उषाको हृदयमा भिजिरहेको थियो ।

भर्ती भएको ३ वर्ष पश्चात शिव ६ महिनाको छुट्टी लिएर घर आयो । हिजो-आज गाउँमा निकै हल्ला थियो । शिवले २४ लाख रुपैयां लिएर आयो रे । कोही गाउले शिवलाई विचरा पहिले साह्रै दु:ख पायो अहिले बल्ल पलायो भन्थे भने कोही २४ लाख .... भन्दै जिब्रो तान्थे । तर उषा भने केवल आंफ्नै कल्पनामा डुविरहन्थिन् । उषा आज भोलि निकै गंभीर देखिन्थिइन् । उनी आफ्नै वारेमा सोंचिरहन्थिन् शिव छुट्टी आएको थाहा पाएपछि उनी भेट्न चाहन्थिन् । शिवसंग आफूले गरेको गल्तीहरुको माफ माग्न चाहन्थिन् शिवसंगसबै कुरा रुदै बताउन चाहन्थिन् । उफ्.....तर शिवले स्वीकार गर्दैन यस्तै अनेक कुराहरु उषा सधैं एकानतमा कल्पना गरिरहन्थिन् ।

शिव एक दिन कतै जान हिंडेको बेला उषासंग जम्का भेट भयो । उषा एकनासले मुहार कालो निलो बनाउन थालिन् तर बोल्न सकिनन् । शिव आफ्नो बाटो सरासर गयो । उषा घरमा आई सम्झदै रोइन् । त्यस्तै शिवसंग ३/४ पटक भेट भएको थियो । उषा मनमनै भन्थिन् अहिले त पक्कै बोल्छु सबै कुरो बताउँछु तर भेटमा बोल्ने आँट गरे पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उषाको मुखबाट शब्द नै निस्कदैनथ्यो केवल उषाको मुहारमा रातो कालो र गहभरी आंशु मात्र देखिन्थ्यो ।

शिवले पहिले नै घरमा केही पैसा पठाएर आफ्नो झुप्रो घरलाई धेरै हेर्ने लायकको बनाइसकेको थियो अहिले अरु गाउँलेहरु भन्दा केही कम थिएन । शिव भर्ती भएको १ वर्षभित्र नै धेरै परिवर्तन आइसकेको थियो ।

शिव घरमा आएको पनि १५, २० दिन भैसकेको थियो उसले पोखरा सुवेदार विकास गुरूङ्गलाई भेट्न शिव र मसंगै हिड्यौं । शिवलाई सुवेदार विकास गुरूङ्गले धेरै सहयोग गरेको थियो । शिवलाई हङकङमा जाने वेलामा सुवेदार विकास गुरूङ्गले केही पैसा पनि दिएको थियो । त्यो गुन शिवले जीवनमा विर्सने वाला थिएन । हामी दुवै पोखरा तर्फ लाग्यौं । त्यो दिन साँझ ५ बजेतिर सु. विकास गुरूङ्गको घर पुग्यौं उसको घर धेरै वन्दोबस्तको थियो । शिवलाई देख्ने वित्तिकै सु. विकास गुरूङ्ग निकै खुशी भए । त्यो रात बडो रमाइलो संग गफ गर्दै खाना खाई सकेपछि आराम गरियो । भोलिपल्ट विहान चिया खाईसकेपछि सु. विकासले आफ्नी छोरी प्रतिभाको विवाह शिवसंग गरिदिने प्रस्ताव राखे । प्रतिमाले पी.एन. क्याम्पसमा वि.ए. दोश्रो वर्षमा पढ्दै थिइन् । शिवले सु. विकासको प्रस्ताव अस्विकार गर्न सकेन किनकि भर्ति भई हङकङ जाने वेलामा विकासले गरेको गुन सम्झने वित्तिकै स्वीकारको इशारा दियो शिवले प्रतिभाले पनि शिवसंग विवाह गर्ने कुरा खुशीसाथ स्वीकार गरिन् ।

शिवले विवाह केही दिन पछि गर्ने कुरा राखेको थियो तर विकास गुरूङ्ग प्रतिमालाई अहिले नै संगै पठाउने निर्णय गरेपछि शिवको केही शीप लागेन । विवाहको तैयारी भै नै रहेको थियो । शिवको गाउँ नजिकै बजारमा फोन थियो मैले पोखराबाट हामी १८ गते दुलही लिएर आउने कुरा शिवको घरमा पठाएं । गाउँमा पनि शिव वेहुली लिएर आउने भन्ने निकै होहलला चलिरहेको थियो । हामीले एक हप्ता पोखरा विताएपछि १७ गते शिव र प्रतिभाको विवाह, प्रतिमाका आमा बुवाले धुमधामका साथ गरिदिए । १८ गते विहान खाना खाए पछि १० बजे तिर हामी एउटा जीपमा घरतिर लाग्यौं जिपको वन्दोवस्त सवै प्रतिभाको बुवाले नै गर्नु भएको थियो । जिपमा शिव, प्रतिमा, म र ड्राइभर मात्र थियौं । ड्राइभरले हेण्डील कहिले दायाँ , कहिले बायाँ मोड्दै गाडी आफ्नो रफ्तारमा दौडाइरहेको थियो । शिव र म कहिले काहीं गफ गर्थ्यौं कहिले प्रतिमालाई जिस्काउथ्यो शिवले । यस्तै करिव ३ घण्टामा हामी स्याङ्जा वालिङमा आइपुगिएछ त्यहाँ केही वेर गाडी रोकियो । कुन्नी ! गाडी के भएछ ? ह चिया खान थाल्यौं । ड्राइभरले जाने संकेत गरेपछि फेरि हामी गाडीमा बस्यौं । ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिलो भनदा केही हाँकिरहेको थियो। यस्तै करिव ५ घण्टापछि गाडी रिडी बजार देखी केही पर जहाँ हामी पुल तरेर घर जानु पर्थ्यो त्यहीं पुग्यो। त्यहां पञ्च बाजा सहित हामीलाई लिन गाउँबाट आएका रहेछन्। हामीले जिप ड्राइभरलाई पनि हामीसंग जाने कर गर्‍यौं तर उसले मानेन। ऊ पुन: पोखरा नै फर्क्यो हामी पंच बाजाका साथ घर आइपुग्दा दुलही हेर्न र भोजगर्नेहरुको तमाम भीड लाइरहेको थियो जहाँ उषा पनि एक टकले दुलही हो वा दुलाहा हेरिरहेकीथिइन्। केही क्षणमै दुलही भित्र्याइयो। उषा एक छेउमा बसेर कुन्नी के-के सोंचिरहेकी थिइन्। शिव र प्रतिमाको जोडी देख्ने वित्तिकै उषाको मुटु छिया-छिया भैसकेको थियो। उनले मनमनै स्वयंलाई नै गाली गरिरहेकी थिइन्। थुइक्क .... तैले त्यति प्रस्ताव गर्न पनि आँट गर्न सकिन्स फेरि सोच्थिन् हुन त शिवले मलाई माफ दिन सक्ने थिएन किन भने म शिवलाई जीवन भरि नै नभूल्ने चोट दिएकी छु। वास्तवमा तँ मूर्ख होस् उषा तँ पापी होस् तेरो मन नपग्लने ढुङ्गा जस्तो हो "सुख, दु:ख, जन्म, मृत्यु भिन्नता त केवल दृष्टिको मात्रै हो। तैले शिवको लागि पौष, माघको जाडोमा एउटा पछ्यौरा ओढाउन सकिन्स, बरु ओडेको पछ्यौरा पनि खोसिस त्यै पनि जुम्रोको डरले। तैले शिवको मैलो लुगा र खुम्रिएको कपाललाई घृणा गरिस्, शिवको लुगा मैलो भए पनि मन त मैलो थिएन होला। तैंले यति पनि सोंच्न सकिनस् ऊ मानव हो उसले एक दिन केही न केहीगर्छ। यति पनि सोंचिनस् " सानो ठूलो हुन्छ, ठूलो बुढो हुन्छ, धनी, गरीव हुन सक्छ र गरीव धनी पनि हुन सक्छ। त्यति मात्र कहाँ हो र ? तैंले शिवलाई विना गल्ती समाजको अगाडि थप्पड हानेकी छेस् अनेक किसिमले भिकारी, फोहोरी भन्दै गाली पनि गरेकी छेस्, कसरी दिओस् त विचरा शिवले तलाई माफ। शिवको त के कुरा ? यस्तो अवस्थामा भगवानले पनि तलाई माफ दिनेथेन एक अनेक कुराहरु मनमा खेलाउदै आंखाबाट आंशु झारिन्। शिवसंग एक पल्ट भेट गर्ने मन गरेकी थिइन् उषाले। तर के सोंचेर आफू बसेको ठाउँबाट जुरुक्क उठेर अधेरो रातमा एक्लै घरतिर लागिन्। घरमा पुगेपछि बत्ती बालेर कापी कलम झिकेर लेख्न थालिन् अनि एउटा रसी लिएर आफू सुत्ने कोठाको दलीनमा बाँधिन र घाँटीमा पासो लगाएर सधैको लागि यो धर्ती छोड्नि।

शिवले हिजोको काम सकेर राति २ बजेतिर मात्र सुतेको थियो म भने धेरै दिन घर छोडेको हुनाले घरै आइ सुतें। विहान सबै गाउँमा होहल्ला चलेको थियो उषाले आत्महत्या गरिन्। म पनि हतार-हतार त्यहाँ पुगें। त्यहाँ रुवावासी चलेको थियो। उषाको मृत शरीरलाई डोरीबाट निकाली सकिएको थियो। केही क्षणमै शिव पनि त्यहां पुग्यो। सबैले उषाको मृत शरीरलाई हेरिरहेका थिए। किन आत्महत्या गरिन् भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नको उत्तरमा उषाले आफू सुत्ने खाटमा एउटा चिट्ठी लेखेर राखेकी थिइन् । चिट्ठी निकालेर सबैले पढिसकेपछि शिवलाई हेर्ने गर्दथे । चिट्ठीमा लेखिएको थियो ।

मेरो हृदयको राजा शिव !

अन्तिम घडीका लाखौं लाख सम्भनाहरु ।

शिव तपाईलाई मैले राम्ररी चिन्न सकिन । शुरुमा तपाईलाई घृणाको दृष्टिले हेरें मैले केही सहयोग गर्न सकिन बरु कसैले दिएको सहयोगको अधिकार पनि खोसें, तपाईको विना गल्तीमा पनि सजाय दिएर ठूलो चोट पुऱ्याएं तै पनि मलाई शत्रु नै सम्भे पनि माफ दिनुस् ल !

शिव तपाई जब विदेशिनु भो मैले तपाईमाथि गरेका अपराधहरुको पल-पल याद आउथ्यो । तपाई माथि माया पलाएर आउथ्यो । मैले तपाईलाई धेरै चिट्ठीहरु पठाएं तर उत्तर भने पाउन सकिन । मैले सोंचेकी थिएं मैले मागेको माफ स्वीकार्नु हुनेछ । मेरो माया स्वीकार्नु हुनेछ मलाई न्यानो मायाले अंगाल्नु हुनेछ अनि अन्तयमा हामी दुई दाम्पत्य जीवनमा बाँधिने छौं तर आज त्यसको ठिक विपरित भयो । जे होस् तपाईको दाम्पत्य जीवन सफल होस् ।

शिव यो जुनिमा तपाईलाई यो मूर्ख घमण्डीले अनेक यातनाहरु दियो । अर्को जुनिमा यो यता होइन केवल मायाको सौगातहरु बर्साउने छ । यो जुनिमा तपाईको हुन नसकेपनि अर्को जुनिमा पक्कै तपाईको हुने बाचा गर्छु । म बाँचेर पनि केही फाइदा छैन । म अब तपाईको हुन सक्दिन तपाई विना बाँच्न पनि सक्दिन त्यसैले अहिले म जादैछु अर्को जुनिमा तपाईलाई घृणा होइन मायाको अंगालो लिएर जन्मने छु जे भए पनि मैले गरेको कु-कार्यहरुलाई माफ दिनुहोस् ..... ।

उही मूर्ख उषा ।

उषाको मृत शरीरलाई अब घाटतिर लैजाने तरखर थियो सबै घाटतिर जान जम्मा भैसकेका थिए । केही छिनमै अगाडि- अगाडि शंख बजाउदै पछाडि- उषाको मृत शरीरलाई घाटमा पुऱ्याइयो । केही वेरमै चिता बनाएर त्यसमाथि उषाको मृत शरीर राखियो अनि आगो लगाउन शुरु भयो । आगो विस्तारै- विस्तारै बलिरहेको थियो । उषाको हात खुट्टाहरु टुक्रदै भरिरहेका थिए । उषाको मृत शरीर खरानीमा परिणत हुदै थियो । सबै मलामीहरु आ-आफ्नो गफमा थिए तर म भने "सोंचिरहेको थिएं सम्भीरहेको थिएं देखिरहेको थिएं, विवाहको जाडो रात शिवलाई लागेको चोट, कुहिनोबाट तुरकिएको रगत उषाको चिट्ठी र मृत शरीर ..... ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्व.वि.यू. गतिविधि

सचिवः ठाकुर नेपालबाट

२०५३।११।१४ गते विधिवत् रुपमा निर्वाचित यस स्वतन्त्र विद्यार्थी यूनियनले आफ्नो सम्पूर्ण परीश्रम र पसिना यस रूरू संस्कृत विद्यापीठलाई अर्पण गरेको कुरा संहस्र जानकारी गराउँदछु । यस स्वतन्त्र विद्यार्थी यूनियन जसरी थुप्रै समस्याको विरोधमा लड्ने बाँचा गर्दै फिल्डमा उत्रिएको थियो तद् अनुरुप हामीले हाम्रो कार्यकालमा थुप्रै कार्यहरु गऱ्यौं भने कति कार्यहरु बाँकी नै छन् । यहाँ केही एक दुई उल्लेखनीय कार्यहरु उल्लेख गराउन चाहन्छु ।

१. विद्यापीठडमा खाने पानीको व्यवस्था गराएको ।
२. छात्र छात्राहरुको लागि उचित र व्यवस्थित छात्रवास (२) बनाउन लगाइएको ।
३. यस विद्यापीठमा संचार माध्यमको लागि टेलिफोन लाइन जडान गराइएको ।
४. विद्यापीठ भवन अधुरो अवस्थमा रहेकोमा पूरा गर्न जोडदार दवाव दिई सो कार्य पूरा गराएको ।
५. यस विद्यापीठमा रहेका खाली दरवन्दीमा प्राध्यापक कर्मचारी पूरा गर्नु पर्ने माग राखी केही पद पूरा गराएको र बाँकीपद पूरा गराउने पहल गरिएको ।
६. विद्यापीठ परिवारको समस्यालाई बुझेर क्याम्पसमा सुलभ क्यान्टिनको व्यवस्था गराइएको ।
७. अनिवार्य रुपमा वर्षको एकचोटी शैक्षिक भ्रमणको आयोजना गराइएको ।
८. साहित्य संस्कृत र बैछिक विकासका कार्यहरुलाई अगाडि बढाएको ।
९. विद्यापीठमा 'ऐ' 'ख' वर्णको रुपमा गणित विषय उपलब्ध गराइएको ।
१०. समयानुकूल छात्रबृत्तिमा बृद्धि गर्न उपकूलपति ज्यू समक्ष मागराखिएको आदि कार्यहरु हुंदाहु.दै पनि थुप्रै समस्याहरु अझै हाम्रो सामु छन् । ती समस्यालाई समाधान गर्न हामी हर बखत लागेको कुरा जानकारी गराउदै कलम बन्द ।

अहिले भर्खर हामीवाट थालनि भएको "रुरु सन्देश" प्रत्रिका प्रकाशनार्थ आर्थिक रुपवाट सहयोग गर्ने प्राध्यापक गुरु, कर्मचारी गुरुहरु र महेन्द्र संस्कृत विश्वविद्यालयलाई कृतज्ञता ब्यक्त गर्दै यहाँ नामपनि उल्लेख गर्न चाहन्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सि.नं.	व्यक्ति/संस्था	रकम
१.	महेन्द्र संस्कृत विश्वविद्यालय	रु.१२,०००।००
२.	प्राचार्य श्री श्रीराम सापकोटा	रु. १००१।००
३.	उप. प्राध्यापक श्री मुरलीमोहन वास्तोला	रु. ३०५।२५
४.	उप. प्राध्यापक श्री दुर्गा प्र. घिमिरे	रु. ३०५।२५
५	.उप. प्राध्यापक श्री भरतमणी सुवेदी	रु ३०५।२५
६.	उप. प्राध्यापक श्री ललितकान्त झा	रु ३०५।२५
७.	उप. प्राध्यापक श्री नवराज पाण्डेय	रु. ३०५।२५
८.	उप. प्राध्यापक श्री गोपीराज खनाल	रु. ३०५।२५
९.	उप. प्राध्यापक श्री केशवमणी घिमिरे	रु. ३०५।२५
१०.	उप. प्राध्यापक श्री वीरेन्द्र कुमार	रु. ३०५।२५
११.	उप. प्राध्यापक श्री शम्भुराज गौतम	रु. ३०५।२५
१२.	सहायक प्राध्यापक श्री धनश्याम भण्डारी	रु. ३०५।२५
१३.	सहायक प्राध्यापक श्री शुसिल कुमार आचार्य	रु. ३०५।२५
१४.	सहायक प्राध्यापक श्री धनश्याम पोखरेल	रु. ३०५।२५
१५.	सहायक प्राध्यापक श्री विजय कुमार चौधरी	रु. ३०५।२५
१६.	सहायक प्राध्यापक श्री केशव प्रपन्नाचार्य	रु. ३०५।२५
१७.	सहायक प्राध्यापक श्री नारायण प्र. सापकोटा	रु. ३०५।२५
१८.	प्रशिक्षक श्री श्याम कुमार सुवेदी	रु. ३०५।२५
१९.	सहायक प्रशासक श्री नारायण कुमार आचार्य	रु. ३००।००
२०.	लेखा अधिकृत श्री प्रकाश आचार्य	रु. ३००।००
२१.	लालमणी पौडेल	रु. २००।००
२२.	हे.अ.मान व. सूर्यवंशी	रु. २००।००
२३.	टाइपिष्ट शम्भु प्र. कोइराला	रु. १५०।००
२४.	स.ले.पा. भास्करमणी खनाल	रु. १५०।००
२५.	अ.स्टोर किपर मोती लाल घर्ती मगर	रु. १५०।००
२६.	वुक चेकर कौशल्या गौतम	रु. १००।००
२७.	वुक वाइण्डर रेखा घिमिरे	रु. १००।००
२८.	चौकिदार कृष्ण व. भुषाल	रु. ५०।००
२९.	चौकिदार कृष्ण प्रसाद पोखेल	रु. ५०।००
३०.	पियन लक्ष्मण घिमिरे	रु. ५०।००
३१.	पियन कपिल ज्ञवाली	रु. ५०।००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुरु सन्देश

(प्रथम अंक)



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu